९६०२

वैष्णव-सम्प्रदाय र नारायण-मन्दिर



कुलचन्द्र कोइराला

২/ন. ৭৬০৩

नै. १६०३

कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान प्रकाशनमाला–४

वैष्णव-सम्प्रदाय र नारायण मन्दिर

लेखकः
कुलचन्द्र कोइराला

सम्पादकः
मोहनप्रसाद खनाल

प्रकाशकः
कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान– २०५०
भीमसेनगोला बानेश्वर, काठमाडौं, नेपाल ।

सर्वाधिकारः प्रकाशकमा सुरक्षित

संस्करणः पहिलो
प्रकाशन मितिः २०५१ साल असार ३ गते

संख्या १००१ प्रति

Acc. 29586
21967

मूल्यः रू. ३५।-

मुद्रकः– प्रतिवोध प्रिन्टिङ्ग प्रेस
बानेश्वर, काठमाडौं ।

दुई शब्द: कुलचन्द्र कोइरालाज्यूको साँस्कृतिक देनबारे

सर्वप्रथमत: मैले यो भन्नै पर्छ कि कुलचन्द्र कोइरालाज्यूसँग मेरो व्यक्तिगत परिचय, भेटघाट कहिल्यै भएन। अब उहाँ यस संसारमा हुनु हुन्न। त्यसैले मैले उहाँलाई भेटघाट गर्ने भन्ने त सम्भव नै भएन। तर वहाँको कृतिबाट मैले वहाँलाई जति जानें, जति चिनें, उहाँको लेखहरूबाट जति आत्मीयता बढाएँ, त्यो आजीवन मेरो हृदयमा ताजा रहने छ।

म नेपाली इतिहास र संस्कृतिको एक विद्यार्थी, एक जिज्ञासु छात्र भएकोले गोरखापत्रमा छापिएका चाडपर्व सम्बन्धी उहाँका लेखहरू पढ्दथें। आज २३ वर्ष देखिको संस्कृतिको अध्यापन कार्यमा लागेकोले कुनै पनि लेख पढ्ने बित्तिकै कति खँदिलो छ, कति गहिरो छ वा कति खोक्रो छ भन्ने छुट्याउन मलाई धेरै समय लाग्दैन। हाल प्रकाशित संस्कृति विषयक लेखहरूलाई म दुई किसिमले हेर्ने गर्छु : एकथरी लेखहरू छन्– उडे जस्ता। पक्षीले उडेर विशाल नदी त तर्छ तर त्यो नदीको गहिराइ उसलाई थाहा हुँदैन।

अर्कोथरी लेखहरू छन् भित्री तहसम्म छिचोलिएका, नदीभित्रका जलचर प्राणी र माछा पौडिंदा जस्तै। यस हिसाबले मैले कुलचन्द्रज्यूका लेखहरूलाई सधैं दोस्रो श्रेणीमा राखेको छु।

आजभन्दा ६६ वर्ष अगाडि सिन्धुलीको धोक्सिलामा जन्मनु भएका स्व. कोइरालाले पूर्व २ नं को क्रान्तिको इतिहास लेखेर सिन्धुली, रामेछाप र दोलखा जिल्लाको क्रान्तिकालीन भूमिकालाई प्रकाशित पारिदिनु भएको छ।

तत्कालीन राजनैतिक र सामाजिक कुरीतिको विरूद्ध क्रान्तिको बिगुल फुक्ने एक सिपाही, महात्मा गान्धीको दर्शनबाट प्रभावित एक सामाजिक कार्यकर्ता, एक राष्ट्रभक्तको रूपमा स्व. कोइरालाको स्थान नेपालको इतिहासमा अमर रहने छ।

उहाँका कविताहरूको संगालो **कुलचन्द्र कोइरालाका कविताहरू** (२०५०) ले उहाँको कवित्वको परिचय मात्र दिएका छैनन्, वहाँको प्रजातन्त्रप्रतिको आकांक्षा र मोहलाई प्रकट समेत गराएका छन्। वहाँले भनेजस्तो प्रजातन्त्र यस देशले अनुभव गर्ला नै। उहाँको कथा संग्रह **एक पैसा** (२०४६) मा संग्रहित कथाहरूले एकातिर नेपाली पहाडी जीवनको ज्वलन्त चित्र उतार्छन् भने अर्कोतिर उहाँको समाज सुधारक विचारको अभिव्यक्ति। **यात्रा लामाबगरको** (२०५०) एक यात्रा संस्मरण मात्र नभएर नेपाली समाजको सजीव चित्रण भएको एक पठन, मनन र संग्रहणीय ग्रन्थ हो।

नेपालको सांस्कृतिक परम्परा र राजमुकुट (२०४४) Hindu Polity को एक अमूल्य ग्रन्थको रूपमा लिन सकिन्छ। आफ्ना विद्यार्थीहरूलाई पनि मैले प्राचीन भारतीय राजतन्त्र बुझ्न यो पुस्तक पढ्न सल्लाह दिन्थे, दिँदैछु र दिनेछु पनि।

उहाँको **इन्द्रजात्रा** (२०४२) अति विस्तृत छ, शास्त्रसम्मत छ। शास्त्रीय पक्ष, लौकिक पक्षको साथै अन्य धेरै जात्रा, चाड पर्वको विस्तृत वर्णन सहित तस्वीरहरू, ध्वजाका यन्त्र, कलश, बज्र, कमल, खड्ग, घण्ट, ध्वज, शङ्ख, विभिन्न अभिलेखहरू छपाइदिएर तथा इन्द्रजात्रामा कुमारीलाई चढाउने अष्टमङ्गलाकार रोटीहरूको समेत तस्वीर प्रकाशित गरिदिएर उहाँले इतिहास र संस्कृतिको विद्यार्थीहरूलाई ठूलो गुन लगाउनु भएको छ। मानव शरीर त नश्वर हो, नाश भएर जान्छ नै तर उसले छोडेका कृतिहरूले आउँदा हजारौं वर्षसम्म पनि लेखकलाई अमर बनाइ रहन्छ।

स्व. कुलचन्द्रज्यूको सुपुत्र जीवनचन्द्र कोइरालासँग मेरो परिचय केन्द्रीय इतिहास शिक्षण विभागका उप-प्राध्यापक मेरा मित्र विष्णु सापकोटा मार्फत हालसालै भएको हो। सुयोग्य विद्वान् बाबुको छोरा श्री जीवनचन्द्रले आफ्नो स्वर्गीय पिताजीले बढो परिश्रमसाथ अध्ययन, मनन र अनुसन्धान गरी तयार गर्नुभएका तर प्रकाशित हुन नपाएका अनुसन्धानमूलक अमूल्य ग्रन्थ : "वैष्णव सम्प्रदाय र नारायण मन्दिर" प्रकाशन गर्ने प्रयासलाई साधुवाद दिँदै यस सम्बन्धमा दुई शब्द लेख्ने धृष्टता गर्दैछु।

उपरोक्त ग्रन्थका तीन पृथक शीर्षकका लेखहरू साना आकार प्रकारका भए पनि गुण र रसले परिपूर्ण छन् । औषधी सानो हुन्छ तर यसले ठूला ठूला रोग पनि निको पार्छ । अमृतको एक थोपाले पनि मानवलाई अमर बनाउँछ। यस्तै छन् उपरोक्त ग्रन्थ । यसका प्रत्येक पदमा, वाक्यमा, अनुच्छेद, परिच्छेदमा गहन इतिहास, संस्कृति र तत्कालीन सामाजिक, धार्मिक पृष्ठभूमिले भरिएको छ । यसको रसास्वादन नगरी नेपाली संस्कृतिको माधुर्य कसैलाई थाहा हुँदैन । स्व. कुलचन्द्रज्यूका यी ग्रन्थ आफैं नेपाली इतिहास, संस्कृति, धर्म, कला र वस्तुकलाका इतिहास हुन् ।

यी हरफका लेखकलाई पनि श्री चाँगुनारायणको मूर्तिकलामा रूची भएकोले केही वर्षदेखि चाँगुनारायण चोकको प्रस्तर, धातु, काष्ठकलाको अध्ययन गरिरहेको हुँदा कुलचन्द्रज्यूका केही वाक्यसँग सहमत हुन सकिन । उदाहरणार्थ चाँगुनारायण मन्दिरको तल्लो तलाको ६ X ४ = २४ टुँडालहरूलाई उहाँले विष्णुका २४ अवतारहरू भन्नु भएको छ । यही कुरा केही पूर्ववर्ती लेखकहरूले पनि लेखेका छन् । यो भूल सधैं दोहरिनु राम्रो होइन भन्ने मनमा लागेकोले र पछि संस्कृति र मूर्तिकलाका पाठकहरूले पनि थाहा पाउन् भनी यो सच्याउने धृष्टता गरेको हुँ । विद्वान् लेखकको खण्डन-मडन गर्न खोजेको होइन । तल्लो तलाका २४ टुँडालहरू मध्ये १० वटा दशावतार विष्णुको, एउटा मधुकैट भारी विष्णुको, आफ्ना-आफ्ना दिशामा इन्द्र, वरूण, यम, कुवेर, पवन, इशान शिव, वन्हीशिव, मञ्जुश्री वोधिसत्व, विष्णुको विश्वरूप, त्रैलोक्य मोहन विष्णु, वैकुण्ठ ब्रह्मा र हरिहर पितामहका हुन् । यी २४ टुँडालहरू कसरी राखिएका छन्, तिनको क्रम, ध्यान र त्यो क्रम कुन शिल्पशास्त्रबाट लिइएको हो; यी माथिका ४ X ४ = १६ टुँडालहरू के के हुन् म पछि एक छुट्टै लेखमा विवेचना गर्ने छु ।

त्यस्तै एक दुई पौराणिक आख्यानमा पनि फरक पाएँ । त्यो कुनै ठूलो कुरा होइन । त्यस्ता आख्यान उपाख्यानहरू श्रुति परम्पराबाट सर्दै जाँदा कुनै ठाउँमा त्यही आख्यान कुनै रूपमा लिइन्छ सुनिन्छ भने अन्त अर्कै तरिकाबाट । यस्ता कुराहरू यहाँ कोट्याइरहनु आवश्यक छैन । राजहंशले दूध मात्र लिएर पिए जस्तै विद्वान् पाठकहरूले रस लिनु हुनेछ नै ।

वहाँका यी अमूल्य सांस्कृतिक अनुसन्धानमूलक कृतिलाई ठूलो आर्थिक भार वहन गरी प्रकाशन गर्ने अग्रसर श्री कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठानका सबै सदस्यहरू धन्यवादका पात्र हुनुहुन्छ । म संस्कृतिको प्राध्यापक भएको नाताले आजको र भोलिको नेपाली समाजमा यो कृति कति उपयोगी हुनेछ

भन्ने सहजै अनुमान गर्दछु र यहाँहरूलाई आश्वाशन पनि दिन चाहन्छु कि यो कृति नेपाली इतिहास, संस्कृति र पुरातत्व विषयमा अध्ययन सामाग्रीको रूपमा राखिने छ । प्रकाशनको पूनीत कार्यको लागि यहाँहरूलाई पुन: धन्यवाद टक्र्याउँछु ।

डा० मुकुन्दराज अर्याल
प्राध्यापक
केन्द्रीय नेपाली इतिहास, संस्कृति र पुरातत्व शिक्षण विभाग
श्री त्रि. वि. वि.; कीर्तिपुर
२०५१/२/२४

सम्पादकीय : दुई शब्द

विष्णु रूप परम पुरुषको कल्पना सुदूर युगका दार्शनिक विचारहरूको गम्भीर एवम् अर्थपूर्ण चिन्तनको तात्त्विक सार थियो । विश्वको समष्टि रूप नै विष्णुमय देख्ने वैदिक आचार्यहरुद्वारा प्रतिपादित रचनाभिन्न सर्वशक्तिमान ईश्वरीय सत्ताको जुन चमत्कारपूर्ण लिला विद्यमान् छ त्यसैबाट प्रेरित ज्ञानी जनका मनमा परम विष्णुको अलौविक स्वरूप अविर्भाव हुन पुग्यो ।

वैदिक साहित्यमा सर्वव्यापी र सर्वशक्तिमानको रूपमा विष्णुको चर्चा पाइन्छ । त्रिविक्रम रूपमा रूप विष्णुको जुन वर्णन वेदमा छ त्यो अत्यन्त व्यापक र सर्वश्रेष्ठ छ । विष्णु नै तीन शाश्वत मूलका विन्दू हुन । भूत; वर्तमान र भविष्य, द्यौ, अन्तरिक्ष र पृथ्वी आदि मध्य र अन्त्य । यी त्रिगुणात्मक समस्त तत्व नै विष्णुका सर्वोत्तम प्रतीक छन् । विश्व रचनाको मौलिक स्वरूप नै सत्य हो । सत्यको आडमा पृथ्वी अडेको छ । सत्यबाट नै सूर्य दीप्तिमान् छन् । सत्य नै सृष्टिको मूल तत्व हो र सत्य नै सर्वत्र व्याप्त छ । त्यसैले पौराणिक दर्शनमा सत्य नै विष्णु हुन् र विष्णु नै सत्य हो को उद्घोष गरिएको हो । यसरी एकातर्फ विष्णु धर्मको दार्शनिक पक्षको महानतालाई प्रष्ट्याइएको छ भने अर्कोतर्फ विष्णुका अनेक रूप र अवतारहरुका रोमाञ्चकारी गाथा गाइएको छ । परन्तु एउटै, उस्तै र उही भए पनि यसको कला र सांस्कृतिक पक्षमा भने स्थानीय र क्षेत्रीय विभेदहरु देखा परेका छन् । जसको छुट्टा-छुट्टै इतिहास छ र शृङ्खलाबद्ध परम्परा छ । यसैलाई दृष्टिगत गरी श्रद्धेय स्वर्गीय श्री कुलचन्द्र कोइरालाज्यूले नेपालमा वैष्णव धर्मको प्रवेश र त्यसको विविध पक्षको विकास क्रमलाई सरल र सहज भाषामा अत्यन्त सावधानीका साथ प्रतिपादन गर्नु भएको छ ।

यो ग्रन्थ नेपालका सम्पूर्ण वैष्णव पीठ एवम् तीर्थका बारेमा खोज गरी विवेचनात्मक कृतिका रूपमा प्रस्तुत गर्ने लक्ष लिएर स्व. कोइरालाज्यूले शुरू गर्नु

भएको थियो । तर विधिको विडम्बना, केवल तीन अध्याय सक्दा नसक्दा नै उहाँको असामयिक निधन भयो । तर पनि नेपालमा वैष्णव धर्मको प्रवेश र वैष्णव सम्प्रदायका तीन प्रसिद्ध पीठ बारे लेखिएको यो ग्रन्थको केवल नामबाट मात्र यसको अन्तरङ्गको मूल्याङ्कन र पहिचान हुन सक्तैन । किनकी ग्रन्थकर्ता केवल नेपालका वैष्णव धर्म र पीठका बारेमा मात्र सीमित हुनु भएको छैन । यहाँको पूजा, पर्व, सांस्कृतिक परम्परा, कला र वास्तुकलाका विषयमा पनि उहाँको अध्ययन अत्यन्त प्रखर देखिन्छ ।

यस्ता विद्वान्का विषयमा मैले केही लेख्नु भन्दा पनि नेपालका शिव, शक्ति र वैष्णव धर्म एवम् पीठका बारेमा गहन खोज र अध्ययन गरी यसप्रकारका अमूल्य ग्रन्थहरू देश र समाजलाई दिनु हुने शारदाका वरद-पुत्र स्वर्गीय कुलचन्द्र कोइरालाद्वारा लिखित यो ग्रन्थ उहाँप्रति नै समर्पण गर्न आग्रह गर्दछु ।

त्वदीयम् वस्तु गोविन्द
तुभ्यमेव समर्पये ।

मोहनप्रसाद खनाल
बानेश्वर, भिमसेनगोला ३४
२०५१।२।२८

प्रकाशकीय

नेपाली साहित्यका विविध विधा, धर्म-दर्शन र नेपालको संस्कृति विषयमा लेखन तथा अनुसन्धान मार्फत सुपरिचित स्व. कुलचन्द्र कोइरालाज्यूको अरू परिचय दिइरहनु पर्दैन। संस्कृति विषयक उहाँको अर्को कृति **वैष्णव सम्प्रदाय र नारायण मन्दिर** प्रकाशन गर्न पाउँदा "कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान" गर्व अनुभव गर्दछ।

स्व. कुलचन्द्रज्यूद्वारा लिखित यस ग्रन्थमा नेपालमा वैष्णव धर्मको प्रवेश, विकास, सांस्कृतिक मान्यता एवम् परम्परा र यस सम्प्रदाय अन्तर्गतका मठमन्दिरहरूको अनुसन्धानपूर्ण विश्लेषण गरिएको छ। आफ्ना कार्यहरूलाई पूर्णता दिने उहाँका प्रयासहरू जीवनको अन्तिम अवस्थाको अस्वस्थताले अपूरा रहे। यही नियति यस कृतिले पनि बेहोर्नु पर्‍यो। उहाँ हामीसँगबाट विदा हुनुभयो। तथापि यस कृतिले संस्कृति र पुरातत्वका अर्का अन्वेषक श्री मोहनप्रसाद खनालज्यूको सद्भावपूर्ण मेहनत पायो। उहाँको सम्पादनले पुस्तकाकारमा प्रस्तुत गर्ने अवसर हामीले पायौं।

नेपालको सबैभन्दा पुरानो मन्दिर-चाँगु नारायण, मूर्तिकलाको दृष्टि-कोणले उत्कृष्टहरू मध्ये गनिएको मूर्ति-बूढानिलकण्ठ र नेपालबाट हराएको भनिएको मूर्ति-शेषनारायण सम्बन्धमा अनुसन्धानात्मक विश्लेशण अनि ती मन्दिरसँग सम्बन्धित जात्रा, पर्व, गुठी व्यवस्था एवम् वैष्णवहरूको संस्कृति र परम्पराको बारेमा विवेचनात्मक अध्ययन प्रस्तुत यस कृतिले नेपाली संस्कृति एवम् इतिहासका अन्वेषक, पाठकहरूलाई यथेष्ठ सामग्री उपलब्ध गराउने छ भन्ने हामीले विश्वास लिएका छौं।

अन्तमा, यस कृतिको प्रसङ्गमा कुलचन्द्रज्यूको सांस्कृतिक देनबारे मन्तव्यका शब्दहरू लेखिदिनु हुने प्राध्यापक डा. मुकुन्दराज अर्याल

सम्पादन गर्नु हुने यस प्रतिष्ठानका उपाध्यक्ष एवम् अनुसन्धाता श्री मोहनप्रसाद खनालज्यूमा प्रतिष्ठानको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु । प्रुफ रिडिङ गर्ने भाइ पुरुषोत्तम घिताल तथा मुद्रण गर्ने प्रतिबोध प्रिन्टिङ प्रेस पनि धन्यवादका पात्र छन् ।

डा० सुरेशराज शर्मा
अध्यक्ष
कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान
२०५०

जेठ २१, २०५१
काठमाडौं

ाद
डः
य-

विषय–सूची

१. नेपालमा वैष्णव धर्मको प्रवेश र चाँगुनारायण १–५८

ऐतिहासिक पृष्ठभूमि १, विष्णु र वासुदेव ४, पाञ्चरात्र या भागवत ५ शुङ्ग, कण्व र सातवाहन ८, नेपालमा वैष्णव धर्म र लिच्छवि ९, चाँगुनारायण-सम्वन्धी पौराणिक कथा र किम्वदन्ती १२, हिमवत्खण्डको कथा १४, ऐतिहासिक विशेषता १५, चाँगुनारायणको साँस्कृतिक पक्ष १६, विशेष पूजाका केही परम्पराहरू १७, ऐतिहासिक परम्परा १८, भँडेलको पालो, केही विशेष परम्पराहरू, दश अवतारको परम्परा १९, चाँगुनारायणका साँस्कृतिक पर्वहरू, २१ रथयात्रा २१, वार्षिक पर्व पूजाहरू २५, चाँगुनारायणको मन्दिर र वास्तुकला ४४, टुँडाल र कुँशलहरू ४९, ऐतिहासिक गरुडध्वज ५२, चाँगुनारायणको मन्दिर निर्माण र जीर्णोद्धार ५३, टिप्पणीहरू ५६ ।

२. नेपालमा वैष्णव धर्म र श्री जलशायी नारायण–५९–९४

भौगोलिक स्थिति ५९, ऐतिहासिक विवरण ६०, नारायणको मान्यता र मूर्ति निर्माण ६१, नारायणसम्वन्धी शास्त्रीयपक्ष ६६, विष्णु वासुदेव तथा नारायणको तादात्म्य ६९, भारतमा पाइने विष्णु मूर्तिहरू ७५, नेपालमा वैष्णव धर्म र मूर्तिको इतिहास ७६, बूढानीलकण्ठ(जलशायी नारायण)७९, ऐतिहासिक विवेचना ८०, बूढानीलकण्ठको प्रतीकार्थ वा मूल नामको व्याख्या ८३, बूढानीलकण्ठसम्वन्धी अन्य धारणा ८६, मूर्तिसम्बन्धी केही चित्रण विवरण ८७, जलशयन नारायणका साँस्कृतिक पर्वहरू ८८, पाद टिप्पणीहरू ८९ ।

३. शिखर नारायण–९५–१०८

इतिहास ९५, शिखरनारायणका विविध नाम र रूप ९९, मन्दिर र मूर्तिहरू १०२, पर्व र जात्राहरू १०२, शेषनारायण मन्दिरको वर्तमान कालिक विवरण १०३, शिखरनारायणका विशेष पर्वहरू १०४, खानगी १०४, शिखरनारायण फर्पिङ साविक जगाको लगत १०४, जगाको आमदानी जिन्सी, नगदी १०५, खर्चको तेरिज १०५, पाद टिप्पणीहरू १०६, ।

४. परिशिष्ट १०८, ।

नेपालमा वैष्णव धर्मको प्रवेश
र
श्री चाँगु नारायण

ऐतिहासिक पृष्ठभूमिः-

नेपालको धार्मिक र सांस्कृतिक धरातलको अन्वेषण गर्दा छिमेकी देश भारतको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक परिवेशको सम-सामयिक अध्ययनको आवश्यकता पर्दछ। वैष्णव सम्प्रदायको प्रादूर्भावको समय इतिहाँसकारहरूले बुद्धको उदयपछि राखेका छन्। वैदिक सनातन धर्ममा यज्ञयागादिको जटिलता थपिंदै गएपछि सर्वसाधारणले यज्ञ गरेर धर्म कमाउन नसक्ने अवस्था पर्‍यो। साथै अनार्य जातिको बाहुल्य भएको क्षेत्रमा आर्यहरू पसेर शासन गर्न लागेपछि आर्य र अनार्य जातिको सम्मिश्रणले अनेक प्रजाति जन्मन लागेकोले रक्त शुद्ध राख्ने प्रयत्नमा जातिवादका कडा कानून (धर्मशास्त्र) को जन्म भयो। यज्ञमा अनेकौं पशुहिंसा र जातिवादको कडा नियमले गर्दा सर्वसाधारण जनता त्रसित र आकूल थिए। यद्यपि आर्य अनार्य संघर्षमा लाखौं वीर युवा गुमाउनु पर्दा र असंख्य मानवजातिको संहारले गर्दा आर्य ऋषि महर्षिहरू हिंसा देखि विरक्त भए। वैदिक साहित्य भित्र रहेका गूढ तत्वहरूको अन्वेषणमा लागेका थिए र तत्त्व चिन्तनको सार उपनिषद् साहित्यको निर्माण तथा पठन पाठन पनि प्रशस्त हुन लागेको थियो। तथापि पुरातनकालदेखि चल्दै आएको र पुर्खाहरूले मान्यता दिएको वैदिक यज्ञवादको कडा विरोध भने उपनिषद् साहित्यले गर्न सकेन।

आफ्नो अन्वेषण र तर्कद्वारा सहि कुरा यो हो भन्ने सम्म देखाएर भने– "यज्ञदेखि बाहेक हिंसा गर्नु अधर्म हो।" यतिजे मात्र यज्ञकोवैदिक संहिता

कालदेखि चल्दै आएको परम्परा र विश्वासको भावना रोकिने स्थिति थिएन। सम्पूर्ण उपनिषद् दर्शनको निचोड झिकेर गीता दर्शनको उपदेश गर्ने योगेश्वर कृष्णले पनि प्रत्यक्ष रुपमा यज्ञवादको विरोध गर्न सकेनन्।

यसपछि घोर हिंसा र जातिवादको कट्टर विरोधमा भगवान् महावीर र भगवान् बुद्ध निस्के। ब्राह्मणहरूको रक्त शुद्धि राख्ने प्रयत्नमा खडा भएको जातिवाद र हिंसापरक यज्ञको कडा विरोध गर्दै महात्मा बुद्धले नयाँ धर्मको प्रचारको निम्ति बुद्ध संघ नै खडा गरे।

बुद्धले वेदलाई पनि स्वीकार गरेनन्। वेदलाई मान्यता दिएको भए उनको दर्शन पनि उपनिषद दर्शनकै हाराहारीमा मात्र उभिने थियो र समाजको निम्ति श्रेयस्कर हुन सक्ने थिएन। साथै जातिवादको विरोध पनि शिथिल हुने थियो।

अनार्यबहुल क्षेत्र, कोशल र मगधलाई न बुद्ध र महावीरले आफ्नो कार्यक्षेत्र बनाए। बुद्धको प्रभाव विस्तारै फैलिएर त्यसबेलाको वैदिक धर्मको विशेष मान्यता रहेको कुरु पांचाल (कान्यकुब्ज) आदि क्षेत्र पनि ढाक्न पुगेकोले ब्राह्मणवादीहरू सतर्क थिए। यज्ञयागादि बन्द जस्तै भए र जातिवादको कठोरता पनि सीमित हुँदै गयो।

यसै बेलाभन्दा अगाडि नै भारतको पश्चिमी क्षेत्र गुजरात मथुरामा बस्ने सात्वत (यदुवंशी) वंशीहरुले अहिंसापरक सात्वत धर्म (कृष्णलाई नै इश्वरको रुपमा मान्ने) को प्रचार प्रसार गर्न थालेका थिए। चतुर्व्यूहकृष्णा, संकर्षण, प्रद्युम्न, अनिरुद्ध, यी चार मूर्तिहरू चारदेवताको रूपमा उपास्य थिए।

बुद्ध भन्दा अगाडि नै यसधर्मको जन्म भएता पनि यसले व्यापकता पाउन सकेको थिएन। आफ्नो क्षेत्रमा आस्था र मान्यता पाए पनि यसका समर्थकहरूले घुमिघुमी प्रचार प्रसार गर्ने दायित्त्व लिएनन्। यज्ञविधालाई प्रमुखता दिने ब्राह्मणको पनि एउटै देवतालाई प्रमुखता दिने र यज्ञ यागादिलाई छाडेर मूर्ति पूजा गर्ने उपक्रमतिर लागेका थिएनन्।

धार्मिक विषयको ऐतिहासिक विश्लेषण गर्ने रामकृष्ण भण्डारकर धारणामा यो चतुर्व्यूह– वासुदेव, संकर्षण, प्रद्युम्न, अनिरुद्ध भन्दा अगाडि केवल वासुदेव र संकर्षण मात्रै उपास्य थिए। त्यस्तै उपनिषद्हरूको सार रुपमा प्रस्तुत गीतामा पनि चातुर्व्यूहरूपका उपासना सम्बन्धी संकेत पाँइदैन[1]।

राजपूताना घोसुन्डीमा पाइएको एक अभिलेखमा संकर्षण र वासुदेवको उपासना मण्डपको चारै तिरको भित्ति निर्माण सम्बन्धी अभिलेखको लिपिद्वारा ई. पू. २०० को भन्ने र वेस नगर भन्ने ठाउँमा होलियोदोर (यूनानी राजदूत) ले देवदेव वासुदेवको सम्मानमा गरुडध्वज खडागरेको अभिलेखलाई पनि ई. पू. दोस्रो शतीको सुरुको भन्ने उल्लेख गरेका छन्। होलियोदोरले आफूलाई "भागवत" भनेकोले ई. पू. दोस्रो शतीभन्दा अगाडिदेखि नै वासुदेव सम्प्रदायको विदेशीहरूलाई पनि प्रभाव पार्ने रूपमा विकास भइसकेको थाहा पाइन्छ।

यस्तै ई. पू. पाचौं शतीपूर्वका व्याकरणकार पाणिनिले अष्टाध्यायीमा वासुदेव शब्दको व्याख्या गर्दै ई. पू. दोश्रो शतीका माहाभाष्यकार भगवान् पतञ्जलिले "तत्र भवतः पूजाह", आदि शब्दद्वारा परमात्मा पूज्य भन्ने अर्थ व्यक्त गरेका छन्[2]।

वैदिक सनातन धर्म अन्तर्गतका देवताहरूमा विष्णु, ऋग्वेदकालिक विशिष्ट शक्तियुक्त देवताको रूपमा देखिन्छन् तापनि सम्प्रदाय धर्मको रूपमा विष्णु वा नारायणलाई मात्र मुख्य मानेर एउटै देवताको उपासना गरिने परिपाटी चलेको थिएन र यो कुनवेला देखि सम्प्रदाय धर्मको रूपमा विकसित भयो, त्यो निश्चय गर्न पनि सकिदैन। त्यस्तै विष्णुको नारायण रुपको वर्णन, मनुस्मृति तथा महाभारत आदिमा पाइन्छ र "नारा" भनेको जल, त्यसलाई घर बनाएर बस्ने भन्ने अर्थमा नारायणलाई सम्पूर्ण देवको रूपमा महाभारत र पुराण साहित्यले वर्णन गरेका छन्[3]।

वेद संहितामा प्राचीन मानिएको ऋग्वेदको मंत्रमा भनिएको छ, 'दिव (आकाश) भन्दा पर, पृथ्वी भन्दा पर' विद्यमान देवताहरू भन्दा पनि पर रहेको त्यो कुन गर्भ हो, जसमा सम्पूर्ण देवताहरू छन्; जसले पहिले जल धारण गर्‍यो, जलले सर्व प्रथम त्यही गर्भको धारण गर्‍यो, जसमा समस्त देवताहरू रहन्छन्; त्यो आजको नाभिमा कुनै यस्तो वस्तु रहेको छ, जसभित्र समस्त भुवन रहेको छ[4]।

उपर्युक्त मन्त्रको अर्थबाट जलमा रहेको हिरण्यय गर्भ (ब्रह्माण्ड) रुप नारायण छन् र उनको नाभिबाट उत्पन्न कमलमाथि सम्पूर्ण सृष्टिकर्ता ब्रह्मा जन्मन्छन्। गर्भ, जसमा सम्पूर्ण नर (वैदिक अर्थमा देवता पनि) रहेका छन। अर्थात् विराट् रूप परमेश्वर नै नारायण हुन् भन्ने वैदिक मन्त्रको भावनानुरुप पुराण साहित्यले व्याख्या गरेको पाइन्छ।

पुराण साहित्य भन्दा अगाडिका ब्राह्मण ग्रन्थ शतपथ ब्राह्मणमा पुरुषरुप नारायणलाई विहान, दिउसो र सांझमा हवन गर्ने विधान पाइन्छ भने नारायणले आफूलाई समस्त लोक, सम्पूर्ण देवता, वेद सम्पूर्ण प्राणरुपमा प्रतिष्ठित गरे भन्ने उक्ति प्रकट गरेकोले, सम्पूर्णमा व्यापक परमेश्वरको रुपमा मान्यता पाएको थाहा हुन्छ[5]। त्यस्तै शतपथ ब्राह्मणको मन्त्रमा पुरूषरुप नारायणले समस्त विश्वमा श्रेष्ठता प्राप्त गर्न तथा समस्त भूतरुप (पञ्चमहाभूत) प्राप्त गर्न पाञ्चरात्रसत्र (पांचदिन चल्ने यज्ञ) गरेको वर्णन पाइन्छ[6]।

यिनै वेदले इङ्गित गरेको कुरालाई वेदपछि बनेका ब्राह्मण ग्रन्थमा विशेष व्याख्या गरेको पाइन्छ भने महाभारतमा प्रलयको वर्णन गर्दा जलै जल भएको वेलामा एउटा बरको पातमा रहेका वटु कृष्णरुपले मार्कण्डेय ऋषिलाई निलेर विश्वरुपको दर्शन गराएको र फेरि उकेलेर पुनः पानीमा पौडी खेल्न वाध्य गरेको र पुनः स्वासले निलेर चौध भुवन देखाएको कथा वर्णित छ। पछि मार्कण्डेयले तपाई को हुनुहुन्छ? भन्ने प्रश्न गर्दा पहिले मैले पानीलाई "नारा" भन्ने नाम दिएँ, यही जल मेरो अयन (आश्रय, घर) हुँदा मलाई नारायण भन्दछन् भन्ने उक्तिका साथै मार्कण्डेयले युधिष्ठिरलाई भन्दछन्- "तपाईका सम्वन्धी जनार्दन नै नारायण हुन्"[7]।

माहाभारत शान्ति पर्व नारायणी खण्डमा यिनै नारायणको र वासुदेव कृष्णको तादत्म्य रहेको नर नारायण सम्वन्धी कथा पाइन्छ। नारायणी खण्डको पहिलो अध्यायमा धर्मका पुत्र भएर विश्वात्मा नारायण, चारमूर्ति नर, नारायण, हरि एवं कृष्णाको रुपमा अवतरित भएको र नरनारायण वदरीका आश्रममा तपस्या गर्न गएको वर्णन छ। वामन पुराण(अ. ६) मा पनि उक्त कुराकै वर्णन गरिएको छ।

बावु धर्म र आमा अहिंसा भनेर प्रतीकार्थ वर्णन गरिएकोले वैदिक यज्ञ वादमा गरिने पशुहिंसाको विरुद्ध अहिंसात्मक वैष्णव धर्मको प्रादुर्भाव भएको कुरा इङ्गित हुन्छ।

विष्णु र वासुदेव

विष्णु वैदिक देवता तथा १२ आदित्य मध्येका एक हुन्। मन्त्रद्वारा त्रिविक्रम विष्णु आफ्नो तेजोमय तीन पाउले तीनैलोक ढाक्दछन्, उनको दुइ पाउ देख्न सकिन्छ परन्तु तेस्रो पाउ पशुपंक्षीहरूको उडान भन्दा पनि माथि छ, जहाँ विष्णुको परम पद छ, मधुको उत्स (छहरा) छ जहाँ देवगण सदा आनन्द पाउँछन् इत्यादि वर्णन भएको पाइन्छ[8]।

ब्राह्मण कालमा आएर विष्णु झन महत्वशाली हुन्छन् । वैदिककालमा परम देवका रुपमा रहेका अग्नि होचिन्छन् र विष्णु सर्वोच्च देवताको रुपमा प्रतिष्ठित हुन्छन्[9] । तथा शतपथ ब्राह्मणको कथनानुसार यज्ञको अन्त प्राप्त गरेको कारणले विष्णु समस्त देवतामा श्रेष्ट कहलाउँछन्[10] । यसै ग्रन्थको अर्को शक्तिमा वामन रुप विष्णुले वाउन्ने रुप फुलाएर समस्त पृथ्वी ढाकिदिएकोले शर्तमा हारेका असुरहरुले पृथ्वी देवतालाई छाडिदिनु परेको कथाको वर्णन छ[11] ।

यसपछि महाभारत कालमा (शान्तिपर्व अ. ४३) मा युधिष्ठिरद्वारा कृष्णको स्तुति गरिंदा विष्णु भनिएको छ भने पौराणिक साहित्यमा आएर विष्णु सर्वव्यापी, सर्वेश्वर, प्रभु परमात्माको रुपमा एकाधिपत्य प्राप्त गर्दछन् ।

यसरी वैदिक कालका विष्णु, ब्राह्मणकालका नारायण, उपनिषद् (क० ३- ६) का परमोच्च स्थानमा वस्ने विष्णु, र महाभारतकालका वासुदेव कृष्णको एकात्मकतापछि वासुदेव सम्प्रदायको जन्म हुन्छ । यो सम्प्रदाय सात्वत वृषणिहरुमा चलिरहेको वेलामा नै बुद्ध महावीरको जन्म हुन्छ ।

यज्ञमा हुने भयङ्कर पशु हिंसा, जातिवादको कटुता, ब्राह्मणहरुको लोभ लालचा र घमण्डलाई कुठाराघात गर्दै, आफ्नो धार्मिक दर्शनको व्यापक प्रचार प्रसारमा लागेका बुद्धको आचरण, भिक्षु जीवनको आदर्शमय, नियम, अपरिग्रह, अहिंसा आदि दशशीलको पालना साथै चार आर्यसत्य, अष्टाङ्गिक मार्ग, आदिको उपदेशले रुढीगत विकृतिलाई पन्छाइदिन्छ । बुद्धका शेषपछि अशोक आदि सम्राट्हरुको छत्र छायाँ पाएर झन् झन् व्यापकता पाउँछ र वैदिक कार्य निस्तेज अवस्थामा पुग्दछ ।

यज्ञयागादिको समाप्तीपछि धर्मको शिथिल अवस्था देखेर निस्तेज भएका वैदिक धर्मका अनुयायीहरुले बुद्धधर्मको मुकाविला गर्ने धर्मको रुपमा वासुदेव सम्प्रदायलाई स्वीकार गरेको तथा विष्णु, नारायण, कृष्ण, आदि विविध नाउले सम्बोधित भएको पाइन्छ ।

पाञ्चरात्र या भागवत्

हिन्दूहरुको धार्मिक परम्परामा एकातिर वैदिक संहितापछि संहिताको व्याख्या रुपमा ब्राह्मण ग्रन्थहरुको निर्माण भएका थिए भने संहितामा बीज रुपमा रहेको अर्को पक्षको उद्‌घाटन गर्दै उपनिषद् तथा आरण्यक ग्रन्थहरु वनेका थिए । यस वाहेक आगम साहित्यका नाउँले सम्प्रदाय धर्मको विशेषता

बखान गर्न ग्रन्थहरू पनि निर्माण भए। पौराणिक पाराका कथाले युक्त, तन्त्र-मन्त्र, उपासना पद्धतिका विभिन्न विद्याहरूको संगालोका रुपमा आगम तथा संहिता शास्त्रहरू पाइन्छन्। यस्तै ग्रन्थको सिलसिलामा वैष्णव सम्प्रदायको महत्त्वलाई व्याख्या गर्ने पञ्चरात्रागम पनि हो। यस्तै वासुदेव सम्प्रदायको चतुर्व्यूह (वासुदेव, संकर्षण, प्रद्युम्न, अनिरुद्ध) रुप भगवान्को उपासनाको महत्त्वलाई उजागर गर्ने सात्त्वत संहिता, पुरस्कार संहिता, परम संहिता आदि ग्रन्थबाट ब्रह्मसूत्रको भाष्यमा श्री रामानुजले उद्धरण दिएको कुरा डा. भण्डारकरले उल्लेख गरेका छन्। यस्तै सनत कुमार संहिता, अहिर्बुध्न्यसंहितालाई पनि वैष्णव धर्म समर्थक संहिता भनेर मानिन्छ।

वैष्णव धर्मको अनुशीलन कर्ता डा. भण्डारकरका विचारमा प्राचीन पाञ्चरात्र मन्त्रको अनुसार गीता दर्शनले जुन कुरा व्यक्त गर्दछ, तदनुसार वर्तमानमा प्राप्त पांचरात्रमत प्रतिपादन गर्ने संहिता छैनन्। अर्थात् पाञ्चरात्रमा चतुर्व्यूह वासुदेवको उपासनाको जुनक्रम विहित छ, त्यो कुरा गीतामा पाइँदैन। पाञ्चरात्रमत ई. पू. तृतीय शतकमा विकसित भइसकेको थियो भन्ने पनि भण्डारकरजीको कथन छ[12]।

वर्तमानमा प्रकाशित पाञ्चरात्र संहितामा 'ज्ञानमृतसार' नामक एउटा संहिता छ, त्यसमा बालकृष्णको चरितगान गरिएको छ। प्राचीन वैष्णवमत, वासुदेव सम्प्रदायमा कृष्णको बाललीला (गोकुलका विविध चरित्रहरू) पाइँदैन। यसकारण कृष्णको बाललीला बखान गर्ने हरिवंश तेस्रो शति र ज्ञानामृत चतुर्थ शतितिरको हुनुपर्छ भन्ने र ज्ञानामृतमा राधा कृष्णको महिमा गान र गोलोक धाम आदिको वर्णन भएकोले अर्वाचीन साहित्य हो भन्ने कुरा पनि डा० भण्डारकरले व्यक्त गरेका छन्[13]।

आगम संहिता, महाभारत र केही प्राचीन पुराणहरूको व्याख्याले वैष्णव धर्म विषयक उपासना बारेमा निर्देशन गरेता पनि प्रमाणिक रुपमा ईशाको पहिलो शतिपछि लगभग चारशय वर्षसम्म पुरातात्त्विक सामग्री उपलब्ध छैनन्। चतुर्थसतकपछिका चन्द्र गुप्त द्वितीय, कुमार गुप्त, स्कन्द गुप्त राजाहरूको मुद्रामा परम भागवत उल्लेख भएको कुरा डा० भण्डारकर उल्लेख गर्दछन्। परन्तु ऐतिहासिक विकासको प्रवाहलाई समीक्षा गरेर हेर्‍यौं भने बुद्ध धर्मको जन्म नहुँदै पश्चिम भारतमा जन्मेको वासुदेव सम्प्रदाय बौद्ध धर्मको यौवनावस्थामा फस्टाउन नसकेता पनि वैदिक धर्मका पक्षपातीहरूले बौद्धहरूको प्रतिस्पर्धामा यसलाई अँगालेपछि यसले प्रशस्त विकास गरेको अनुमान गर्न सकिन्छ।

वौद्ध धर्मले निर्वीय वनाएको मौर्यवंशलाई समाप्त गरेर सत्तामा आएको शुङ्गवंशले वैदिक धर्मको पुनरुत्थानमा प्रशस्त योगदान गऱ्यो। साथै यज्ञवाद र कर्मकाण्डमा विविध पक्षलाई जगाउने प्रयत्न गरेता पनि वौद्ध धर्मको मुकाविलामा खडाहुने नवीन धर्मको सिर्जना गरेर सर्वसाधरणले पनि सरल तरिकासँग अपनाउने, वैदिक पक्षसँग पनि सम्वन्ध नटुट्ने वाटो निर्माण गर्नु पर्ने आवश्यकता थियो। वैदिक आर्यहरुले त्यति महत्त्व नदिएको मूर्तिपूजाको परम्परा पनि सर्वसाधरणहरुमा चलेकै थियो। झन् वैष्णव सम्प्रदायको जन्म र उपनिषद्पछिको "एकोऽहँ वहुस्याम:" भन्ने वैदिक मन्त्रको तत्वको व्याख्याले धेरै देवताको एउटै रुप मानेपछि एउटा धेरै हुन सक्ने उक्तिले अवतारवादको पनि जन्म भयो।

विभिन्न अवतारको मूर्तिकल्पना, मन्दिरको स्थापना एवं अनेकौं देवतालाई छाडेर एउटै देवताको उपासना गर्ने सम्प्रदाय वादी धर्मको विकासमा अधिकांश जनताले सहयोग दिए।

बुद्धको दार्शनिक विचार र केवल प्रतीकोपासनाले मात्र जनता सन्तुष्ट हुन सकेन। आपनो सुख:दुखमा आडभरोसाको निम्ति कसैको आश्रम चाहन्थ्यो। कसैलाई आफ्नो दु:ख पुकारा सुनाएर, केही मागेर केही पाउनें आशामा जिउन चाहने मानवको अभिलाषालाई तृप्ति एवं सन्तोष दिन अनेकौं सुन्दर मूर्तिको निर्माण भयो र सुन्दर मन्दिर पनि बने। मन्दिरमा पूजा आजा, शंख घण्टको निनाद, आरती, वन्दना, स्तुतिपाठको भव्यताले सर्व साधारण जनता प्रशस्त नै आकर्षित भयो।

अब देवताको महत्त्व दर्शाउने कथा, स्तोत्र, सेवाद्वारा फलप्राप्ति भएको उपाख्यानले जनमानसलाई आकर्षण गर्न नयाँ नयाँ पुराणहरू बने। पुराना पुराणहरू परिवर्तन र परिवर्धन, संशोधन गरिए।

यस प्रयत्नमा पुरानको प्राचीनता र ऐतिहासिकता समाप्त प्राय: भयो। परन्तु, वैदिक धर्मको यो नयाँ उत्कर्षले वहुसंख्यक जनतालाई आकर्षित गर्न सकेकोमा, र पौराणिक नयाँ धर्मले वैदिक मान्यता राखेर नै समाजलाई संतुष्टि दिन सकेकोमा नै प्राचीन मनीषीहरुले सन्तोष माने।

आर्य धर्मावलम्वीहरुको यो नयाँ उत्कर्ष पट्टि नै जनता डोरिएको देखेर वौद्धहरूलाई पनि आफ्नो अस्तित्वको लागि नयाँ दिशातिर शोच्न बाध्य तुल्यायो। जसको प्रतिफल महानको जन्म र बुद्धको मूर्ति निर्माणलाई मान्न सकिन्छ।

बुद्धको समय र त्यसपछि पनि बिभिन्न दर्शनका अनुगामी र विविध देवताको उपासना गर्ने जमातको कमी थिएन। यस्ता व्यक्ति र समाजलाई बुद्धले मिथ्यागामीको संज्ञा दिएका छन्। निद्देश (निर्देश) भन्ने पालि साहित्यमा यस्तै देवता र सम्प्रदायको निन्दा गरेको छ। किन्तु दोस्रो शतितिर नै बुद्ध चरितका प्रतीक सेतो हात्ती, बोधी वृक्ष, चैत्य आदिको पूजा गरेर बौद्धहरूले मनलाई शान्ति दिन थालेका थिए र पहिलो शतिपूर्व तिर त मूर्तिपूजा नै शुरू भयो। यसको लागि शिवका पञ्चमुख कै परिकल्पनामा बुद्धको पनि पांच ध्यानी बुद्धको अवतरण भयो।

शुङ्ग, कण्व र सातवाहन

भारत वर्षमा आफूलाई ब्राह्मण कुल भन्ने शुङ्गवंशले उत्तरी भारतमा शासन गरेकै बेलातिर आन्ध्रामा सातवाहन राजवंशको उदय भयो। यो वंश पनि ब्राह्मण नै भएकोले वैदिक धर्मको नयाँ रुप पौराणिक धर्मको उत्थानमा ठूलो योगदान गर्‍यो। यसैकारणले होला सातवाहन राजाहरूको पुराण प्रशस्तै उल्लेख भएको पाइन्छ। पुराणहरूको निर्माण र संशोधन, अनेकन स्मृति शास्त्रको संकलन र संवर्धन, ठूला ठूला आगम संहिताको निर्माणका साथै काव्य नाटक, वास्तुकला र मूर्तिकलाको विकास पनि यस बेला भएको देखिन्छ।

मगधमा शुङ्ग वंशलाई समाप्त गरेर कण्ववंशको उदय हुँदा पनि धार्मिक विकासमा अवरोध भएन किनभने कण्व वंशी पनि आफूलाई ब्राह्मण नै भन्दथे।

यसै बेलातिर व्याकरणका वार्तिक र महाभाष्य लेखिए र अन्य दर्शनको उदयका साथै वृत्ति, व्याख्या, भाष्यहरू लेखेर संस्कृत साहित्यलाई संमृद्ध तुल्याइयो।

शुङ्ग सातवाहनकालको यो अभ्युत्थानले पालि भाषामा प्रवचन गर्ने र ग्रन्थ लेखिने परम्परालाई पनि समाप्त गर्‍यो। महायानका साहित्यहरु संस्कृतमानै लेखिए। जैन सम्प्रदायको अर्धमागधी भाषाको ठाउँ पनि संस्कृत पर्क्दै गयो।

यो धार्मिक उत्कर्षकालको व्यापक प्रभाव, दक्षिण पश्चिम भारतमा पनि पर्‍यो भने, उत्तर भारतका क्षेत्रहरू बच्ने ठाउँनै रहेन। यसकारण बुद्ध धर्मका पक्षपाती, गणतन्त्रमा बढी विश्वास राख्ने लिच्छवि जातिको साहित्यिक भाषा संस्कृत भयो भने, धर्म पनि बौद्धधर्मको सट्टा वैदिक सनातन धर्म नै भएको थाहा हुन्छ।

नेपालमा वैष्णव धर्म र लिच्छवि

भगवान् बुद्धको समयमा नै अजात शत्रुको आग्रमणले ध्वस्त भएको वैशाली गणतन्त्र मगध साम्राज्यको अंगकै रुपमा बराबर रह्यो । शिशुनाग, नन्द, मौर्यवंशका पछि पनि शुङ्गवंशीको प्रभुत्वभित्र नै वैशाली रह्यो । सातवाहनको आक्रमणले कण्ववंशको विनाश पछि शायद लिच्छविहरू स्वतन्त्र भए हुनन् । त्यसपछि पनि कुषाणहरूको विद्धंशकारी आक्रमणको चपेटामा परेपछि आफ्नो स्वतन्त्र अस्तित्त्व राख्न पहाडी क्षेत्रमा उक्लेको अनुमान गर्न सकिन्छ ।

नेपालमा प्राप्त वंशावली र द्वितीय जयदेवको पशुपतिको शिलालेखबाट लिच्छवि वंशको केही राजाहरूको नाउँमा प्रकाश पर्छ । पालि साहित्यबाट ई पू. आठौंशतीदेखि वैशालीमा शासन गर्ने राजाको नाउँको चर्चा पाइन्छ भने, वाल्मीकि रामायणमा विश्वामित्रले जनकपुर आउँदा श्रीराम चन्द्रलाई विशाल नामक सूर्यवंशी राजाले बसाएको वैशाली नगरबारे चर्चा गरेको पाइन्छ । विश्वामित्रले विशालको वंश वर्णन गर्दै तत्कालीन राजा सुमतीको आतिथ्यमा वस्ने इच्छा प्रकट गरेका र वासवसेका छन्[14] ।

नेपालमा प्राप्त प्राचीन वंशावलीमा लिच्छवि वंशको जति नाउँहरू प्रस्तुत गरेको छ त्यो रामायणसंग सुमतिका बाजेसम्म मिल्दछ । त्यसपछि २/३ राजा पछि राजा निमिको नाउँ आउँछ जसले नेपालका किरात राजालाई जितेर आफ्नो वंश चलाएको कुरा उल्लेख छ[15] ।

नेपालका लिच्छवि वंशका एक प्रसिद्ध राजा जयदेव द्वितीयले सम्वत् १५७ (शक ५५५+१३५=६९० वि. सं.) को पशुपति शिलालेखमा राजा दशरथका ८ पुस्ता पछि राजा लिच्छवि भए र उनपछि १२ राजा छाडेर श्री सुपुष्प र उनी पछि २३ राजा छाडेर विजयी राजा जयदेव प्रथमको नाउँ उल्लेख भएको छ[16] ।

आठौ शती ई. पू. लिच्छविको उल्लेख पालि साहित्यमा पाइन्छ र लिच्छवि भन्दा ३५ राजा पछि प्रथम जयदेव राजा पर्दछन् । प्रत्येक राजालाई २० वर्षको समय दिदा ई. पू. पहिलो शती र एउटालाई २५ वर्षको समय दिएमा ईशाको पहिलो शतीको अन्त्यतिर जयदेवको समय पर्दछ ।

कुषाण नरेश कनिष्कको आक्रमण काशी, कोशल, मगधमा भएको पनि यसैबेला भएको हो र यदि शक सम्वत् कनिष्कद्वारा नै चलाएको मान्ने हो भने पनि, कनिष्कको मगध विजय पछि नै जयदेव प्रथम उत्तर आएर किरात विजय

गरी नेपालका राजा भएको अनुमान गर्न बाध्य हुनु पर्छ र यो समय लगभग ई. ९० तिरको (शाके १२) हुनु पर्छ। प्राचीन इतिहासका विद्वान् सिलभ्याँलेवि र डा. काशी प्रसाद जायसवालहरूले पनि लगभग यही समय ११० ई सम्मको काल हुनु पर्छ भनेका छन्।

लिच्छविहरूको गण राज्य छंदा नै अजात शत्रुको आक्रमण भएको हो। त्यसपछि पनि बरावर दवावहरू परिनै रहे। मगधको राजधानी ठीक पारीपट्टि रहेको वैशालीले स्वतन्त्र अस्तित्व राख्न पाएन। गण राज्यहरूको पराजयले अस्तित्व नै समाप्त हुन्छ भन्ने कुरामा सिकन्दरको आक्रमणद्वारा भुक्तभोगी भएका चाणक्यले अर्थशास्त्रमा उल्लेख गरेका छन्। साम्राज्यवादको चक्चकी नजीकैबाट हेर्न र भोग्न पाएका लिच्छविहरूले पनि राजतन्त्रात्मक परिपाटी न अंगाली धर पाएनन्। मगध साम्राज्यका सामन्त राजाको रुपमा कट्यन शताब्दी विताएर वस्ता लिच्छविहरू वैशालीमा नै वसे वा त्यस ठाउँवाट उत्तर-तिर सरेर अर्कै ठाउँमा राजधानी बनाए, त्यो अझै खोजीको विषय छ। नेपाल उपत्यकामा शासन गर्ने किराँतहरूलाई साँच्चै नै परास्त गरेका हुन् भने त्यो भन्दा धेरै अगाडि नै उनीहरूका समर्थक आर्य जातिको यहाँ ठूलो जमघट भइसकेको हुनु पर्छ। अन्यथा किराँतलाई खेदेर सुदूरपूर्वतिर पुऱ्याउन सक्ने थिएनन्।

लिच्छविलाई मनुस्मृतिमा व्रात्य क्षत्रिय भनेको छ[17]। त्यस्तै किराँत खश र शकहरूलाई पनि यसबाट सूर्यवंशी लिच्छविहरू तथा किराँतहरू शासक त थिए, तर लिच्छवि बौद्ध र किराँत शैव भए पनि ब्राह्मणद्वारा संस्कार नगरिएका रहेछन् भन्ने थाहा हुन्छ।

यदि गोपाल वंशावलीको कथन मान्ने हो भने जयदेव भन्दा २३ पुस्ता अगाडिका राजा सुपुष्पले नै एकपटक यो उपत्यका विजय गरी चातुवर्ण्य प्रजाहरु को प्रवेश गराएको वुझिन्छ[18]।

राजा जयदेव नेपालमा प्रवेशगर्दा हिन्दूधर्मको वैष्णव सम्प्रदायले भारतमा व्यापक क्षेत्र ओगटेको थियो। बौद्ध संघमा दिएको दानले भिक्षुहरू अयस आराम गर्ने भएका थिए तथा भिक्षुभिक्षुणीको वढदो सम्पर्कले अनेकौं विकृति पनि जन्माएको थियो र बौद्धको अहिंसावादी नाराले गर्दा उत्साहशक्ति तथा युद्ध शक्ति क्षीण हुँदै गएकोले विशाल साम्राज्यका राजाको हत्या भएको पनि लिच्छविले देखेका जानेका थिए। यसकारण, बुद्ध धर्म छोडेर वैदिक धर्म पट्टि लिच्छविहरू लागेर चातुवर्ण्य व्यवस्थाका संरक्ष हुन थालेका रहेछन् भन्ने

कुरा जानिन्छ । जयदेवका समयसम्ममा वासुदेव कृष्ण, विष्णु, नारायण आदि विशिष्ट देवताको उपासना भक्ति गर्ने मूर्ति निर्माण र मन्दिरको स्थापना पूजा-पर्वहरू उत्तर भारतमा प्रशस्त चलेकोले जयदेव यो उपत्यका भित्र आउँदा नारायणको उपासना, वासुदेव संकर्षण, प्रद्युम्न, अनिरुद्ध अथवा नर, नारायण, हरि कृष्ण, आदि चाररुपमा नारायणको उपासना गर्ने परम्परा चलेको रहेछ भन्ने अनुमान गर्न सकिन्छ ।

संभवतः उपत्यकाको सत्ता हस्तगत गरेपछि नै उपत्यकाका वरिपरिका पर्वतका टाकुरामा चार व्यूह रुपमा पूजा गरिने चारनारायणको स्थापना गरेहुनन् भन्नु पर्ने स्थिति देखापर्दछ । कारण, किराँत राजाहरू शैव भएका र पशुपति नाथ, किराँतेश्वर, आदि शैव प्रतीकहरू यहाँ पहिले देखिनै भएकोले उनीहरू-लाई अन्य देवताको आवश्यक थिएन। अरू साधारण वैदिक धर्म मान्नेहरू यहाँ पसेका र उनीहरुले विष्णु प्रतिमा स्थापना गर्नु पर्दा यति टाढा टाढाका पर्वत शिखरमा स्थापना गर्न लाने थिएनन् । त्यसकारण, चारदिशामा दिक्पा-लको रुपमा नारायणको चतुर्व्यूहको परिकल्पना गरेर स्थापना गर्ने काम राजा जयदेव प्रथमकै हुनुपर्छ भनेर मान्न वाध्य हुनुपर्छ ।

जयदेव पछिका छैटौं राजा हरिदत्त वर्माले चारनारायणको मन्दिर बनाएको उल्लेख गोपाल वंशावलीमा उल्लेख भएको पाइन्छ[19] ।

जयदेव पछाडिका यी राजा ऐतिहासिक हुन कि होइनन् भन्ने कुरामा द्वितीय जयदेवको शिलालेखमा जयदेव प्रथमदेखि राजा विश्वदेव (वृषदेव) सम्म ११ जना छाडेर गन्ने जुन उल्लेख भएको छ, त्यो गोपाल राज वंशावलीसंग मेल खान्छ[20] । साथै केवलपुरको ध्रुवदेव तथा जिष्णुगुप्तको अभिलेखमा वितेका राजाहरूको नाउँ लिंदा वसुराजको नाउँ लिइएको छ[21] । गोपाल वंशावलीमा यी वसुराज (वसुदत्त वर्माको नाउँले हरिदत्त वर्मा पछिका राजा देखिन्छन् ।

इचंगु नारायणका मन्दिर नजीकको ने. सं. ३२० (१२५६ वि. सं.) को अभिलेखमा- "श्री हरिदत्त भूपति कृतन्नारायणं" भन्ने उल्लेख भएकोले हरिदत्त वर्माको पूर्वोक्त अस्तित्त्व सिद्ध हुन्छ र यिनै नारायणको कारण पूजाको निम्ति गुठी राखेको केवलपुर अभिलेख भएकोले चार नारायणको स्थापना र मन्दिर निर्माणमा प्राचीन लिच्छवि राजाहरुको योगदान छ भन्ने कुरा सिद्ध हुन्छ[22] । यिनै चार नारायणलाई चांगुनारायण (गरुड नारायण (१) शिखर नारायण (शेष नारायण) (२) इचंगु नारायण (३) विसंखुनारायण (४) नाउँले आज-सम्म प्रसिद्धि फैलिएकै छ । प्राचीन कालमा उपत्यकाभित्र स्थापना विष्णु मूर्तिलाई प्रायशः नारायणनै भन्ने प्रचलन छ ।

श्री चाँगुनारायण सम्बन्धी पौराणिक कथा र किम्बदन्ती

चाँगु नारायणको उत्पत्ति विषयमा नेपाल महात्म्यमा एउटा कथा लेखिएको छ। जो यसप्रकार छः– "चण्ड नामको एउटा दैत्यले शिवजीको तपस्या गऱ्यो र त्रैलोक्य विजय गर्ने वर पाएर तीनैलोकको राज्य गऱ्यो। इन्द्रादि देवता दुःख पाएर विष्णुको शरणमा गए। देवताको सहायतार्थ विष्णुले चण्डसंग युद्ध गरे।"

"चण्डका परममित्र सुमति नामका ब्राह्मण थिए। मित्रको सहायतार्थ आएका सुमतिको शिर सुदर्शन चक्रले विष्णुले काटिदिए। प्यारा शिष्यको वध भएको थाहा पाएर रिसाएका शुक्राचार्यले यिनै ब्राह्मणका वंशबाट तिम्रो पनि शिर काटियोस् भनी श्राप दिए। शुक्रको श्राप र ब्राह्महत्याबाट पीडित भएका विष्णु; दोलाद्रि शिखरको चम्पकारण्यमा आइ बस्न थाले। त्यस चाँपको वन भएका डाँडाको आसपासमा नै सुदर्शन नाउँ भएका ब्राह्मणको घर थियो। उनका धेरै गाईहरू थिए र गोठ चाँहीं चाँगुकै डाँडामा पूर्वतिर थियो। गोठा-लाहरूले सधैं गाई दुहेर दूध ब्राह्मणका घरमा पुऱ्याउँथे। वर्तमान चांगुनारायण भएको ठाउँमा एउटा ठूलो चाँपको रुख थियो। एकदिन दूध दुहेर ब्राह्मणको घर लैजाने गोठालो दूध लिएर जाँदा ठूलो रुख नजीक पुगेपछि असाध्य नै पेट दुखेर दिसा लाग्यो दूधको भांडो त्यही चांपको हांगामा झुण्ड्याएर शौच-गर्न गयो।

फर्केर आउँदा गवुआमा दूध थिएन। आश्चर्य मानेर दूधखाने व्यक्तिको खोजी गऱ्यो, कोही पनि फेला परेन।

यसपछि यो क्रम बराबर चल्यो। विहान बेलुकै गोठबाट दूध लिएर त्यस ठाउँमा आइपुग्दा गोठालालाई संधैं पेट दुख्ने र दिसा लाग्ने हुन थाल्यो, फर्केर आउँदा दूध हुदैनथ्यो।

गोठालाको यो कुरा ब्राह्मणले पत्यार मानेनन् र एकदिन आफै गोठमा पुगी दूध लिएर फर्के। उनलाई पनि त्यही ठाउँमा आएपछि त्यसैगरी दिसा लाग्यो र त्यही चांपको रुखमा दूध झुण्ड्याएर शौचगर्न गए। फर्केर आउँदा एक थोपो दूध थिएन। दूध खाने व्यक्तिलाई यत्रतत्र खोजे फेलापार्न सकेनन्।

यसपछि गोठालालाई दूध बोक्न लगाई चाँपको रुखमा राख्न लगाएर आफू लुकेर चियो गरेर बसे। गोठालो संधैं जस्तै दिसा बस्न गयो। चाँपको रुखबाट एउटा सुन्दर किशोर निस्केर दूध जम्मै पिइदियो। रीसले आकूल भएका

सुदर्शनले हातमा लिएको खड्गले छप्काए । खड्गको चोटले टाउको अन्त भयो । किन्तु दूधचोर भनेको केटो त, चार हात भएको शंखचक्र गदापद्म लिएको गरुडमाथि चढेका शिर नभएका विष्णु भगवान प्रकट भए । यो देखे पछि ब्राह्मणलाई डर, पश्चात्ताप र दुःख एकै चोटि खनियो ।

ब्राह्मण आत्तिएको देखेर विष्णुले पूर्ण स्वरुप लिएर भन्नु भयो, दुःख नमान, शुक्राचार्यको श्रापले मेरो शिर काट्न समर्थ भएका हौ । म अब सँधै यहीं बस्दछु र तिमी र तिम्रा दरसन्तानले मलाई यहाँ पूजा गर्नु । यो गोठालो र यसका सन्तानले मेरो सेवा गर्नु उद्धार हुनेछ"

विष्णुको आज्ञा बमोजिम त्यही बूढो चाँपको रुखमा गरुड नारायण स्थापना गरिए । तिनै सुदर्शन ब्राह्मण पुजारी भएर र आजसम्म उनैका सन्तान भारद्वाज गोत्री ब्राह्मणहरूले पूजा गर्दै छन् । गोठालाका सन्तान भंडेल (भण्डारे) भनिन्छन् र पालो पहरा र अन्य सेवा सुश्रुषा गर्दै आएका छन्[23] ।

उपर्युक्त कथा परम्परागत अनु श्रुति हो । वंशावलीहरूले पनि यस्तै कथा भन्दछन् र नेपाल महात्म्य अध्याय २ मा पनि उक्त कथासंग मिल्दो जुल्दो नै उल्लेख भएको पाइन्छ । यस्तो लेखिएको छः-

"चण्डले काशी वासी शिवको तपस्या गरेर खुशी गरायो र स्त्री वाहेक अरुका हातबाट नमर्ने वर प्राप्त गऱ्यो । यसपछि त्रिलोककै अधिपति भएको चण्डद्वारा पीडित देवताले विष्णुलाई गुहारे । स्वयं विष्णु युद्ध गर्न जानु भयो र सेना समाप्त पारी चण्डलाई विरथी बनाइदिनु भयो । यो देखि उनका मित्र सुमति ब्राह्मण चण्डलाई पछाडि पारी लड्न आए । उनले परशुराम र शुक्रसंग युद्धविद्या पढेका थिए । उनले विष्णुलाई घाइते पार्नुको साथै गरुडलाई मूर्च्छा पारेर सुताए । पैदल युद्ध गर्नु पर्दा क्रुद्ध भएका विष्णुले सुदर्शन चक्रद्वारा सुमतिको वध गर्नु भयो । थाहा पाएर शुक्राचार्यले सुमतिकै सन्तानबाट बिष्णुको शिर काटिने श्राप दिए ।

उक्त कुरा स्वयं शिर काटिएका नारायणबाट शुदर्शन ब्राह्मणलाई भनिएको छ र त्यस पछि विष्णु भन्नु हुन्छ,– "हे ब्राह्मण, ब्राह्महत्याले पीडित भएर सुमतिका सन्तानबाट शिर कटाउन यो चाँपको रुखको धोद्रोमा म बसेको थिएँ र तिमीले शुक्रको श्रापले गर्दा मेरो शिर काट्यौ, तिम्रो दोष छैन । श्राप मुक्त भएकोले म यसै दोलागिरीमा बस्दछु, तिमी र तिम्रा सन्तानले मेरो पूजा गर्नु । यो गोठालाका सन्तानले मेरो सेवागर्नु । द्वादशीमा पूर्णिमामा र बुधबार जुन मानिसले भक्ति पूर्वक दर्शन गर्ने छन् ती वैकुण्ठ जानेछन्" ।

यसो भनेर नारायण त्याहां रहनु भएको छ । दोला शिखरका नारायणको दर्शन गर्नाले सर्पहरु विष नभएका हुनेछन् । (अर्थात् सर्पको विष लाग्ने छैन) ।

हिमवत्खण्डको कथा

स्कन्द पुराण अन्तर्गत हिमवत् खण्डमा भने कथा छुट्टै छ । त्यसमा यस्तो वर्णन छः-

महा प्रलय पछि सबै प्राणी रहित पृथ्वीलाई हेरेर भगवान् पशुपतिको विष्णुलाई आज्ञा भयो, "हे विष्णु ! तपाई मेरो यो ठाउँ भन्दा पूर्वपट्टिको डाँडामा गएर बस्नोस्, मेरो नै शरीर संझेर तपाईलाई पूज्ने छन्" । त्यस पछि विष्णु त्यहाँ बस्नु हुन्छ । त्याहाँ कीलेश्वर शिव पनि हुनु हुन्छ ।

अघि कुनै समयमा सुर नाम गरेको दैत्यले भराटेश्वर शिवको तपस्या गरेर वर प्राप्त गरी सुप्रभा नगरमा राज्य गर्न लाग्यो । त्यसले स्वर्गका देवतालाई पनि दुःख दियो र देवताहरू विष्णुको शरणमा गए । देवताले सहित विष्णुको मुर दैत्यसँग युद्ध भयो ।

मुरले कुंभोदर दूतद्वारा कुवाच्य बोलेकोले क्रुद्ध भएका विष्णुले सुदर्शन चक्र प्रहार गर्न खोज्दा शिवजीले अदृश्य भएर भन्नु भो– मेरो वरदान छ, तपाईको हातबाट यो मर्दैन । पार्वतीले अवतार लिएर यसलाई मार्दछिन् ।

यसपछि गरुडमा चढेर विष्णु दोला गिरिमा जानु भयो । क्रुद्ध मुर दैत्यले दौडदै गएर दोला गिरिनै उखेल्न खोज्यो । पर्वत काँपेको देखेर बिष्णुले पशुपतिलाई सम्झनु भयो र पशुपति कीलेश्वरको रुपमा पकट भएर पर्वत हल्लन नपाउने गरी कीलो झैं ठोकिनु भयो[24] ।

कीलेश्वर लिङ्ग रुप शिवले विष्णुलाई भन्नु भो,– हे विष्णु ! आफ्नै शिरच्छेदन गरेर महामाया भगवतीलाई बलि चढाउनोस् । शिवको आज्ञा पाएका विष्णुले भगवतीको आराधना गरी स्वयं शिरच्छेदन गरेर बलि अर्पण गर्नु भयो । यसै बेला मुर दानव पनि त्यहाँ पुग्यो र शिर रहित गरुडमा चढेका विष्णुलाई देखेर गरुडलाई मार्न भनी झम्ट्यो । यसैबेला शिर रहित विष्णुका शरीरबाट छिन्नमस्ता रुप भगवती प्रकट हुनु भयो र तेस्रो नेत्रको अग्निले मुर दानवलाई भस्म पार्नु भयो । अन्य मातृका गण प्रकट भएर बाँकी रहेका मुर दानवका दानबी सेनाहरूको संहार गरे ।

उपर्युक्त स्कन्दपुराण अन्तर्गत हिमवत् खण्ड भन्ने ग्रन्थमा उल्लेख भएको कथा अनुसार नै भगवान् चाँगुनारायणको स्वर्णमूर्ति शिरो भाग र धड अलग

अलग भएको तथा गरुडमा चढेको रुपमा स्थापित पाइन्छ । त्यस्तै भगवान् पशुपतिको प्रतिरुप कीलेश्वर लिङ्ग नारायण मन्दिरको दक्षिण-पश्चिमपट्टि छ र त्यही नेर शिरच्छेदन भएका विष्णुको शरीरबाट प्रकट भएकी भगवती छिन्नमस्ता एवं मातृकागण सहित गणेश र अन्यान्य मूर्तिहरू वरिपरि स्थापित छन् ।

चाँगु नारायण नाउँले प्रसिद्ध उक्त नारायणलाई गरुडवाहन भएको कारणले गरुडनारायण, पौराणिक कथानुसार मुर दानवले पर्वत नै अगाँलोमारेर हल्लाएकोले दोलायमान पर्वतको नाउँ दोला गिरि भएकोले दोलाद्रि नारायण र पौराणिक कथाले चम्पकारण्य (चांपको वन) बाट स्थानीय तत्कालीन भाषामा चंगु भएको भन्दछन् ।

चाँगु नारायण सम्बन्धी विशेष अनुसन्धान कर्ता मोहन प्र.खनालले 'च' को अर्थ नेवारी र तामाङ भाषामा चाँप हुन्छ र 'गु' को अर्थ उक्त भाषामा डांडो हुन्छ भन्ने तथ्य प्रस्तुत गरेका छन्[25] । किन्तु धन वज जी भने दोलाद्रि (पीङ जस्तो डांडो) संस्कृत अर्थको परिभाषित अर्थ चाँगु 'च' पीङ र 'गु' डाडो भन्दछन् । दुवै अर्थले नै भावगत अर्थ नै बुझाउने हुँदा विशेष तर्कको जरुरत परेन ।

ऐतिहासिक विशेषता

चाँगुनारायणको महत्त्वले नेपाल र नेपालीको निम्ति निकै विशेषता राख्तछ । ती हुन्– शैव धर्म प्रधान भएको यो देशमा वैष्णव धर्मको प्रवेश (१) यहाँ यज्ञ यागदि पनि हुन्थे भन्ने कुरा देखाउने गरुडस्तंभको तिथि मिति सहितको पैह्लो अभिलेख (२) गोष्ठी प्रथाको पहिलो संकेतद्वारा यहाँ चलेको सामाजिक जीवनको इतिहास (३) वैशालीमा अस्तितव विलोप भएका लिच्छविको राजतन्त्रात्मक शासकको रुपमा उदय (४) गुप्त कालीन सभ्यता संस्कृति भाषाको स्पष्ट छाप देखिने गरुडासन नारायण संस्कृत भाषा र गरुडध्वजको रुपना स्थापित शिलास्तंभ (कीर्तिस्तंभ) एवं गरुड रुपमा स्वयंलाई प्रस्तुत गर्ने परम्परा (५) ।

यीं उपर्युक्त विषयहरूकै आधारमा नेपालको प्रामाणिक इतिहासको शुरु हुन्छ ता पनि भारतीय प्रशासन, संस्कृति र अन्यान्य प्रचलित कुराहरू अगाडि राखेर तुलनात्मक अध्ययन गरी इतिहास लेख्ने क्रम बाँकी नै छ ।

चाँगुको गरुडस्तंभ भांचिएर पुनः खडा गरिएको अवस्थामा छ र त्यसको फेद, जस्मा मेटिन लागेका अक्षरहरू केही बाँकी छन्, त्यसको नापसाइज एवं अक्षरको पूर्ण सादृश्य भएकोले फेद नै हो भन्ने निश्चय छ । त्यसमा

गोष्ठी भन्ने अक्षर त पाइदैन, तथापि क्षेत्र र मानिकाको उल्लेख एवं 'वर्ष बन्धन, जस्ता शब्द परेकोले गोष्ठीकै पहिलो रुप थाहा पाइन्छ ।

गोष्ठी शब्द सभा, परिषद् जस्तै शब्द हो । तथापि हर्ष चरितका संकेत नामक प्राचीन टीकाकारले गोष्ठीको अर्थ– समान आचार विचार व्यवहार भएका व्यक्तिको सभा भनेका छन् । नेपालको सामाजिक र धार्मिक विषयको अध्ययन गर्न उक्त व्याख्याले ठूलो मद्दत गर्दछ र वेदकालदेखि चल्दै आएका सभा, समिति, विदथ, आदिको क्रियाकलाप भन्दा छुट्टै अर्थ व्यक्त गर्न प्रयुक्त भएको गोष्ठी शब्दार्थले नेपालको सामाजिक जीवनको मौलिकता द्योतन गर्दछ । साथै यो परम्पराको जन्म, यहाँ आउने सार्थहरूको समूह जो व्यापारको निम्ती यहाँ बस्न बाध्य भएका थिए र आफ्नो धर्म संस्कृति र सामाजिक अस्तित्व बचाउँन टोलीको रुपमा संगठित थिए, उनीहरूकै देन हो । यस भिन्न गणतंत्रात्मक सत्ताको आभास देखेर लिच्छवि शासकहरूले पनि स्वीकार गरे ।

चांगुनारायणको सांस्कृतिकपक्ष ★

नित्यपूजा:– मन्दिरको सरसफाई र नित्यपूजाको सामान तयार पार्ने तथा स्नानको निम्ति जल ल्याउने, पूजा समाप्ति पछि मन्दिरको सुरक्षा आदि-काम भँडेलहरूले गर्दछन् । श्रीखण्ड, धुप, वत्ती, नैवेद्य, सम्वन्धित गुठीबाट र पुष्प गुठीबाट फूल र प्रतिदिन पायस भोग लगाउँन सम्वन्धित गुठीबाट गाईको दूध ल्याइन्छ ।

आफूलाई उनै विष्णुको शिर काट्ने सुदर्शन ब्राह्मणका सन्तान भन्ने भारद्वाज गोत्री सुवेदी ब्राह्मणहरू पुजारी छन् । हाल यो पुजारी हुने शाखामा दुई भाइका सन्तान छन् र वर्ष वर्ष दिनको पालो गरी पूजा गर्दछन् ।

प्रतिदिन नारायणको स्नान र पूजागर्दा नारायणका गर्गहनाहरू पालो-वाला भँडेल (भँडारे) द्वारा सफा गरिन्छ । 'सत्यनाग' भन्ने एउटा गहना चाहिं उनीहरूले छुंदैनन् । स्नान गराउन श्री नारायणको शिरोभाग झिकी आसनीमा राखिन्छ र स्नान गराइन्छ । स्नान सकिएपछि शिरलाई लगी यथास्थानमा जोदिन्छ ।

★ यहाँ उल्लेख विषय श्री मोहन प्र. खनालको चाँगु नारायणको ऐतिहासिक सामग्री भन्ने ग्रन्थवाट लिइएको छ । वाहाँले गुठी संस्थान कै सहयोगमा अनुसन्धान कृति तयार गर्नु भएकोले गुठीको सामग्रीको पुनः प्रयोग गर्ने आवश्यकता रहेन ।

पूजा प्रकार:- पहिले जलद्वारा र त्यस पछि दूध, दही, मह, सखर, घिउ (पंचामृत) ले स्नान गरी सकेपछि चन्दन, फूल, धूप, दीप, आदि शोडषोपचारले पूजा हुन्छ । नित्य पूजाको समयमा कुसले, दमाईहरूले बाजा बझाउँछन् ।

नारायणको नित्य पूजा पछि मन्दिर बाहिरका चतुरस्त प्राङ्गणमा स्थापित देवी देवताहरूको पूजा गरिन्छ । यसपछि पुजारीले तीन पटक मन्दिरको प्रदक्षिणा गरी मूल ढोकामा पुगेर पूजागरी पुजारीसंग बाँकी रहेको जलले बाहिरका गरुड (कीर्तिस्तंभ माथिका) लाई छ्यापी दिने परम्परा छ । त्यसपछि दश अवतारको दर्शन गर्न चाहने भक्तगणहरू भएमा नियमानुसार दस्तुर लिई दश अवतारको दर्शन गराइन्छ ।

पूजाको अन्त्यमा 'सत्यनाग' गहना पहिराएपछि त्यस दिनको सम्पूर्ण पूजाको काम सकिएको मानिन्छ[26] ।

विशेष पूजाका केहीपरम्पराहरू–

हप्तामा एक दिन बुधवार चौधमाना गाईको दूधमा पायस पकाएर श्री नारायणलाई भोग लगाउनु पर्छ । यो पकाउने ठाउँ मन्दिरको पश्चिमलङ्को पुजारी बस्ने घरको तीनतला माथि हो । पायस पकाई भोग लाउन मन्दिरमा पुजारिले ल्याउँदा अघि अघि कुचाले बडारी, पानीको धाराल पखाली भोग ल्याउने बाटो भँडेलहरूले शुद्ध पवित्र पार्नु पर्छ । भोग लगाउँदा मन्दिरको ढोका बन्द गरिन्छ र पुजारीले भोग अर्पण गर्ने विधि भित्रै बसेर गर्दछन्[27] ।

भोग लगाएको प्रसाद, पुजारी लगायत मन्दिरका कामदार रकमीहरूले बाँडेर ग्रहण गर्दछन् । श्री चाँगुनारायण क्षेत्रका वासिन्दाहरूले यही भोगबाट नै आफ्ना बालकको 'पास्नी' सम्पन्न गर्दछन्[28] ।

विधिवत् पूजा सकेपछि पालोवाला भँडेलले मन्दिरको भित्री बाहिरी ढोका बन्दगर्दछन् । टाढाबाट देवदर्शनका निम्ति कोही भक्तहरू आए भने उनीहरूसंग परम्परागत नियमानुसार पाँच पैसा लिएर त्यो पैसा ताल्चामा छुआए पछि ढोका खोल्न हुन्छ र दर्शन गराइन्छ । उक्त पाँच पैसाले भोलिपल्ट पंचामृत चढाई ढोका खोलेको प्रायश्चित्त गरिन्छ[29] ।

नियमत: प्रतिदिन सूर्यास्त भएपछि पुजारीले आफ्नो नित्यकर्म सकी आरती गर्न मन्दिरको ढोका खोलिन्छ । आरतीका समयमा पनि कुसले र दमाईले बाजा बजाउँछन् । साँझको आरती पछि दुवैढोकामा ताल्चामारी बन्द गरिन्छ[30] ।

ऐतिहासिक परम्परा–

चाँगु नारायणको स्थापनाकालदेखि नै सुदर्शन ब्राह्मणका सन्तानका हैसियतले पुजारी हुने सुवेदी राजोपाध्याय ब्राह्मणहरूको वंश फैलिएको छैन। किन्तु त्यसवेलाका गोठालाका सन्तान भँडेलहरू भने निकै नै छन्। पुजारी र भँडेल वाहेक पूजा, आरती तथा सुघ्घर सफाई र सेवा निम्ति अरूले मन्दिरभित्र पस्न पाउँदैनन्। यसकारण सीमित वंशवृक्ष भएका पुजारी ब्राह्मणहरूलाई जूठो सूतक पर्दा नारायणको पूजा खण्डित हुने अवस्था परेकोले पुजारीमध्ये एक जना जो मन्दिरमा पूजागर्न खटिएको हुन्छ, त्यसलाई जूठो सूतक नलाग्ने परम्परा रहेको बुझिन्छ[31]।

मल्लकालमा चाँगु नारायणका पुजारी भवानीशंकर राजोपाध्याय परलोक हुँदा उनका जेठा छोरा शिवेन्द्रानन्द राजोपाध्याय राजभवनमा पुगेर राजा भूपालेन्द्र मल्ल समक्ष वावु मरेका र श्री नारायणको पूजा गर्ने मृतकका छोरा वाहेक अरु वन्धु नहुँदा के गर्ने ? भन्ने प्रश्न राखेछन्। तत्काल आस्थान-मण्डप (अन्तरासन) को कार्यविधि सम्पादन गर्ने ठाउँ नासल चोकमा राजा, प्रधान, राजगुरु, पुरोहित, पण्डित, प्रजा, पञ्च भेलाभई छलफल गर्दा राजगृह, गोगृह, ब्राह्मणगृहमा, ब्राह्मणलाई नमस्कार गर्दा जूठोसुतक लाग्दैन। त्यस्तै गणेश, चण्डिका, दुर्गा, मातृका र भैरवहरूको पूजागर्नेले पूजागर्नु मृत सूतकको दोष लाग्दैन। राजाज्ञा भएमा विशेष देवकार्य परेमा पनि जूठो परेको घर छाडेपछि शुद्ध हुन्छ, जूठो सूतक लाग्दैन भन्ने धर्मशास्त्रको वचन उधृत गरी एउटा छोराले घर छाडेर देवताको पूजागर्नु, अरु छोराले वावुको क्रियाकर्म गर्नु भन्ने निर्णय भएकोले पूजा खण्डित गरिएन भन्ने कुरा पुजारी राजोपाध्यायहरूको परम्परा र लिखित ठ्यासफुबाट प्रमाणित हुन्छ[32]।

यस्तै पालोवाला भँडेल पनि जूठो सूतक परेमा घर छोडी पुजारी बस्ने घरमा बस्ने परम्परा छ। जहाँ बस्ने गरेपछि जूठो सूतक वार्नुपर्दैन। पालो परुन्जेल चोखोसंग आफैंले पकाएको भात खाने तथा शुद्ध चोखो भइरहने, खोला तरी वाहिर जानु नहुने नियम छ। आवश्यक परी खोलोतरी टाढा जानु परेमा त्यसदिनको भोलिपल्ट नङ केश काटी शुद्ध भएर बस्नु पर्छ र त्यो दिनको नारायणको पूजा सम्वन्धी काम पुजारीबाट मात्रै सम्पन्न हुन्छ। किन्तु, पुजारीलाई भने यस्तो प्रतिवन्ध लागेको छैन ⩛

⩚ राजगृहे गोगृहे ब्राह्मण गृहे तथै वच। अभिवन्दे च विप्रं च न दोखा मृत सूतके गनेस चण्डिका दुर्गा मातृकासह भैरवाः पूजनीया प्रयत्नेन न दोखो (षो)–

भँडेलको पालो–

प्रत्येक शुक्ल द्वादशीका दिन श्री चाँगु नारायणका भँडेलहरूको पालो बदलिन्छ । पालो फेर्दा गुठियार, पुजारी, नाइके (भँडेल) हरूको रोहवरमा मालसामानको जाँचगरी पालो सकिनेले अर्कोलाई हस्तान्तरण गर्दछन् । श्री नारायणका चल्तीका गहना र मालसामानहरू नगद जिन्सी पालोवाला भँडेलको जिम्मा हुन्छ । नारायणका भण्डारको जिम्मा भने दुईपुजारी र चार भँडेल-नाइकेहरूको हुन्छ । भँडेलहरूको पालो वंशको विस्तार परम्परामा रहन्छ र नाइके, भँडेलको जमातमा चल्तापुर्जा व्यक्तिहरूबाट पट्टिमिलाई छानिन्छन् पुजारीको पालो भने हाल दुइ भाई भएकोले एक एक वर्षको पालोगरी चलाउने व्यवस्था बाँधिएको छ[33] ।

केही विशेष परम्पराहरू–

प्रत्येक महीनाको शुक्लपक्षको द्वादशी तिथिमा ठिमी, लुभु, तथा पाटनबाट श्री नारायणको द्वादशीपर्व पूजाको निम्ति सामान ल्याउने परम्परा छ । यसप्रकारका पूजा सामान ल्याउँदा कलःमा नारायणको प्रतिमा भएको छत्रसहित केतकीफूल राखिएको हुन्छ र पूजा समाप्त भए पछि नारायणको जल प्रसादको साथै केतकीफूल फिर्ता गरिन्छ[34] ।

दशावतारको परम्परा–

"श्री चाँगु नारायणको नित्य पूजा सकेपछि ज्योतिरुप दश अवतारको दर्शन गर्न चाहने व्यक्तिबाट रु ५। लिई दशावतार देखाउने परम्परा रहेको छ । यो परम्पराको शुरु कहिले भएको हो, त्यसको प्रमाण पाइदैन र यस सम्बन्धी लोकोक्ति भने निम्न प्रकारको छः–

प्राचीनकालमा ल्हासाका एकजना लामालाई कुष्ट रोग लागेछ र औष-

मृतसूतके । राज्ञ प्रोग्ता (प्रोक्ता) गुरुर्गेया देवकार्ज्ये विशेषतः गृहं त्यक्त्वा शुचि प्रोक्तं (नदोषो मृतसूतके) । मोहन प्र. खनाल- चाँगुको ऐतिहासिक सामग्री पृ. ३८८ र अभिलेख खण्ड ठ्यासफु ख. स २०३ बाट उधृत ।

नोट– उक्त प्रमाण वचन कुन शास्त्रको हो, भन्न सकिन्न । किन्तु- गद्दीनसीन राजा, अग्निहोत्र ब्राह्मण, गाईको निम्ति मर्ने व्यक्तिको तथा कुनै विशेष दीक्षाले युक्त भएर देवपूजा गर्ने नियुक्त व्यक्तिलाई जूठो सूतक नलाग्ने कुरा सबैजसो धर्म शास्त्रमा छ ।

धोपचारबाट ठीक हुन सकेन। रोगले पीडित लामाले ईश्वर चिन्तन गरी सुतेको वेलामा एउटा हिन्दूयोगीको रुपमा दिव्यपुरुषले दर्शन दिएर भने, नेपालमा गरुड नारायण छन्, त्याहाँ गएर उनको सेवागर र गर्भ गृहमा रहेको ज्योतिरुपको दर्शनगर रोगमुक्त हुनेछौ।

सपनामा दिव्य पुरुषले भने जस्तै चाँगुनारायणको सेवा एवं दर्शन गर्न लामा विभिन्न तीर्थ घुम्दै चाँगुमा आए।

लामा चाँगु आइपुग्ने अघिल्लो दिनमा चाँगुका पुजारी र भँडेलहरूले सपना देखे। "भोलि ल्हाशाबाट कुष्ठ रोगले पीडित एउटा लामा आउने छन्, ती लामालाई मेरो गर्भगृहमा रहेको ज्यतिरुपको दर्शन गराई जलप्रसाद दिनु।"

श्री नारायणको यस्तो आज्ञा भएको कुरा विहान भँडेलहरूले पुजारीलाई र पुजारीले भँडेलहरूलाई बताए। सबैको सपना उस्तै भएकोले अचम्ममा परेका छँदै थिए, लामा पनि त्यहाँ आइपुगे। पुजारीले पूजागर्दा गर्भगृहमा दश मणिहरू पनि सपनामा भने जस्तै गरी पाए।

लामाले दशावतारको दर्शन गर्न एकतोला सुन र आवश्यक नबु: (नम्बु) कपडा चढाए। पूजारीले सपनामा भने जस्तै हातमा कपडा वेह्री घिउको बत्तीमा ज्योतिरुप दशावतारको दर्शन गराई जल प्रसाद दिए।

नियमित रुपमा त्याहाँ बसेर जलप्रसाद ग्रहण गर्ने र ज्योति रुपको दर्शन गर्ने गर्दा लामाको कुष्ठरोग निको भयो। त्यसै बेलादेखि सुन, नवु: कपडा, घिउ र प्रायश्चित्तको लागि रु ५। लिएर दशावतार ज्योति रुपको दर्शन गराउने परम्परा चल्यो।

ज्योतिरुपको दर्शन गराउँदा पुजारीले ढोका वन्दगरी गर्भगृहमा पूजा गरी दशावतारलाई वाहिर झिक्दछन्। चार नाइके (भँडेल) वाहिरको ढोकामा बसी घिउको बत्तीमा तीन पटक जल छ्यापी पालैसंग दशावतारको दर्शन गराइन्छ। दर्शन पछि यो बेलामा रातोटीका लगाइदिने चलन छ र अघिपछि यसठाउँमा रातोटीका दिइदैन।

यो आम्दानीमा २%५० नारायणको ढुकुटीमा जान्छ भने। ५० पैसा पुजारीले पाउँछन्। पालो बस्ने भँडेल रु १।- र बाँकी रु १ मा चार नाइकेले-२५ पैसाको दरले भाग लिन्छन् [३५]।

उपर्युक्त कथाका लामा स्वयं भोट सम्राट सङचन गम्पो थिए भन्ने पनि लोकोक्ति रहेको छ र यो कथाले धर्म समन्वयको पक्षलाई पनि व्याखया गर्दछ।

श्री चाँगु नारायणका सांस्कृतिक पर्वहरू:

चाँगु नारायण नेपालका वैष्णव देवताहरूमा प्राचीन भएका र दोला गिरि काठमाडौं भक्तपुरबाट नजीक पर्ने रमणीय ठाउँ भएको तथा लिच्छवि राजाहरूको इष्ठ देवताको रुपमा प्राचीन समयदेखि नै उपास्य गरुड नारायण विशेष प्रसिद्ध भएको कारणले पनि धेरै गुठीको व्यवस्था चल्दै आएको थाहा पाइन्छ। राजा मानदेवले वि. सं. ५२१ मानै विशेष पूजा गरी गरुड स्तम्भ खडा गरेका थिए। त्यसै स्तम्भको भाँचिएको भागमा गुठी राखेको कुराको संकेत पाइन्छ।

इतिहासविद्‌हरूको धारणा अनुसार लिच्छवि राजाहरूको प्रारम्भिक दरवार यदि गोकर्ण कै आस पास थियो भन्ने मानेमा चाँगुको झन विशेष मान्यता थियो होला भन्न सकिन्छ। गरुड लाञ्छनध्वजा र मुद्रा चिन्ह भएका समसामयिक गुप्त सम्राटहरूको भारतमा विशेषता थियो भने, गुप्तसँग वैवाहिक सम्वन्ध भएका र छिमेकी लिच्छविहरूमा पनि गरुड नारायणको विशेषता रहनु स्वाभाविक थियो। त्यही मान्यता; चाडपर्व र जात्राउत्सव परम्परागत रुपले चल्दै आजसम्म आएको मान्न सकिन्छ।

वैष्णव सम्प्रदायका विविध रुप वासुदेव संकर्षण आदि चतुर्व्यूहको उपासना र विष्णु नारायण, कृष्ण आदिको मान्यता एवं अवतारको कल्पना विभिन्न संहिता, माहाभारत, पुराणहरूमा व्यापक रुपमा भइसकेको हुँदा पर्व दिन, विशेष व्रत र यात्रा गरिने दिनहरुको प्रचलन लिच्छविकालमा प्रशस्त नै भएको थाहा हुन्छ।

चाँगु नारायणको विशेष पूजा गरी गरुड स्तंभ स्थापना गर्ने मानदेवले ज्येष्ट शुक्ल परेवाको दिनमा अभिलेखयुक्त पाषाण स्तंभ खडा गरेका थिए। यो दिन वैष्णवहरूको विशेष पर्व परेको दिन होइन। सम्भव छ, मानदेवको जन्मदिन अथवा राजा भएको दिन जेष्ट शुक्ल परेवा होस्। चाँगुको परम्परागत पर्वहरूमा उक्तिदिन परेको छैन।

रथयात्रा–

"श्री चाँगु नारायणको रथयात्रा वैशाख कृष्ण त्रयोदशीका दिनदेखि

शुरु हुन्छ। पहिलोदिन विहान सवेरै चाँगुका कसाईहरूले बाजा गाजाको साथ मनमती (मनोहरा) नदी पारिका कान्ति भैरव स्थानमा पुगी भैरवको पूजागरी कुखुराको बलि चढाउछन् र निम्तो गर्दछन्। कान्ति भैरवको पूजा पछि "म्या-

चागुठी" का गुठियार (भँडेलहरूले) पूजा उपासना गरी नारायणको रथयात्राको आरम्भ गर्दछन्"[36]।

वैशाख कृष्ण चतुर्दशीका दिन विहानै 'चिन्ह' गुठिका गुठियारले छिन्नमस्ता देवीको मन्दिरबाट भैरव मूर्तिलाई हातमा वोकी वाजा गाजा सहितको समूह मनोहरा पारिको कान्ति भैरव स्थानमा पुग्दछन् र त्याहाँ यज्ञ गरी वलिदान गरिन्छ। विशेष यो दिनको जात्रा यही नै हुन्छ। ब्राह्मण लाई प्रसाद दक्षिणा दिई नारायणका पुजारीसाथ चाँगुको कोतमा पुगी पूजा र वलि गरिन्छ। भैरवको मूर्ति रथ (खट) लिएर जानेहरूको समूह भने रातभरि कान्ति भैरव स्थानमा नै वस्तछन्[37]।

यसैदिन जा धो गुठीका गुठियारहरूले शुद्ध पवित्र भई निराहार वसी कालिकुण्डबाट पानी ल्याई भात पकाउँछन् र त्यही चोखो भातबाट भैरव र कालीका मूर्तिहरू वनाई परम्परानुसार विशेष रुपले पूजा गर्दछन्। यस्तै जग्गे गुठीका गुठीयारहरूले पनि भातकै देवता वनाई पूजा गर्नु पर्ने स्थिति छ। यसरी तीन ठाउमा भातका देवता वनाइ पूजा गर्नु पर्दछ र तीनै ठाउँका जा धो गुठीका देवताहरूलाई वाजा गाजा साथ कान्ति भैरवमा पुऱ्याइन्छ र पुन यज्ञ (होम) गरिन्छ। कोत पूजाको लागि यस पछि केही व्यक्तिहरू फर्कन्छन्[38]।

अमावस्याको दिन विहान डोलेहरू (डुइँया) ले रथ (खट) वोकी भैरवलाई फर्काउँछन्। वाजा र साथमा जाने जमातका साथ भैरवको रथ कुँछे टोलको पाटीमा लगी राख्दछन्। वाजावजाउनेहरू तथा भजन गर्नेहरू समेत भई अविर लावा छर्दै छिन्नमस्ताको स्थानमा रहेकी कलीको मूर्ति राखिएको रथलाई कुँछेमा लगी भैरवसाथ राखी धूमधामले पूजा गरिन्छ। नारायणका पुजारीवाट पूजा र वलि गरिन्छ। वेलुका वलिमा चढाएको वोका सहित पुजारीले भोज खुवाउनु पर्छ[39]।

भोलिपल्ट विहान नारायणको नित्य पूजा सकेपछि जात्रा गर्न निर्मित गरुड नारायण लक्ष्मी र सरस्वती मूर्तिहरूलाई नारायणका अगाडि राखेर पंचामृत स्नान सहित विषेप पूजा गरिन्छ ▩। चौथो प्रहर तिर नारायण र कीलेश्वरको रथ (खट) शिंगारी जात्रा गरिने नारायण मूर्तिलाई पुजारीले, पूर्व टोलका भँडेलले लक्ष्मीको मूर्ति र पश्चिम टोलका भँडेलले सरस्वतीको

▩ यो मूर्ति ३० पाथी चामल वरावर तौलको छ भन्ने अभिलेख ७६८ ने. सं. को छ भन्ने मोहन प्र. खनालले उल्लेख गरेकाछन्।

मूर्तिलाई मन्दिर वाहिर ल्याई रथारोहण गराउँछन् । यसबेला वाजा वजाइन्छ र चारै भँडेल नाइकेहरूले ढोकादेखि नै चमर पंखा हम्कन्छन् । यसै समयमा श्री कीलेश्वरलाई पनि रथारोहण गराउँछन् यो काम पुजारी भट्ट ब्राह्मणवाट सम्पन्न हुन्छ । रथारोहण पछि सिन्दूर चढाउँने काम गरिन्छ । लावा अविर र फूलले पर्सदै मन्दिर परिक्रमा गरी नारायण तथा कीलेश्वरको दुवैरथ पश्चिम ढोकावाट निकाली कुंछें टोलमा पुऱ्याउँछन्[10] ।

कुँछें टोलमा राखिएका भैरव र कालीका रथ (खट) हरू शिगारेर राखिएकै हुन्छन् र नारायण तथा कीलेश्वरको खट त्यहाँ पुगेपछि सिन्दूरजात्रा गरिन्छ ।

यो जात्रा परिचालन गर्ने व्यक्तिलाई माहाते वा माने भन्दछन् । यो पद पुरानो हो । रेख देख उर्दीपुर्जी गर्ने सिपाही वा चौकीदार, कडफनदार वा पछिल्लो चलनमा कट्वालले गर्ने उर्दी खरखटन मानेले गर्दछ । चाँदीले टाउको मोरेको लामो लठ्ठी बोकेको मानेले नायकको काम गर्दै लठ्ठी लिएर अघि लाग्दछ र नारायण, कीलेश्वर, काली, भैरवका रथहरू एउटाले अर्कोलाई परिक्रमा गर्दै १०८ सिंढीको वाटोवाट गढ परिक्रमा गर्ने वाटोमा पुऱ्याइन्छ र नारायण तथा कीलेश्वरको रथा भुइँमा नविसाई चाँगु गढ (नगर) परिक्रमा गराइन्छ卐 । पश्चिम; उत्तर, पूर्व हुँदै नारायण र कीलेश्वरको रथ वलम्बुटोलमा लगिन्छन् । यो दुईरथ दक्षिण पट्टि (गढ वाहिर) लगिदैन । भैरव र कालीका खटहरू भने दक्षिण पट्टि पनि अर्थात् सवै गाउँ टोल घुमाउने चलन छ । यो दिन बेलुका नारायणको नित्य आरती गर्ने कार्यक्रम स्थगित रहन्छ ।

वैशाख शु. परेवाको दिन विहान अघिल्लो दिनको आरती गरिन्छ । यस पछि एक पटक ढोका वन्द गरी पुनः खोलेर नित्य पूजा सम्पादन गरिन्छ[11] ।

नारायणको नित्यपूजा सकिएपछि 'भुज्या' गुठीका सवै गुठियार जम्मा हुन्छन् र प्राचीन परम्परा अनुसार भँडेल (ग्वाला वा गोपाल) जाति मध्येवाट एक जनालाई विधिपूर्वक राजा बनाइन्छ । शिरमा राजसी पगरी र जामालगाई खड्ग भिरेको ग्वाला राजा र डोले (डुइयाँ) जातकी कुमारी केटी रानी बनाई

卐 विसाउनु पर्दा व्यक्तिको काँध भन्दा दुइचार अंगुल अग्लो काठको चोकेमा अड्याइन्छ । यो काटलाई पर्धानी भन्दछन् ।

बलम्बु टोलको राजादरवारको भग्नावशेष भनिएको ठाउँबाट लावालश्करको साथ चाँगु गढ परिक्रमा गरी नारायण आदि देवताको रथ राखिएको ठाउँमा पुगी पूजा वन्दना गर्दछन् [1]। दिनभर पूजा वन्दना दर्शन स्पर्शनको क्रम चलिनै रहन्छ र संध्यामा बलम्बु टोलस्थित (राजदरवारको भग्नावशेष भनिने) ठाउँमा दीपावली गरी जात्रा गरिन्छ । त्यसपछि चारोटा विशेष प्रकारका दियो बाली लावालश्कर बाजाका साथ चाँगु गढको परिक्रमा गरी नारायण आदि देवता राखिएको पाटीमा पुगेर जात्रा विसर्जन हुन्छ[42] ।

द्वितीयाको दिन देवताका रथहरू बलम्बु टोलमा नै रहन्छन् । दर्शनार्थीहरूको भीड भइनै रहन्छ । बेलुकीपख चारै रथ (खट)हरु विशेष सजाइन्छन् र नारायण तथा कीलेश्वरका पुजारीले आफ्ना देवता आफ्ना रथमा विराजमान गराउँछन् तथा भैरव र कालीलाई डुइँयाहरुले रथारोहण गराउँछन् । विशाल समूह साथ सिन्दुर जात्रा गर्दै नारायण र कीलेश्वरको रथ नारायणको मन्दिर अगाडि पुऱ्याई काठमा अडयाएर राख्तछन् । काली र भैरवका रथहरू टाढा टाढाका गाउँ-साँखु, डाँछी, आलापोट आदिमा घुमाउन लैजाने पुरानो परम्परा हो र केही वर्ष अगाडि काठमाडौं सहरमा पनि लगिन्थ्यो किन्तु अब त्यो चलन टुटेको छ [43] ।

तृतीया जात्राको अन्तिम दिन हो । यसै दिन चाँगु आसपास गाउँका देवी देवताको पनि रथयात्रा सम्पादन गरिन्छ । भैरव र कालीका रथलाई वर परका देवी देवताका रथले प्रदक्षिणा गरी समान दर्शाएर विदा गर्दछन् । त्यस पछि भैरव कालीका रथहरू मनोहरा नदीमा सफागरी चाँगुबाट आएका यात्रुहरूले रथलाई बोकेर चाँगुमा लैजान्छन् र पुन गड घुमाई सकेपछि दुवै रथ श्री चाँगुनारायणका मन्दिर अगाडि पुऱ्याएर चारै रथहरू रमाइलोसँग नचाइन्छ ।

यसपछि भैरव र कालीका रथहरू चण्ड नारायण (मन्दिर बाहिरको गरुड नारायणको मूर्ति) अगाडि विश्राम गराउँछन् । नारायणको रथ चाहिं मन्दिर अगाडिको दबु: (चारपाटे ढुंगा) मा र कीलेश्वरको रथ मन्दिरकै पूर्वपट्टि विसाइन्छ । सबै रथका गजूरमा प्रयोग भएका फूलहरू पहिले झिक्नको लागि भीड चल्छ ।

---

[1] यो परम्पराबाट गोपाल जातिको राज्य रहेको याद दिलाउँछ र डुइँचा केटी रानी हुने परम्परामा पनि प्राचीन इतिहास नै लुकेको छ । पहिले विजित जाति दास (कमारा) बनाइन्थे । डोइँयाँ पनि यस्तै विजित जाति हुन् ।

भैरव र कालीको मूर्तिलाई डुइँयांहरूले रथबाट झिकेर बाजा बजाउँदै बोकेर लावा अविरले पर्सदैं द्यौःछें (देवघर) मा लैजान्छन् र अगाडि राखिएको स्वस्तिकासनमा देवताहरू राखी निगालोको चिराँख बाली पुजारी, थकाली र नकींहरूले विधिपूर्वक विसर्जन पूजागर्दछन् । त्यसपछि मूर्ति बोकी डुइँयाँहरूले जलको धारा दिदैं साँचो लिएर द्यौ छेंमा भैरव र कालीकालाई भित्र्याइन्छ । देवता भित्र्याए पछि नारायणका पुजारीले वेद मन्त्र पढ्दछन् र 'बिचाः' गुठिका गुटियारले ल्याएको सामानबाट छिन्नमस्ताका पुजारीले विसर्जन पूजा गर्दछन् ।

द्वितीयाको दिन बलम्बुटोलमा राखिएका नारायण, लक्ष्मी, सरस्वतीको पूजा हुने हुँदा मन्दिरको पूजा आरती हुँदैन । तृतीयाको दिन रथजात्रा समाप्ति-पछि नै नित्य पूजा आरतीको प्रक्रिया सम्पादन गरिन्छ । यसपछि जात्राको महोत्सव समाप्त हुन्छ[44] ।

वैशाख शु० पन्चमी

वैशाख शुक्ल पञ्चमीका दिन ध्वजागुठीका गुठियारहरूले पञ्चामृत र पर्दा एवं पूजाको सामान ल्याउँछन् । त्यसैबाट नारायणको नित्यपूजा गरिन्छ । नारायणलाई नित्यपूजा गर्दा प्रयोगमा ल्याइने पर्दा, यसैदिन ध्वजागुठीबाट ल्याइएको पर्दासँग विधिपूर्वक बदलिन्छ । यस गुठीका गुठियारले छिन्नमस्तामा पूजा एवं बलिदान गर्छन् र भोज खान्छन्[15] ।

वैशाख शुक्ल सप्तमी

उपर्युक्त दिनमा नित्यपूजा पछि, वर्षबन्धन सहित ध्वजारोहणको पूजा र यज्ञ (होम) गरिन्छ । नारायण मन्दिर अगाडिको घरको सत्तलमा लिपपोत गरी कुसलेहरूले इँट र पल्लवल ल्याउँछन् । छिन्नमस्ताका पुजारीले भातको बौ (बलि) र गोजा बनाउँछन् । गुटियारबाट आउनुपर्ने सामाग्री आए पछि छिन्नमस्ताका पुजारीले होमलाई चाहिने सामान ठीक पारी छिन्न मस्तामा बोका, भैरव, नाटचेश्वर र आगमघरमा हाँसको बलि चढाई पूजा गर्दछन् । होम र देशबलि पूजापछि नारायणलाई पञ्चामृत स्नान र अन्य पदार्थद्वारा पूजा गरिन्छ । भँडेलहरूले गुरुमण्डलमा पूजा गर्दछन् । विशेष प्रकारले हालेको रेखी माथि सेतो कपडा विधिवत् शिंगारी सुपारी, पैसा' विमिरो आदि पोका परेको लामू कपडालाई 'गुरुमण्डल' भन्दछन् । यो पूजा पछि होम र पूर्णाहुति गर्दछन् र रात भरि नारायण स्थानमा महादीप बालिन्छ । भोलिपल्ट छिन्न-मस्ताका पुजारीद्वारा 'देशबलि' पूजा गरी पर्वको समाप्ति गरिन्छ[16] ।

वैशाख शुक्ल द्वादशी

श्री विष्णुले बाराह (बँदेल) को अवतार लिई पानीमा डुबेकी पृथ्वी-लाई उद्धार गरेको कथा पुराणहरुमा प्रसिद्ध छ। त्यो अवतार यसै दिन लिएको मानिन्छ।

यो दिन विश्वंभराका नारायणलाई चाँगुबाट लगेका गहना लगाइ-दिई विशेष पूजा गर्दछन्। होमादि यज्ञ विधानका साथै गणेश आदि गणलाई बोकाको बलिदान गरिन्छ। कुसलेहरुले पोलेको मासुको भोज खान्छन् र बेलुकाको आरती गर्ने बेला भन्दा पहिले चाँगु आइपुग्दछन्। तीन पाथी गाइको दूधमा पायस पकाई बेलुकापख नारायणका पुजारीले ब्राह्मण भोजन गरा-उछन्[47]।

ज्येष्ट शुक्ल षष्ठीपर्व

ज्येष्ट शुक्ल षष्ठी (कुमार षष्टी) सिठी नखः का दिन वरपर सफाई गरी पर्व मनाइन्छ। पाटनका अमात्यहरुले श्री नारायणको ताड फूलमाला पाटन लगी पूजागरी फिर्ता गर्दछन्। यसप्रकारको पूजा नारायणका साथै किलेश्वर र छिन्नमस्ताको पीठमा पनि गरिन्छ[48]।

आषाड शुक्ल अष्टमी

यो दिन, नित्यपूजा पछि चम्पकारोहण पर्व (चाँपको फूल नारायणमा चढाउने) विशेष उत्सवसाथ सम्पन्न गर्दछन्। भक्तपुरबाट ६ ओटा दूध र दहीका घैंटा गुठियारले ल्याउछन् र त्यसबाट स्नान र पूजा हुन्छ र चाँपको फूल चढाइन्छ। यसदिन चाँपको फूल कसैले नलगाउनु भनी 'माने' ले उर्दी दिन्छ। यो पर्वमा छिन्नमस्तालाई बोकाको बलिदिनु पर्दछ।

चम्पकारोहण पछि मन्दिर अगाडि गरुडध्वज पछाडिको ढुंगामा तावाँको थालमा धागो राखी पूजा गरिन्छ। उक्त धागो पुजारी बाहेक अरुले छुनु हुँदैन। यसपछि पुःका गुठीका गुठियारले रुद्राक्षको माला र वन माला तयार गरी राख्छन्[49]।

आषाड शुक्ल एकादशी

यो चतुर्मासा शुरुहुने हरिशयनी एकादशीको विशेष दिन हो। अतः पूजा र दर्शन गर्ने भक्तहरुको भीड हुन्छ। टाढादेखि आउनेहरुको हातमा पनि

तुलसीका विरुवा हुन्छन् र यी विरुवा मन्दिर वरिपरि गमला राखेर रोपिन्छन् । यो दिन देखि कार्तिक शुक्ल एकादशीसम्म चतुर्मासा भरि श्री नारायणलाई सवालाख तुलसीपत्र चढाउनु पर्दछ । यसैदिन नारायणका वगैंचामा प्रशस्त तुलसी रोपिन्छ । रातभरि मन्दिरमा दिपावली हुन्छ[50] ।

आषाड शुक्ल द्वादशी

यो दिनमा नित्यपूजा पछि होम गरिन्छ र 'पुकाः छ' (धागाको माला वनाउने काम) को विधान हुन्छ । आषाड शुक्ल अष्टमीमा वनाएका धागाका मालाहरू पूजागरी धागाका माला र गाइको साथै वाद्यवादन गर्दै मन्दिरको परिक्रमा गरीन्छ । पुजारी मात्र मन्दिर प्रवेश गरी ढोका थुनी विशेष पूजा गर्दछन् र श्री नारायणको 'सत्यनाग' विशेष गहना वाहेक अन्य गहनाको सट्टा नारायण, लक्ष्मी, सरस्वती, गरुड, जय विजय आदि सवै देवतालाई धागाको माला लगाइदिइन्छ । रातभरि माहादीप वाल्ने कार्य हुन्छ[51] ।

आषाड शुक्ल त्रयोदशीपर्व

त्रयोदशीका दिन विहानै पुजारीले विशेषपूजा सम्पादन गरी धागाका मालाहरू झिक्ने काम गर्दछन् । यो दिनको पूजामा श्री नारायण मन्दिरका चौगिर्दाका सवैघरहरूका झ्यालढोका वन्द गरिन्छन् । श्री नारायण मन्दिर अगाडि गरुड पछाडिको जलहारी पाषाणमा विशेष पूजा गरिन्छ । यो पूजामा पुजारी वाहेक अरुले सरीक हुनु नहुने हुँदा सवैतिरका घरमा झ्यालढोका थुनिएको हो ।

पूजा समाप्ति पछि भँडेललाई पुजारीले सूचना गर्दछन् । सूचना पछि झ्यालढोका खुल्दछन् र दर्शनार्थीले दर्शन गर्न पाउँछन् । नारायणका पुजारीले यसपछि स्नानगरी पूजा गरेको निर्माल्य (फूल अक्षता आदि) मनमतीमा लगि सेलाउँछन् । यस पछिमात्र नारायणको नित्यपूजा हुन्छ ।

अघिल्लो दिन चढाएका धागाका मालाहरू सुसारे, गुठियार र कामदारले वाँडेर लिन्छन् । केही वर्ष अघिसम्म यो माला राजदरवारमा लागिन्थ्यो । मल्लकालका तीनै राज्यका दरवारमा प्रसाद रुप लगिनेकुरा पनि थाहा पाइन्छ[52] ।

श्रावण संक्रान्ति

यसदिन नारायण मन्दिरको नैऋत्यकोणमा पेटीमा लिपपोत गरी

काँचो ईंट राखी ब्राह्मणद्वारा पूजा गरी पूजा समाप्ति पछि काँचो ईंटमाथि कुखुराको बलि दिइन्छ र टाउको पूर्वपट्टि फ्याँकी लूतो फाल्ने कार्य गरिन्छ[53]।

श्रावण शुक्ल पंचमी [नाग पंचमी]

यो दिन चाँगुको शङ्ख दहमा ठूलो मेला लाग्दछ। शंख दहमा स्नान गरी नारायण तथा कीलेश्वरको दर्शन गरे मुक्ति पाइन्छ भन्ने लोक धारण रहेको छ र टाढाबाट भक्तहरू जम्मा हुने गर्दछन्।

श्रावण शुक्ल नवमी

यो दिन श्री नारायणको जलप्रसाद लिई भँडेलहरू गुन पो (गुण कामदेवको दरवार) हनुमान ढोका दरवारमा श्रावण शुक्ल द्वादशीका दिन राजकीय सम्मानसाथ श्री नारायणलाई लिन आउनू भनी सूचना गर्दछन्[54]।

श्रावण शुक्ल द्वादशीपर्वको लोक कथा

पुरातन समयमा राजाले सँधै नारायणको दर्शन गरेर मात्र भोजन गर्थे। एकदिन मनमतीमा ठूलो वाढी आई तर्न नसक्दा राजालाई भोकै सुत्नु पर्‍यो। भक्तको कष्ट देखेर राजालाई सपना भयो– "अबदेखि सँधै दर्शनमा आउनु पर्दैन, वर्षको एक पल्ट श्रावण शुक्ल द्वादशीका दिन तिमी र तिम्रा उत्तराधिकारी वसेकै ठाउँमा म आएर दर्शन दिने छु"।

नारायणको यस्तो अनुग्रह पाए पछि श्री नारायणका सुसारे मार्फत सूचना पाए पछि श्रावण शुक्ल एकादशीका दिन नारायणको सवारी चलाउन एउटा सेतो घोडा र केही सैनिक गारत चाँगु पठाइ दिने परम्परा छ। भोलि-पल्ट राजकीय सम्मानका साथ श्री नारायण, लक्ष्मी र सरस्वतीको प्रतीक रुपमा आवहन गरिएका चाँदीका तीन कलश (घडा) हरू राजदरवारमा भित्र्याइन्छ र राजाले दरवारमै श्री नारायणको दर्शन पाउँछन्।

श्रावण शुक्ल द्वादशीको दिन विहान नित्य पूजा सकी दूधे कर्कलाको पायस पकाई नारायणलाई भोग लगाइन्छ। यसपछिनै राजदरवारमा सवारी चलाइन्छ।

दूधे कर्कलो भोग चढाउने विषयमा पनि परम्परागत एउटा अनुश्रुति चलेको पाइन्छ। त्यो यस्तो छ– अघि राजा विश्वदेव (वृषदेव ?) राजाका पालामा ठूलो अनिकाल पर्‍यो। भोका मानिसले देवताका गुठीको अन्न पनि मासेर खान थाले। अनिकालले गर्दा राजा र देशका ब्राह्मण पनि लोभी भए।

यसले गर्दा वनमा भएका फल फूल कन्दमूलहरू पनि देवार्पण नगरीकन खान लागे ।

यो अविवेकी समाज देखेर वनदेवता रिसाएर जङ्गलमा हुने दूधेकर्कलो पनि विषाक्त हुने श्राप दिए । यस पछि त सबैमा दूधेकर्कलो खाएकोले महामारी फैलियो । यसबाट धेरै मानिस नोक्सान भए पछि एक दिन नारायणको पुजारीलाई सपनामा आज्ञा भयो– श्रावण शुक्ल द्वादशीमा दूधेकर्कलाको खीर पकाई मलाई भोग लगाउनु र त्यसपछि स्वस्तिशान्ति गर्नु महामारी शान्त हुन्छ । -

यो सपना भएको कुरा पुजारीले राजामा विन्ति गरे । दूधे कर्कलाको भोग लगाई शान्तिस्वस्ति गरेपछि महामारी शान्त भयो ।

यो कुराको उल्लेख दशयवर्ष अघि संकलन गरिएको गोपाल वंशावलीमा पनि उल्लेख भएको छ र यस प्रसङ्गबाट यो परम्परा निकै पुरानो भएको बोध हुन्छ ।

कर्कलाको भोग लगाइसके पछि नारायणको प्रतिनिधित्व गर्ने कलश तथा अन्य कलशको पनि विशेष पूजा गर्दछन् । यो बेला पुजारीले ढोका बन्द गर्दछन् । महाने लठ्ठी लिएर ढोका बाहिर पालो बस्दछ ।

विशेष पूजा सकेपछि तीनै ओटा कलशको मुख पीताम्बरले ढाकिन्छ । त्यो ढाकीएको मुखमा गरुड नारायण नामाङ्कित मुद्राले श्रीखण्डद्वारा छाप लगाइन्छ र शीलबन्दी गरिन्छ ।

नङ केश गरी शुद्ध भइ निराहार बसेका तीनजना भँडेलहरूले उक्त नारायण, लक्ष्मी र सरस्वतीका प्रतीक तीन कलशहरू बोक्दछन् । मन्दिरबाट कलश बाहिर ल्याउँदा माहाने दण्डालिएर अघि लाग्दछ, भँडेल नाइकेहरूले चमर पंखा हाक्दछन् । बाजा गाजा र सवारी लिन गएका फौजी कडीकासाथ भक्तहरूको पूजा ग्रहण गर्दै पश्चिम ढोकाबाट हनुमान ढोका दरबारको लागि नारायणको सवारी चलाइन्छ । शङ्खदह, दुमाखाल, नागदह, हत्यामोचन, बौद्ध, चावहिल, ज्ञानेश्वर सानो गौचर, नक्साल नाग पोखरी, कमलादीको उत्तरी सडक हुदै जमलको पाटीमा ल्याएर लिपपोत सफाई गरीएको ठाउँमा ती कलशहरूलाई सफा आसनीमा राखिन्छ । यसपछि हनुमान ढोकाबाट राजकीय खड्गलिने राज प्रतिनिधि अघि लगाएर आएको गुरुज्यूको पल्टनले राजकीय संमान साथ श्री चाँगु नारायणको सवारी चलाउँछन् डयौडा सुरुवाल र जामा लगाएका जामा

माथि पटुका बाँधेर रातो विर्कटोपी लगाएका नारायणका पुजारीले नारायणको कलश बोकेपछि बडाईं गर्दै कमलाक्षी, असन, इन्द्रचोक, मखन भएर हनुमान ढोका (सिंहद्वार) मा पुऱ्याइन्छ ।

मल्लकालमा राजा र राजपरिवारका सदस्य समेत जमलमै आएर स्वागत गरी नारायणको सवारी दरबारमा चलाउँथे । अब यो स्वागत राज प्रतिनिधि खड्गद्वारा सम्पन्न गरिन्छ ।

नारायण सिंह ढोकामा आई पुग्नु अगाडिनै श्री कुमारीको सवारी स्वागतार्थ त्याहाँ पुऱ्याइएको हुन्छ । सिंहद्वारमा ती कलशहरूको विशेष रुपमा स्वागत पूजा हुन्छ । नारायण, लक्ष्मी र सरस्वतीको पूजा हुँदा साथै कुमारीको पनि पूजा हुन्छ । यस पछि सिंहद्वारबाट भित्र लगी तुलजा मन्दिरको दक्षिण पट्टि मूलचोकको पूर्वोत्तर कुनाको गुन- पो दरबारको भुइँतलामा धातुनिर्मित सिंहासनमा ती कलशहरू राखिन्छन् । त्याहाँ पनि तुलजाका पुजारी समेत भएर विशेष पूजा सम्पन्न हुन्छ ।

गुन- पो (गुण-दरबार) को त्यो पूजा सम्पादन भएपछि ती तीनै कलश-हरू नारायणहिटी राज दरबारमा पुऱ्याइन्छ । राजदरबारको प्राङ्गणको पवित्र आसनमा राखिएका कलशको श्री ५ महाराजाधिराज तथा राजपरिवारका सद-स्यहरूबाट पूजा र बन्दना गरिन्छ । श्रीखण्डको शील छाप जाँच गरी घडाको पीताम्बर खोली श्री ५ बाट जल प्रसाद ग्रहण गरिबक्से पछि तीनओटै कलश पुन गुनपो (हनुमान ढोका) दरबारमा पुऱ्याई विसर्जन पूजा सम्पन्न गरिन्छ । अनि त्याहाँ जल प्रसाद वितरण हुन्छ र त्यसपछि विष्णुमती नदीमा लगी तीनटै कलशको जल सेलाइन्छ । श्री नारायणको कलश त्यही दिन चाँगुमा फिर्तालगी बेलुकाको आरती गर्नु पर्ने परम्परा रहेको छ । बाँकी दुइ कलश चाँहि भँडेल-हरूले भोलिपल्ट चाँगु पुऱ्याउँछन्[55] ।

भाद्र कृष्ण अष्टमी (कृष्ण जन्माष्टमी)

कृष्णाष्टमीमा पनि चाँगु नारायणमा मेला लाग्दछ । त्यसदिन विहानै देखि दर्शनार्थीहरूको घुइँचो हुन्छ र रात्रिमा दीपावलि हुन्छ । रात भरि जाग्राम गर्ने र दीपावली गर्ने भक्तजनहरू प्रशस्तै हुन्छन् ।

श्री नारायणको बेलुकाको आरती सकेपछि नारायणलाई पर्दाले छोपी लावा अबिर फूल चन्दनले जन्माष्टमी पर्वको विशेष पूजा गरिन्छ । पूजा पछि छोपेको पर्दा झिकी श्री कृष्ण जन्मेको अभिनय गर्दै पुनः विशेष पूजा सम्पन्न

हुन्छ। नून, चाकु, अदुवा र जुआनु हालेर बनाएको विशेष परिकार नैवेद्य चढाइन्छ।

आधारात भए पछि पुजारीको घरमा रहेको कृष्णमूर्तिको पूजा हुन्छ। स्थानीय जनताले यो पूजामा भाग लिन्छन्। यहाँ पनि नून, चाकु, अदुआ, जुआनु, राखेको विशेष नैवेद्य चढाइन्छ।

रात्रिको दीपावली जाग्राम आदि उत्सव सकी विहान शंखदहमा स्नान र ब्राह्मण भोजनको कार्यक्रम पछि श्री नारायणका पुजारीको घरबाट श्री कृष्णको मूर्ति रथमा राखी वाद्यवादनकासाथ चाँगु गढको परिक्रमा गराइन्छ। रथ घुमाउँदा लावा अबिर फूल सिन्दूरले पर्सदै चमर पंखा हम्कदै धुमधाम उत्सव गर्दै श्री नारायणको स्थानमा पुगेर जात्रा विसर्जनको फूल प्रसाद बाँडिन्छ[56]।

भाद्र शुक्ल द्वादशी

यो दिन नारायणका मन्दिर भन्दा पूर्वको प्राङ्गणमा इन्द्रध्वजाको स्थापना गर्ने काम हुन्छ। लिङ्गो खडा गरेपछि आठ दिनसम्म विभिन्न किसिमका सांस्कृतिक प्रदर्शन नाच गान चल्दछन् र पूर्णिमाको दिन इन्द्र जात्रा विसर्जन गरी दही चिउराको भोज खाने परम्परा छ।

आश्विन शुक्लपक्षको नवरात्रपर्व

परेवाको दिन पानी घडीबाट साइत हेरी जमराराखने कार्य सम्पादन गरिन्छ। प्रति पदा देखि फूलपातीका दिनसम्म चण्डीपाठ, महाकाली महालक्ष्मी र महा सरस्वतीको आवाहन्, पूजन, वन्दना गरिन्छ। यसैदिन फूलपाती चउरमा (कालीदह नजीक) बोकाको बलिदान गरी सुसाइतमा फूलपाती लिई दशैंघर भित्र्याइन्छ र विधिविधान साथ पूजा हुन्छ। फूलपाती ल्याउँदा वाजागाजाका साथ नाच गान गर्दै उत्सव गरी भित्र्याउने परम्परा छ।

आश्विन शुक्ल अष्टमी र नवमीमा दशैंघर छिन्नमस्ताका मन्दिरमा बलिदानको कार्यक्रम हुन्छ। कोतमा राँगा र वोकाको बलिहुन्छ। अन्य भक्तजनहरूले पनि छिन्नमस्तामा बलि चढाउँछन्। दशमीको दिन विधिवत् अपराजित जया विजयाको पूजा सम्पादन गरी विसर्जन गरिन्छ र जमरा टीका लगाउने उत्सव हुन्छ[57]।

आश्विन शुक्ल पूर्णिमा

आश्विन पूर्णिमाको दिन देखि कार्तिक पूर्णिमासम्म एक महिना कार्तिक

स्नान, तुलसी दामोदरको पूजन र व्रत गर्ने महात्म्य, पद्मपुराण सनत्कुमार संहिता आदि पौराणिक ग्रन्थमा वर्णन गरिएको छ । यो एक महीनाभर आकाशदीप बाल्ने कुरा पनि पुराणहरूमानै वर्णन भएको हुँदा तदनुसार बाँसको लिङ्गो उभ्याई आकाशदीप बाल्ने परम्परा लिच्छविकाल देखि नै चल्दै आई मल्लकाल तथा शाहकाल (वर्तमान सम्म) चल्दै रहेको छ ।

लिच्छविकालका अभिलेखमा प्रदीप गोष्ठी, ध्वज गोष्ठी, आदिको उल्लेख पाइने हुँदा यो परम्परा प्राचीन हो भन्ने निश्चय हुन्छ र मल्ल कालमा प्रदीप गोष्ठीको गुठी रहेको, दियाहरू चढाएको, महीना भरि बत्ती बाल्ने व्यवस्था र दीपमाला आदिको व्यवस्था गरी जग्गा गुठी राखेको थुप्रै अभिलेख प्राप्त छन् ।

आश्विन पूर्णिमाका दिनमा प्रदीप गोष्ठीका गुठियारहरूले नारायण मन्दिरका वरिपरि राखिएका पालाहरू सफा गरी पालामा बत्ती राख्ने काम एक समूहले गर्दछ र अर्को समूहले पालामा तेल राख्तछ । प्रतिदिन एक पाथी तेल यो चाक्रमत (दीपावलिका) मा खर्च गरिन्छ । बस बाहेक बत्ती बाल्ने अरू गुठीहरू पनि अभिलेखबाट थाहा पाइन्छ । कार्तिक वैष्णव व्रत गर्ने महीना भएकोले वैष्णव मन्दिरमा यो प्रथा शास्त्रीय नै हो । अन्य देवालय-हरुमा पनि कार्तिकमा दीपदान गर्ने परम्परा नेपालमा पाइन्छ ।

कार्तिक शुक्ल सप्तमी र अष्टमीपर्व

उपर्युक्त दिनमा भक्तजनहरूद्वारा राखिएका गुठीबाट श्री नारायण र कीलेश्वर तथा छिन्नमस्ताको विशेषपूजा हुन्छ । अष्टमीका दिन श्री नारायण-स्थान अगाडि उभ्याइएका पाषाण स्तंभहरूमा राखिएका शंख, चक्र, गदा, पद्म, आदि आयुधहरूको वर्षबन्धन पूजा सम्पादन गरिन्छ ।

कार्तिक शुक्ल नवमी

कार्तिक शुक्ल नवमीलाई युगादि नवमी वा कुष्माण्ड नवमी भन्ने चलन छ । यसैमिन देखि सत्ययुग फिर्छ, यो दिन गरेको दान अक्षय (कहिले नाश नहुने) हुन्छ भन्ने शास्त्रको कथन छ । अतः यो पौराणिक कालदेखिकै पर्व भएकोले लिच्छवि काल देखिनै यसको महत्व रहेको थियो । यसदिन चाँगुमा मेला लाग्दछ । यसैदिन राजा अंशुवर्माका भानिजले चाँगुमा ढुंगेधारा बनाएको कुरा अभिलेखबाट थाहा पाइएको छ । भोगवर्माद्वारा निर्मित यी धारा कारण-

वश बन्द हुँदा पछिका विष्णुगुप्त द्वारा मर्मत भएको थियो। यसैदिन यी धाराहरुको वर्ष वन्धन गर्ने परम्परा अद्यावधि चलेकै छ।

यो नवमीका दिन भक्तजनहरू मनोहरामा स्नान गरी कालो तिल छर्दै चाँगुको परिक्रमा गर्दछन्। कुभिण्डोमा सुनराखी अन्न जल सहित दान गर्ने परम्परा चलेकै छ। दिन भरि दान-धर्म, पूजा, दर्शन गरी रात्रिमा महादीप बाली उत्सव गरिन्छ।

कार्तिक शुक्ल एकादशी

यो शुक्ल एकादशीलाई हरिवोधनी एकादशी भन्ने शास्त्रको वचन छ। आषाड शुक्ल एकादशीमा वलिराजाका ढोकामा पुगी सुतेका नारायण यसैदिन जागा भई वैकुण्ड जान्छन् भन्ने पौराणिक आख्यान पाइन्छ।

कार्तिक शुक्ल एकादशीको दिन उपत्यकाका चार दिशामा स्थापित चाँगु नारायण, शिखर नारायण (फर्पिङ), इचंखु नारायण पश्चिम भीमढुंगा नजीक र विशंखु नारायण पूर्वदक्षिणमा रहेका छन्। यी नारायण कसले कहिले स्थापना गरे भन्ने ठोस प्रमाण पाइएको छैन तापनि गोपाल वंशावलीको कथन अनुसार लिच्छवि राजा हरिदत्तले चार नारायणको मन्दिर बनाएका थिए। यिनको ऐतिहासिकता चाँहि अभिलेखबाट स्पष्ट भएको छ र समय निर्धारण गर्दा दोस्रो शतीको मध्य भागतिर मन्दिर वनाएको अनुमान हुन्छ।

चार नारायणको स्थापना पछि नै कार्तिक शुक्ल एकादशीका दिन चारै नारायण घुमेर दर्शन गर्ने परम्परा चलेको हुनुपर्छ। यसदिन विशेष पूजा पर्वको व्यवस्थाको साथै बाटोघाटो बनाउने, मन्दिरको सरसफाई गर्ने र द्वादशीको दिन श्री लोकपाल स्वामीको प्रतिष्टा भएको दिनहुँदा ब्राह्मणलाई शान्तिस्वस्तिको २५ पुराण दिनु भन्ने र द्रङ्ग सीमाभित्रका ब्राह्मण देखि चाण्डालसम्मका व्यक्तिलाई घिउ युक्त खानेकुराहरूको भोजन गराउनु भन्ने कुरा उल्लेख भएको शिला पत्र लिच्छवि राजा नरेन्द्रदेवले अनन्त लिङ्गेश्वर (भक्तपुर सूर्य विनायक देखि दक्षिण पट्टि -लिच्छवीकालको अभिलेख-धनवज्र १२९ पृ. ४८५) को पूर्वपट्टि ओर्लने ठाउँमा राखेका थिए।

यहाँ लोकपाल स्वामिनः भनेर षष्ठी एक वचन प्रयुक्त भएको छ तापनि लोकपाल शब्दले (दिक्पाल) का रुपमा स्थापित चारै नारायणको लागि यो शिलापत्रद्वारा व्यवस्था गरिएको कुरा थाहा हुन्छ। यस्तै शिलापत्र अरु नारायण नजीक पनि राखिएका हुँदा हुन्, किन्तु ती प्राप्त हुन सकेका छैनन्।

लोकपालको रुपमा मानिएका नारायण एउटा मात्र होइनन् र यो अभिलेख रहेका स्थान नजीकका नारायणलाई मात्रै भनिएको पनि होइन भन्ने पनि अडकल गर्न सकिन्छ ।

लिच्छवि कालदेखि चारै नारायणको दर्शन गर्ने परम्परा चल्दै आएर मल्लकाल र त्यसपछि आजसम्म पनि शहर भन्दा वाहिरका गाउँमा बस्ने ग्रामीण समाजमा यो स्थिति कायम छ । पैदल यात्रा गरी चारै नारायणको दर्शन गर्दा करीव १५ X १६ कोशको चक्कड पर्दछ । यसकारण, यो दर्शन गर्ने क्रम स्वस्थ युवक युवती द्वारामात्र संभव हुन्छ र झोकै यो भ्रमण गर्दा निकै नै कष्टको सामना गर्नुपर्छ ।

चाँगु नारायणमा सरसफाई गर्ने कार्य दशमीकै दिन हुन्छ । चारै नारायण घुम्नेबाटहरूको मर्मत र धुले पुलहरू बनाउने परम्परा पनि लिच्छविकालदेखि नै चल्दै आयो र यस्ता पुल, बाटो मर्मत र मन्दिरको सुघ्घर सफाईको निम्ति श्रद्धालुजनहरूले प्रशस्तै गुठी राखेका छन् ।

एकादशीका दिन विहानैदेखि दर्शनार्थीको मन्दिरमा भीड लाग्छ । भजन मण्डलीहरू मन्दिर अगाडि बसेर भजन गर्दछन् । तावाँका ठूला-ठूला खँडकुलामा सर्वत बनाई दर्शनार्थी, व्रतालुहरूमा बाँडिन्छ । पानी गुठीका गुठियारहरूले च्याम्पामा पानी भरेर तिर्खाएका व्यक्तिलाई पियाउँछन् । श्री चाँगु नारायणमा यो दिन ब्राह्मण, अतिथि अभ्यागत (कहिले काहिं मात्रै आउने व्यक्तिहरू) लाई पनि भोजन गराइन्छ ।

एकादशीको दिन मध्यान्हतिर राजदरवारबाट पूजाको सामग्री र महादीप नारायण स्थानमा पठाइन्छ । यस्तो पूजाको सामान यसदिन चारै नारायणमा राजदरवारबाट जाने प्रचीनकाल देखिको परम्परा थियो र आजसम्म चल्दैछ ।

संध्याकालमा विशेष प्रकारको पानसमा महादीप बालिन्छ। कीलेश्वर र छिन्नमस्तामा पनि दीपावली हुन्छ । यो एकादशीको दिन रातभरि श्री चाँगु नारायणको मन्दिर दर्शनार्थीका लागि खुला रहन्छ ।

चारै नारायणको दर्शन गर्ने, सरसफाइ र पूजा गर्ने परम्पराको लिच्छविकाल देखि नै अटूट रुपले पालना हुँदै आएको कुरा अभिलेखहरूले इंगित गर्छन् भने दिक्पालको रुपमा चारै नारायणको स्थापना पनि संगै भएको रहेछ

भन्ने कुराको पनि संकेत पाइन्छ । शहर वजारको नजीक पर्नेको पूजा आजा र दर्शनमा वढ्ता भीड हुनु तथा बढी गुठीको व्यवस्था हुनु स्वाभाविक हुन्छ । यसैकारणले चाँगु नारायण र प्राचीन शहरकै रुपमा विकसित फर्पिङ्को शेष नारायण (शिखर नारायण वा शिखा नारान) को पूजा पर्व र जात्राहरूको विशेष भीडभाड देखिन्छ ।

कार्तिक शुक्ल द्वादशी

द्वादशीका दिन विहानको नित्यपूजा पछि पञ्चामृतले विशेषपूजा र होम गरिन्छ । साँझमा आरतीको विधान पछि ठूलो त्रिखुट्टीयुक्त पानसमा अखण्ड दीपदान गरिन्छ । आरती गरेको बत्तीबाट यो महादीप जगाइन्छ र वरिपरि पनि दीपावली गरिन्छ । यो दीप भव्य आकर्षक हुन्छ र यो दर्शन गर्न तीनै शहर र बाहिरका गाउँबाट पनि प्रशस्त दर्शनार्थीहरू आउँछन् । त्रयोदशीका दिन विहान नित्यपूजा गर्दा यही अखण्ड दीपबाट बत्ती जगाई विसर्जन पूजा सम्पन्न गरिन्छ[58] ।

पूर्णिमा

कार्तिक शुक्ल पूर्णिमाको दिन विहान भक्तपुर भजन गुठीका गुठियारले पायस र अन्य पक्वान्न सहितको विविध पूजा सामाग्री ल्याई नारायणको पूजा गर्दछन् । यसपछि कीलेश्वर र छिन्नमस्ताको अर्चना गरिन्छ । पूजापछि भजन मण्डलीहरू दुई भागमा बिभाजित भइ जुहारी खेल्ने रुपमा भजन गाउँछन् ।

यो दिन नारायण मन्दिर अगाडिको ढुङ्गाको ठूलो गरुडको विशेष रुपमा पूजा हुन्छ । गरुडको पूजागर्ने भँडेल खलकलाई "तासी खल" अर्थात् हराएका मानिस भन्ने चलन छ ।

गरुडको पूजागर्दा शुद्ध जलले पहिले गरुडलाई स्नान गराई निगालाको आगो बाली, तेल मालिश गरिन्छ । गरुडको आँगभरि तेल मर्दन पछि विशेष पूजा हुन्छ । गरुडको पूजागरी बाँकी बसेको सामग्रीले नारायणको पूजा हुन्छ । यो दिन गरुडको पूजा नभई नारायणको पूजा नगर्ने लोक धारणा रहेको पाइन्छ जसको आधार एउटा अनुश्रुति छः—

कुनै एक समयमा नारायण र नारायण अगाडिको ढुङ्गे खम्बामा बसेका गरुड बीच झगडा भएछ र क्रूद्ध भएका नारायणले सुदर्शन चक्रले खम्म्बा काटिदिदा गरुड भाग्न नभ्याई स्तंभसंगै लडेछन् र उनलाई निकैनै चोट लागेछ । नारायण अझै क्रूद्ध नै रहेको देखि हतारोसंग उठेर गरुडले कुलेलाम

ठोकेर मनमती पारी पुगेछन् । यो घटना थाहा पाएर नारायणका सुसारेमध्ये तासिखल (भँडेल) हरूले गरुडलाई संझाई बुझाई फर्काउने चेष्टा गर्दा नमाने पछि, अब सँधै आजको दिनमा (पूर्णिमा) सेकताप सुश्रुषा गरी पहिले तिम्रो पूजा मर्यादा गरी त्यसपछिमात्र नारायणको पूजा गरौंला भनी कबूल गरेपछि माने-छन् र बोकी ल्याई नारायणको सामु नपर्ने गरी राखिदिएछन् । त्यसपछि कार्तिक शुक्ल पूर्णिमामा गरुडको पूजापछि नारायणको पूजा गर्ने परम्परा चल्यो ।

उपर्युक्त कथाबाट कुनै कारण परी खम्बा ढलेको, गरुडलाई चोट लागे-को र भँडेलहरूले उठाई राखेको कथालाई सम्झाउँछ । यस किसिमको विघ्नलाई विना नारायणको प्रकोप नभई हुन नसक्ने धार्मिक आस्थावान्‌हरूको परिकल्प-नाले यो कथाको जन्म भएको छ र गरुडको पूजा पछि नारायणको पूजा गर्दा शास्त्रीय मर्यादामा त्यति खलल पनि पर्दैन । पार्षद वाहन तथा आवरण (सहायक) देवताको पूजा पछि मूल देवताको पूजागर्ने पद्धतिहरू पनि पाइन्छन् ।

पूर्णिमाको दिन बेलुका चाँगुका सबै टोलहरूमा "हलिमण्ड" मकै भटमास तथा अन्य गेडा भुटेर खाने र यही चीज नारायण स्थानमा भजन गर्ने मण्डलीका बीचमा पनि लगी राखिने चलन छ । भजन गाउँदै पुजारीले तुलसी पूजा गर्दछन् । भजन र पूजा पछि पुजारीले तीन अंजुली "हलिमण्ड" प्रसाद रुपमा ग्रहण गरे पछि अरुले पनि त्यो प्रसाद ग्रहण गर्छन् ।

मार्ग शुक्ल एकादशी

यो एकादशीका दिन चाँगुका पुजारीका घरमा चार जना ब्राह्मणहरू द्वारा महास्नानको निमन्त्रणा पूजा हुन्छ । भँडेलहरूले पनि सत्तलमा निमन्त्रणा पूजा गर्दछन् । यसैदिन कुँछेंका भैरवको बर्षवन्धनपर्व पर्ने भएकोले त्याहाँ पनि निमंत्रणा पुजा हुन्छ[59] ।

मार्ग शुक्ल द्वादशीको महास्नान पर्व

श्री चाँगु नारायणमा मार्ग शुक्ल द्वादशीमा संपन्न गरिने महास्नानपर्व अन्य वार्षिक पर्वहरू भन्दा विशिष्ट छ । यसदिन बिहान कुँछेंबाट पीठ पूजाका लागि विविध सामग्रीहरु ठाउँ ठाउँमा पठाइन्छ । पहिले गणेशको पूजा हुन्छ । त्यस पछि कान्ति भैरवको पूजा र (थुम्वा) भेंडो वलि हुन्छ । श्वेत विनायक, शंखचक्र स्थित गणेश भैरवमा पूजा र वोकाको वलिदान गरिन्छ ।

छिन्नमस्तामा पूजा पछि त्रिवलिपूजा (हाँस, बोका र राँगा) हुन्छ। यस्तै चाँगुका अन्य पीठ देवी देवताको पनि विशेषपूजा र हाँसको वलिदान गरिन्छ।

महास्नान पर्वका निम्ति चाहिने सामान गुठीयार र गुठिसंस्थानवाट संचय गरिन्छ। गुठीको आयस्ता खाने कुमालेले चाहिने माटाका भाँडाहरू उपलब्ध गराउँछन्। चित्रकारले माटाका कलशहरूमा चित्र लेख्ने काम गर्दछन्। यसपछि श्री नारायण मन्दिर वरिपरिका देवी देवताका मूर्तिमा रङ्ग भर्ने काम गरिन्छ। पुजारीले प्रातः पूजासकी हवनको यज्ञ प्रारम्भ गर्दछन्। कुसले, दमाई र कसाईद्वारा विहानैदेखि बाजा वजाइन्छ। होतालाई यजमानले पाउ धोई कुशासन राख्दछन्। पंचगव्य साधन पछि प्रतिज्ञा संकल्प, गोदान र पंचवलि पूजा हुन्छ। शिव-शक्ति कलशको चराशन र स्थिरासन पूजा गरिन्छ। यसपछि त्रिपूजा (लावा ब्रीही र बीचमा कुचो राखी गरिने पूजा) र यज्ञ मण्डपमा परिक्रमापूजा (वरिपरिका आवरणदेवता पूजा) हुन्छ। चारजना ब्राह्मणवाट कलश पूजा र हवन सम्पादन गरिन्छ। स्थण्डिल (चौका) तथा दिक्पाल कलश पूजा गर्ने कार्य जोशीहरूवाट हुन्छ। कर्मचार्यहरूवाट छिन्नमस्तामा त्रिवलिपूजा र देशवलिपूजा गरिन्छ।

हवनको विधिपछि पंचामृतले भरिएका दश ओटा घडाहरूमा वेदोक्त, मंत्र र पूजाविधिले पूजा गरिन्छ। त्यसपछि बाह्रभाइ भँडेलले ती पंचामृतयुक्त चित्रकलात्मक दश घडा बोक्तछन्। यजमानले पताका, होताले श्रुवा (शुरो) चडंवा लावाको ढकी बोकी लावाछर्दै मंत्रोच्चारण गर्दै एक जोडी गाईका साथ मन्दिरको परिक्रमा गर्दछन्।

तीन पटक मन्दिरको यसरी प्रदक्षिणा गरेपछि श्री नारायणको शिरो भाग झिकी पंचामृत भरिएका उल्लिखित घडाहरूले वेदका मंत्रहरूको वाचन गरी पुजारीले नारायणको महास्नान गर्दछन्। यस बेला शंख घण्टको तुमुलध्वनिले र विभिन्न समूहको वाद्यध्वनिद्वारा चाँगु शिखर नै गुन्जायमान हुन्छ।

यसरी वैदिक विधिद्वारा सम्पन्न महास्नानको कर्म सम्पन्न भए पछि श्री नारायणको शिर यथास्थानमा राखेर पूजाविधान गरिन्छ।

एउटा लम्बेपताका श्री नारायण मन्दिरको गजूरमा बेह्रेर योमरी र लावा साथ मन्दिरको अगाडिपट्टिवाट खसाइन्छ। यसरी खसालिएको पताका यज्ञमान हुनेले भुइँमा नपारी चाँदीको थालमा थाप्दछन्। पताका भुइँमा खस्यो भने यजमानलाई अनिष्ट गर्छ भन्ने जनविश्वास छ।

ध्वजारोहण कार्य पछि गाईको पूजा गरिन्छ । यसपछि पतपान (मन्दिर अगाडिको दःवुमा रेखीहाली त्यसमाथि १०८ पाथी धान राखेर त्यो राशिभित्र एक तोला सुन राखी, धान माथि कुभिण्डाको भैरव मूर्ति बनाई कालो कपडाले ढाक्दछन्) दःवुको चारैतिर पंचामृतका घडा र दुई दुई भिउँटमा व्रीही राखी कर्माचार्यले पूजा गर्दछन् । गाईलाई पंचसूत्र धागोले बेरेर नारायणसंग स्पर्श गराउनु पर्छ । यस पछि गाईदान र 'गुरुमण्डल' पूजा गरी हवनको पूर्णाहुति गरिन्छ ।

श्री नारायणको महास्नान पर्वको विशेष पर्वपूजाको लागि श्री ५ गीर्वाण युद्ध विक्रम शाहबाट १८५६ सालमा ५३० मुरी खेत गुठी रहेको तावाँ पत्र लालमोहरहरूबाट देखिन्छ ।

मार्ग शुक्ल द्वादशीमा सम्पादन गरिने यो महास्नान सहितको महापूजा पर्वको कार्य समप्ति भए पछि महास्नान पर्वमा प्रयुक्त कलशहरू निम्न प्रकारले बाँड्ने परम्परा छः-

१) इन्द्रकलश··· ··· ··· श्री ५ महाराजाधिराज
२) शिव शक्ति कलश··· ··· ··· यजमान
३) श्री लक्ष्मी कलश··· ··· ··· यजमान पत्नी
४) श्री पुण्डरिक कलश ·· ··· ··· ब्राह्मण
५) श्री वत्स कलश··· ··· ··· होता
६) ध्वज कलश··· ··· ··· जोशी
७) कलश कलश (शान्ति कलश) कर्माचार्य
८) चमर कलश ··· ··· ··· चित्रकार
९) मच्छे कलश (मत्स्य कलश··· ··· नाउ
१०) छत्र कलश··· ··· ··· ऋत्विक (ब्राह्मण)
११) शंख कलश ··· ··· ··· उप ऋत्विक (")
१२) मूर्ति कलश ··· ··· ··· नारायण स्थानमा
१३) नाग कलश ··· ··· ··· धारा वा इनार
१४) यम कलश ··· ··· ··· नदी
१५) नाग कलश ··· ··· ··· जल ल्याउने ब्राह्मण
१६) शंख कलश ··· ··· ··· कीलेश्वरका पुजारी
१७) चक्र कलश ··· ··· ··· छिन्नमस्ताका पुजारी
१८) गदा कलश ··· ··· ··· श्री नारायणका पुजारी

१९) पद्म कलश ··· ··· ··· पूजाको सामान ल्याउने ब्राह्मण
२०) शङ्ख कलश ··· ··· ···
२१) चक्र कलश ··· ··· ··· वाह्रभाइ भँडेलहरू
२२) गदा कलश ··· ··· ···
२३) पद्म कलश ··· ··· ···
२४) चक्र कलश ··· ··· ··· थकाली
२५) पद्म कलश ··· ··· ··· कोठामचा...

यस महान पर्वमा अभिशेष लिन आउने जनसमूहलाई चन्दन, पञ्चसूत्र र प्रसादहरू वितरण गरिन्छ। यजमान हुने व्यक्तिका दम्पतीलाई "अग्नि होत्र रक्षा सिफारती" प्रतिष्टा गरिन्छ।

दःवुको 'लुँकाय' (धानको राशिमा लुकाएको सुन खोज्ने काम) बज-नियाहरूले गर्दछन् र सुन पाउने व्यक्तिलाई मूल्य दिई सुन फिर्ता गरिन्छ। धान लगायत बाँकी अन्य सबै सामान कुसलेहरूले बाँडी लिन्छन्।

वेलुकाको नित्य आरती पछि रात भरि श्री नारायण, श्री कीलेश्वर र छिन्नमस्ताका मन्दिरमा महाँदीप बालिन्छ[67]।

मार्ग शुक्ल त्रयोदशी

मार्ग शुक्ल त्रयोदशीका दिनमा प्रातः शंखदहस्थित भैरवमा कालो भेडो बलिदान गरिन्छ। भँडेल र सबै गुठियारहरू भेलाभएर रात्रिमा भोज खान्छन्। यो भोजलाई 'म्हेम्वय' गुठी भन्दछन्।

भोलिपल्ट अर्थात् चतुर्दशीका दिनमा नारायण स्थानमा विहान ब्राह्मण भोजनको कार्यक्रम हुन्छ।

पूर्णिमाको दिनमा पहिले चतुर्थी पूजा गरिन्छ र त्यसपछिमात्र नारायण कीलेश्वर तथा छिन्नमस्ताको नित्य पूजा हुन्छ। छिन्नमस्तामा यो दिन बोकाको वलिदान पनि हुन्छ। पूर्णिमाको भोलिपल्ट अर्थात् पौष कृष्ण परेवाको दिन विर्सजनपूजा गरिन्छ। विसर्जन पूजा कीलेश्वरमा पनि गरिन्छ र छिन्नमस्तामा बोकाको वलिदान सहित विसर्जन पूजा गरिन्छ।

पौष कृष्ण चतुर्दशी

यो दिन मिला सिं गुठीका गुठियारले छिन्नमस्ताको पूजागरी बोकाको वलि चढाउँछन्। अपरान्ह छिन्नमस्ताका अगाडि हवन गर्ने काम हुन्छ। होम

गर्ने काम सकिए पछि त्यसै जग्गेको आगोबाट डुइँयाहरूले "मिला सिं" (दाउराको खलियो) लाई तीन पटक प्रदक्षिणा गरी अग्निजगाई तापने काम गरिन्छ[66]।

पौष शुक्ल पूर्णिमा

पौष शुक्ल पूर्णिमाको दिन पुनः श्री चाँगु नारायणको सवारी हनुमान ढोका दरवारमा चलाइन्छ । श्रावण शुक्ल द्वादशीकै जस्तो विधि विधान भएता पनि केही विषयहरू पृथक छन् ।

पौष शुक्ल पूर्णिमामा नित्य पूजा पछि सिस्नुको पायस पकाई नारायणलाई भोग लगाइन्छ। यसको के अर्थ हो, त्यसको अनुश्रुति पनि लोप भइसकेको छ। श्रावण शुक्लमा दूधे कर्कलाको पायस भोग लगाउने अनुश्रुतिका साथै वंशावलीमा उल्लेख पनि छ। किन्तु सिस्नाको भोगवारे केही थाहा भएन ।

श्रावणकै जस्तो श्री नारायण, लक्ष्मी र सरस्वतीको आवाहन गरी प्रतीक रुपमा पूजित तीनै ओटा चाँदीका कलश राजकीय संमानका साथ पहिले हनुमान ढोका (गुन-पो) दरवार लगी पूजा गरी पुनः नारायणहिटी राजदरवार लगिन्छ। यो पटक पनि काठमाडौंकी कुमारीलाई उपस्थित गराइन्छ र पूजाहुन्छ ।

किन्तु, पौषको यो यात्रामा भने केही अनौठा विशेषताहरू छन् । नारायणको यात्राका निम्ति चारढुंगे नवशाल, मछिन्द्र वहाल, इन्द्रचोक मखन आदि प्रमुख ठाउँहरूमा फुटेका माटाका भाँडाले ढोका बनाई राखेको हुन्छ । अझ नारायणको यात्रामा फुटेका नफुटेका भांडाहरू पनि झन फुटाई अपशकुन देखाइन्छ ।

यसको कारणमा एउटा अनुश्रुति चलेकोछ:- "यहाँ अब कलियुग लाग्यो, म पृथ्वीतलमा वसिरहनु ठीक छैन । राजालाई यही कुरा भनी हिमालयतिर जानुपर्‍यो भनी विचारगरी लक्ष्मी र सरस्वती साथ नारायणले राजदरवारको वाटो समाते । नारायणको यस्तो इच्छा थाहा पाए पछि राजाकी इष्ट देवीले चाँगु नारायणले नेपाल छाडिगएमा अनिष्ट हुने कुरा सहित भनेर राजालाई सचेत गराइन् । तदनुसार राजाले अपशकुन देखाउन बाटावाटामा फुटेका भाँडा चिण्डा राख्न लगाए । यस्तो देखेपछि अपशकुन भयो वाहिर जाने साइत परेन भन्ठानी श्री चाँगु नारायणले राजा र राजाकी इष्टदेवीसंग भेट गरी चाँगु नै फर्के ।

उपर्युक्त लोकोक्ति भित्र के रहस्य लुकेको छ, त्यो जान्न सकिएको छैन। राजदरबार जाने बाटो र सबै कार्यक्रम उस्तै भएकोले यहाँ पुन उल्लेख गर्नु आवश्यक संझिएन।

यही पौषको पूर्णिमाबाट माघस्नान गर्ने व्रत चल्दछ। हिन्दूहरूका पर्व दिनको लेखाजोखा चान्द्रमासबाट नै गर्ने भएकोले पौष पूर्णिमा देखि माघ पूर्णिमासम्म एक महीनालाई माघस्नानको पर्व भनिएको हो।

नेपालमा माघ स्नानको निम्ति पनि एउटा विशेष कार्यक्रमको परम्परा रहेको थाहा पाइन्छ। पौष पूर्णिमा जुन वार पर्छ तदनुसार देवताको दर्शन पूजन गरी माघ स्नानको शुभारंभ गरिन्छ। मंगलबार परेमा स्वेत विनायकमा स्नान र दर्शन, दुधबार परे शंखदह स्नान, शनिबार परे सरस्वती स्नान र अरू बार परेमा नारायण हिटीमा स्नान गरी माघ स्नानको ब्रतारंभ गरिन्छ। माघ स्नान गरेर नारायण स्थानको परिक्रमा गर्दा भक्तजनबाट शंखध्वनि गर्ने परम्परा छ[62]।

यहाँ एउटा कुरा स्मरणीय छकि माघ स्नान र व्रत पद्म पुराण, स्कन्द पुराण अनुसार पनि विष्णुका लागि गरिन्छ। यो नै प्राचीन परम्परा हो। परन्तु नेपालमा माघ स्नान र स्वस्थानी देवीको व्रत सम्बन्धी परंपरा चलेको पाइन्छ तापनि यो पछिल्लो मल्लकालदेखि चलेको परम्परा भन्ने जानिन्छ। यो शास्त्रीय रुपमा उल्लेख नभएकोले विद्वद् वर्गको परम्परामा अझै मान्यता पाउन सकेको छैन। चाँगुको परम्पराले पनि पौराणिक माहात्म्यकै परम्पराको अनुशरण गर्दछ।

माघे संक्रान्ति

यस दिनमा नित्यपूजा गर्दा पंचामृतले स्नान गरी नारायण, लक्ष्मी, सरस्वती तथा गरुडलाई रातो घिउ लगाई पूजा गर्ने परम्परा छ। यो पूजाको लागि सामान तथा घिउ गुठियारबाट नै प्राप्त हुन्छ। देवताहरूको नाभिमा घिउ राखी पूजा गर्ने विधि छ। यस्तो विधि कुन लौकिक आचारमा आधारित भएर चलेको हो, त्यो थाहा पाउन सकिएको छैन।

यस दिनको पर्वमा श्रीपेच र सत्यनाग (गहना) बाहेक अरु कुनै पनि आभूषणहरू नारायणलाई पहिराइन्न। उत्तरायण लागेकोले श्री नारायणले हिमालय यात्रा गर्नु भएको हुँदा गहनाहरू नलगाइएको भन्ने अनुश्रुति प्रचलित छ।

यस दिन ठिमीबाट गुठियारहरूले एक पाथी चामलको तौल बराबरको घिउ थालमा चुल्याएर त्यसमाथि रातो घिउ चांदीको जनै र फूल राखी छिन्नमस्तामा पूजाको सामान ल्याउँछन् । छिन्नमस्ताका पुजारी कर्माचार्यद्वारा संकल्प गरी पूजा गरिन्छ र स्थानीय तखाछे टोलका गुठीबाट र ठिमीबाट ल्याएको घिउले नारायण, लक्ष्मी, सरस्वती र गरुडलाई आँगमा लगाउने गर्दछन् । साथै घिउ, चाकु, पालुङ्गाको साग र तरुल चडाई पूजा गर्ने परम्परा छ । यसबाट मकर संक्रान्तिमा घिउ चाकु खाने पुरानो परम्परा रहेको थाहा पाइन्छ ।

आरती गर्दा प्रयोगमा आउने सिंहासनको डसना, सिरक तथा तकिया बदलेर आरती गरिन्छ ।

मकर संक्रान्तिको यस पर्वमा श्री नारायणका नाभिमा राखिएको रातो घिउ भोलिपल्ट झिकी शुद्ध भइ व्रत बसेर सेवन गरेमा देशमा सुभिक्ष हुने, सन्तान कामना गर्नेलाई सन्तान हुने विश्वास गरिन्छ । अतः नित्यपूजा भन्दा अगाडि नै नारायणका नाभिको घिउ झिकी पुजारी, भँडेल, महाने र दमाई आदिले बांडी लिन्छन् ।

माघ शुक्ल दशमीपर्व

माघ शुक्ल दशमीमा ध्वजा गुठीका गुठियारले श्री नारायणको वर्षवन्धनको लागि ध्वजा सहित पूजाको सामाग्री ल्याउँछन् । नित्य पूजा पछि ध्वजारोहण र यज्ञ गरी हवन गरिन्छ । बाजा, सुसारे र पुजारी आदिको समूह साथ होताले गाई सहित लावा फूल छर्दै तीनपटक मन्दिरको प्रदक्षिणा गर्दछन् । यसपछि वर्षवन्धन तथा ध्वजारोहणको विशेष पूजा हुन्छ । कीलेश्वरमा पूजा र छिन्नमस्तामा पूजा र वोकाको वलिदान हुन्छ । बेलुका आरती पछि महादीप बाल्ने व्यवस्था छ ।

वर्षवन्धन पर्व स्थापना भएको दिनको संझनामा गरिने पर्व हो । अतः माघ शुक्ल दशमी चाँगुको स्थापना अथवा पौराणिक कथानुसार शिरकाटिएका नारायणको उत्पत्ति दिन पनि हुन सक्छ । यस सम्बन्धी प्राचीन अभिलेख पाउन दुष्कर छ । अरू शास्त्रीय पर्वको दिन नपर्ने हुँदा स्थापनाको दिन नै मान्नु पर्नेहुन्छ ।

माघ शुक्ल द्वादशी

माघ शुक्ल एकादशीका दिन सांखुबाट श्री माधव नारायण ल्याउने चलन छ । द्वादशीको दिन यी नारायणलाई शङ्खदहमा लगी स्नान गराइन्छ र

त्यहीं पूजा पनि हुन्छ । माधव नारायणको रथ (खट) संगै आएका श्रद्धालु भक्तजनहरूले शिरमा सहस्र धारा बोकी त्यही जलमा स्नान गरी माधव नारायणको नामोच्चारण साथ चाँगु नारायणको परिक्रमा गर्दछन् । माधव नारायणको मूर्तिलाई गरुड पछाडिको जलहरीमा केही समय राखी मन्दिरभीत्र लगी प्रसादको साटा साट गर्ने काम हुन्छ । त्यसपछि माधव नारायणको मूर्तिलाई उत्तरतर्फको दलानमा लगी पुजारीको काखमा राखी भक्तहरूबाट पूजा गराउने काम हुन्छ । पूजा सकिएपछि माधव नारायणलाई साँखु फर्काइन्छ । वर्षको एकपल्ट साँखुबाट माधव नारायणल्याई यसरी जात्रा गरिने परम्परा कहिलेदेखि चल्यो त्यो अनुसन्धेय छ ।

फागु पूर्णिमा

फागुन शुक्ल पूर्णिमाको दिन चाँगु नारायणमा श्री वंशगोपालको पूजा र जात्रा गरी फागुको उत्सव मनाउने चलन छ । नारायणको नित्य पूजा पछि वंशगोपाल, राधा र रुक्मिणीका मूर्तिहरू नारायणको अगाडि राखी पंचामृत र अन्य सामग्रीले स्नान र पूजा गरिन्छ । बेलुका यी तीनै मूर्तिलाई भँडेलहरूले बाहिर ल्याई लुगाफेराउने कार्य गर्दछन् । यस पछि विशेष सजाएको रथमा उक्त मूर्तिहरूलाई तेल र अबिरले पूजा गर्दछन् । रथलाई नारायण मन्दिरको परिक्रमा गराई नचाउँदै दलंपु टोलमा लगी नचाउँछन् । त्याहाँबाट तखाछेँ टोलमा रथ पुऱ्याई राखे पछि चाँगुका जनसमूहले फागु खेल्ने उत्सव गर्दछन् । तखाछेँ टोलमा रथ राखी तीनै ओटा मूर्ति झिकी पाटीमा राखी पूजा गरिन्छ र कृष्ण राधा रुक्मिणीलाई पीङ खेलाउने कर्म गर्दछन् । एक रात त्यहीं राखी भोलि पल्ट दिन भरि वंशगोपालको जात्रा गरिन्छ । प्रतिपदाको राती सिन्दूर चढाई जात्राको प्रारम्भ गर्दछन् र बाजागाजा साथ रथमा राखी नारायण मन्दिरमा पुऱ्याई आरती गरी जात्रा विसर्जन हुन्छ र मूर्तिहरू यथास्थानमा राखिन्छन् ।

फागुन शुक्ल द्वादशी

फागुन शुक्ल द्वादशीका दिन दमनारोहण पर्व गरिन्छ । यो दमनाको पुष्प चढाउने परम्परा तन्त्रसाहित्यमा उल्लेख पाइन्छ । यहाँ कहिलेदेखि यो पर्वको परम्परा चल्यो भन्न सकिदैन । यहाँ दमना पुष्प मन्दिरभित्र नै उमारी नारायणको पूजा गर्ने परम्परा रहेको छ । कीलेश्वर र छिन्नमस्तामा पनि पूजा हुन्छ । छिन्नमस्तामा बोकाको बलि पनि दिनु पर्छ ।

फागुन शुक्ल पूर्णिमा

यसदिन फागु सम्वन्धी जात्राको अगाडि नै उल्लेख भइसकेको छ । अर्को विशेष पूजा अर्धनारीश्वरको हो । पूर्णिमाको दिन बेलुका अर्धनारीश्वरको मूर्तिलाई मन्दिरको दक्षिण पश्चिमको कुनामा राखी विधिपूर्वक पूजा गर्नु पर्छ । त्यस पछि उक्त मूर्तिलाई वाद्यवादन साथ पूर्वढोका वाहिरको ढुंगेधारामा लगी पूर्व फर्काएर मूर्ति राखी पछाडि वसी पूजा गर्नु पर्छ । यस दिन अर्धनारीश्वर जाज्वल्यमान (उग्र) हुने भएकाले सामने वसी पूजा गर्नु हुँदैन भन्ने विश्वास अनुसार परम्परा चल्दै आएको छ ।

दैनिक हुने नित्य पूजाको विधिविधान वाहेकका वर्ष दिन भरिका विशेष पर्वमा गरिने नैमित्यिक पूजा, महापूजाहरूको संक्षिप्त विवरण यहाँ प्रस्तुत गरियो । वर्षको अन्त्यमा पर्ने नैमित्यिक पूजा यसै दिनको पर्वलाई मान्नु पर्ने हुन्छ । चैत्रमा कुनै विशेष पर्व छैनन् र वैशाखदेखि पर्ने पर्वहरूको उल्लेख भइसकेको छ[63] ।

श्री चाँगु नारायणको मन्दिर र वास्तुकला

चाँगु भनिने डाँडो, जसलाई लिच्छवि कालमा नै दोलाद्रि (दोला पर्वत) भनिन्थ्यो वर्तमान अवस्थामा भक्तपुर जिल्लामा पर्दछ । यो उच्च पर्वतका शिखरमा चारैतर्फ सत्तलयुक्त घरहरुले घेरिएको फाँट थुम्का-थुम्की र ती नै शहरको शोभा देखिने ठाउँमा नारायणको कलात्मक मन्दिर रहेको छ । चारैतिरका घरले घेरिएको विस्तृत प्राङ्गणको बीचमा मूल मन्दिर रहेको छ र मन्दिरका वरिपरि विभिन्न मूर्तिहरू रहेका छन् । नारायण मन्दिरको दक्षिण पश्चिम पट्टिका प्राङ्गणमा श्री कीलेश्वर तथा छिन्नमस्ताका मन्दिरहरू छन् । प्राचीन वास्तुविधामा चतुः शाल भनिने विधि अनुसार प्राङ्गणलाई चतुरस्त्र पारेर बनाइएका चारैतिरका भवनहरु छन् भने, चार दिशामा वाहिर निस्कने चार ढोका पनि राखिएका छन् । यी ढोकावाट वाहिर निस्केर चारैतिर तल झर्ने सिंढीहरू छन् । पश्चिम पट्टिवाट निस्कने ढोकालाई मूल ढोका भनिन्छ जहाँबाट निस्केर ढुंगाका सिंढीवाट तल झरेर १०८ सिंढी नाघेपछि शंखदहमा पुगिन्छ । यो पश्चिम पट्टि रहेको टोललाई आगमछें टोल भन्दछन्[64] ।

देव मन्दिरहरूको मूलढोका प्रायशः पूर्वपट्टि निस्कने गरी राखिनु पर्ने हो, तर यहाँ पश्चिम पट्टि नै मन्दिरको ढोका र चतुशालाका बीचको ढोका छ ।

ह्राम्रा प्राचीन वास्तुशास्त्रमा देश रक्षाका लागि स्थापना गरिएको देवता अथवा देशका प्रसिद्ध देवताको मन्दिरको ढोका शहरपट्टि फर्काउने उल्लेख पाइन्छ तार्कि सदैव देवताको दृष्टि जनाकीर्ण वस्तीमा परिरहोस् । यसैकारण श्री पशुपति नाथको ढोका पनि पश्चिम फर्केको छ । उपत्यकाको प्राचीन शहर-मध्येको प्रमुख शहर देवपत्तन पनि एउटा हो, जहाँ नेपालका राजाहरूको पैह्लो अभिशेष कर्म हुन्थ्यो ।

यस आधारमा चाँगु नारायणको द्वारले इङ्गित गरेको गोकर्ण क्षेत्र तथा डुमाखालतिर नै लिच्छवि कालको शहर तथा राजदरवार रहेको थियो भन्न सकिन्छ । पुरातात्त्विक उत्खन आदिले प्रमाणित हुन सकेको छैन तापनि यो प्रसङ्गलाई केही वंशावलीहरूले व्यक्त गरेका छन् ।

श्री नारायण मन्दिरको यो विशाल प्राङ्गणको पूर्वपट्टिको द्वारबाट झर्दा वलम्पु टोलमा झरिन्छ । यसटोलको शिरानमा नै पूर्वपट्टि फर्केका जय र विजयका सुन्दर पाषाण मूर्तिहरू छन् । वैशाखमा हुने रथ यात्रामा किलेश्वर नारायणको मूर्तिलाई यीनै जय विजयका मांझको सिंहासनमा राखिन्छ । यो सतल पूर्व दक्षिण फर्काइ बाँके रुपमा निर्मित छ । दक्षिण पट्टि श्री भीमसेनको मूर्ति छ र रथयात्रामा काली तथा भैरवको मूर्ति यसै ठाउँमा दक्षिणाभिमुख पारी विश्राम गराइन्छ[65] ।

दक्षिण पट्टिको भवन सत्तलहरू र ढोका पनि हाल भत्केकोले खुला छ दक्षिणपट्टिको ढुंगेधारा पनि छैन र त्याहाँको वगैंचा आदि जमीन पनि हाल व्यक्तिगत भइसकेका छन् । उत्तर पट्टिका भवन सत्तल र ढोकाहरू सन्तोष जनक हालतमा नै छन् र यस ढोकाबाट निस्केर ढुंगाका सिंढी झरी कापाहिटी भन्ने ठाउँमा पुगिन्छ[66] ।

चारैतिरबाट माथि चढ्नु पर्ने थुम्कामा यो चौगिर्दा युक्त प्राङ्गण छ र प्राङ्गणको बीचमा नारायणको भव्य कलात्मक मण्डप शैलीको मन्दिर छ । यस मन्दिरको जगमा तल फराकिला दुइ तह पेटी छन् । दोस्रो पेटीको माथि एउटै विशाल चेप्टो ढुंगामाथि मन्दिरको जग उठाइएको छ । मन्दिर निर्माणको निम्ति नेपालीहरूले प्राचीन मण्डप शैली नै अपनाउदै आएका थिए । समानुपातिक लम्वाई र चौडाइमा परिगणित काठका खम्बा र त्यसमाथि वला डाँडाहरू राखेर बनाइने यज्ञ मण्डप, देवमण्डपहरूको वैदिककाल देखिनै जुन परम्परा चल्दै आएको छ र त्यसको वैज्ञानिक रेखा गणितीय पद्धतिको आधारमा निर्माण गर्ने सुल्क सूत्र आदि ग्रन्थहरू वैदिक कालमा नै निर्माण भएका थिए त्यसैको विकसित

रुपनै आजका नेपाली शैली भनिने मन्दिरहरू हुन्। काठको सट्टा इँट र चुन सुर्की वा अन्य जोडाई गर्ने सामग्री द्वारा गाह्रो लगाएर मण्डप शैलीमा चार स्तंभद्वारा गर्भगृहको रुप देखिने ठाउँमा चार ढोका राखी सुरसुरमा इँटाद्वारा कोण बनाएर त्यस वाहिर प्रदक्षिणापथ र वाहिरको स्तंभ रहने भागमा पनि गाहारो नै लगाई यहाँका प्रसिद्ध मन्दिरहरू निर्माण भएकाछन्।

मन्दिरको चारैतिर ढोका राख्ने व्यवस्था भए पनि सुविधा र सुरक्षाको स्थिति हेरी एक दुई ढोका खुला राखेर अरू बन्दगरी देवगृहकै भण्डारको काम लिने गरिएको पाइन्छ।

यसरी मण्डपको रुपमा निर्मित मन्दिरहरुको प्रायश: चारैपाटा बराबर नापको हुनुपर्छ। मन्दिरको जग उठाउने ठाउँ भन्दा तल एक दुई खण्डका चौतारो निर्माण गर्दा तल्लो भन्दा माथिल्लो अलि सानु वनाई त्यसमा पनि वाहिरी परिक्रमा पथको काम दिने पेटी बाँकी रहने गरी मन्दिरको वास्तविक जग लगाइन्छ। विभिन्न तहका पेटी देखिने गरी उठाइएको जगती (चौतारो) तीनलोक, सात लोक वा चौध भुवनको परिकल्पनामा निर्माण गरिएको पाइन्छ। मन्दिरमा स्थापना गरिने देवताको स्थान, पौराणिक कथाका आधारमा तीनलोक, अथवा चौध भुवन भन्दा माथिका वैकुण्ठ, शिवलोक, मणीद्वीप, गोलोक, आदि लोकमा हुन्छ भन्ने विश्वासमा मन्दिरको निर्माण गरिएको पाइन्छ। उच्चता, भव्यता र कलात्मकता पनि देवता यतनको निम्ति अत्यावश्यक मानिने हुनाले मन्दिर वास्तुमा उक्त कुराको बढी ख्याल गरेको पाइन्छ। चौधलोक वा भुवनको कल्पनामा पछिल्ला कालका मन्दिर, तुलजा, दुमाजु देवल काठमाडौं र न्यातपोल, भक्तपुर हुन्। पृथ्वी र त्यसमाथि दुईतह पेटी देखिने चौतारो र त्यसमाथि मन्दिर निर्माण गरी तीन लोक माथि देवलोकको कल्पनामा अधिकांश नेपाली मन्दिरहरू बनेका छन्। यस्तै आधारलिएर मण्डप शैलीमा श्री चाँगु नारायणको मन्दिर पनि बनेको छ।

मन्दिरको पेटीको चौडाई दुईफुट र उँचाई एक फुट ६ इञ्चको पहिलो छ। तीन फुट चौडाई र उँचाई दुईफुट ६ इञ्चको माथिल्लो पेटी छ भने ३१ फुटको लम्वाई त्यति नै चौडाई भएको, चारपाटे सुर सुरमा इँटाको गाहारो लागेको प्रत्येक पाटामा तीन तीन ढोका लहरै राखिएका छन्। कलात्मकता र मन्दिरको दिव्य रुपको कल्पनामा ढोकाको आकार तीन कुने वनाइएका छन्। परन्तु वास्तुविद्यामा चारढोका राख्नु पर्ने, चारढोकाका द्वारपाल अलग हुने शास्त्रीय परम्परा भएकोले ढोका राखिएता पनि मूल ढोका वाहेक अन्य ढोकाहरू बन्द गरिएका छन् र गर्भगृहको गाहारो (भीत्री गाहारो) भन्दा बाहिरको

परिक्रमा पथ बा विश्राम स्थानको जुन भाग छ, त्यसलाई कोठाको रुपमा प्रयोग गरिएको छ ।

स्थानीय भाषामा यस्ता मन्दिर (भित्री र बाहिरी दुई तह गाहारोले बनेका) लाई तः देवल वा तव देवल (ठूलोमन्दिर) भन्ने चलन छ। यो कुनै त्यस्तो विशेष नाम चाँहि भएन, तथापि मन्दिरका प्रकारलाई साधारणतया विभाजन चांहि गर्दछ । मूल ढोकाबाट भित्र पसी गर्भगृहमा रहेका नारायणको दीक्षित पूजारीले पूजा गर्दछन् । गर्भगृहमा पुजारी तथा दीक्षा पाइसकेका भँडेलहरू मात्र पस्न पाउँछन् ।

मन्दिरको तल्लो तलाको उँचाइ १२ फीट छ। मन्दिरको छाना दुई-तलामा निर्माण गरिएको छ र माथिल्लो सुन मोलम्बा गरिएको धातुको छाना छ र तल्लो छाना नेपासी झिगटी द्वारा निर्मित छ ।

मन्दिरमा इँट काठ धातुहरूको प्रयोग गरिएको छ र पुरानो वज्र भनिने पदार्थ द्वारा मन्दिरको जोडाई गरिएको छ ।

नारायणका मूलढोका अगाडि (पश्चिम पट्टि) ढुंगाका एकजोडी सिंहका मूर्तिहरू छन्। ढोकाका खापाहरू सुवर्णको मोलम्बा गरिएका छन्। ढोका माथि नेपाली विशिष्ट शैलीको तोरणमा चतुर्बाहु नारायणको स्वर्णमूर्ति अलंकृत छ र दायाँ बायाँ तोरणमा विभिन्न वैष्णव आवरण देवताहरू अंकित छन् । सबै ढोका अगाडि तीन ओटा भएको खामत (बत्तीबाल्ने अलंकृत पाला) शिक्रीमा झुण्ड्याएर राखिएको छ। चारै ढोका अगाडि राखिएका यी खाःमतहरू १९३६ सालमा गोरखपुरकी महारानीले चडाएकी थिइन्[67] ।

मन्दिरको उत्तराभिमुख ढोका अगाडि भेडाका आकारका मोटा सिंग हुने श्रृङ्गीमहापशुका जोडी राखिएका छन् र उत्तर ढोकाकै निम्न भागबाट श्री नारायणको निर्माल्य जल बाहिर निस्कन्छ। ढोका माथि राधाकृष्ण र रुक्मिणी-का मूर्तिहरू जडिएको सुवर्ण तोरण छ। यो ने. सं. ८१८ (१७५४ वि. सं.) मा काठमाडौंका तत्कालीन भारदार भवानीशंकरले चढाएका थिए[68] ।

पूर्वढोका अगाडि पूर्वाभिमुख शार्दूल महापशुको जोडी रहेका छन्। अगाडि खामत (पाला) झुण्ड्याएको छ। लक्ष्मी, नारायण, गरुडका मूर्तिले अलंकृत सुवर्ण तोरण ढोका माथि जडिएको छ ।

दक्षिण ढोका अगाडि अन्य मूर्ति जस्तै एउटा एउटा ढुंगाबाट निर्मित एक जोडी हात्तीहरू रहेकाछन्, जुन अत्यन्त सुन्दर देखिन्छन्। ढोका माथि सुवर्ण

तोरण छ, जसमा दुईतर्फ लक्ष्मी र सरस्वतीका मूर्तिहरू र बीचमा गरुडासन श्री नारायणको मूर्ति छ । यो मूर्ति मुख्य मूर्तिकै नमूनामा निर्मित छ, जसले मुख्य ढोकाकै रुपमा पूर्वद्वारलाई पनि मान्यता दिएको देखिन्छ । सबैढोका अगाडि ढुंगाका सुन्दर द्वारपाल मूर्तिहरू (दुई दुई) राखिएका छन् ।

मन्दिरको यो बनोटलाई कसैले छत्रेशैली भनेका छन् भने कसैले प्यागोडा भन्ने नामकरण गरेका छन् । किन्तु, छत्रे शैली भन्न यो छाताको आकारमा निर्मित छैन र 'प्यागोडा' भन्ने शैलीको भाषागत, शैलीगत कुनै अस्तित्व छैन । प्यागोडा शब्द अंग्रेजी, फ्रेञ्च, जर्मन वा जापानी चीनी, भारतीय कुनै ठाउँको पनि होइन र न यो शब्द कुनै विशेष अर्थमा कहीं कसैले प्रयोग गरेको आधार नै छ । अतः यो नाउँ नै निरर्थक छ ।

हिन्दू सभ्यतामा भवन विन्यास तथा वास्तुशिल्पका विधाहरू ऋग्वेद काल देखिनै पाइन्छ । वैदिक कालमा नै ठूला ठूला यज्ञ हुन्थे कत्यन, दिन महीना वर्ष लाग्ने अश्वमेघ, वाजपेय, राजसूय आदि यज्ञमा विभिन्न मण्डपहरू बनाइन्थे, स्नान मण्डप, पूजा मण्डप, कथामण्डप, दान मण्डप आदि हुन्थे र यसलाई शाला (घर) शब्द पनि व्यवहृत हुन्थ्यो; जस्तै पत्नीशाला, अतिथिशाला, यजमानशाला, यज्ञशाला, आदि । निवासका लागि निर्माण गरिएका घरहरूको विभिन्न सुविधाको ख्याल राखेर विभिन्न शिल्पविधाको प्रयोग भएता पनि यज्ञ, पूजा, देवतायवन आदिको निम्ति चतुरस्त्र, वर्गाकार, समानुपातिक, एक दुई तीनतले छानायुक्त मण्डपहरू निर्माण हुन्थे । प्राचीन वास्तुशास्त्रको आधारमा निर्माण गरिने मण्डप, भवन, प्रासादहरूको निर्माणमा नाप साइजको निश्चित आधारमा वास्तु पुरुषको परिकल्पना गरी रेखाङ्कित गरिन्थ्यो ।

चतुष्षठी (६४) पद (कोठा) को चतुर्भुज वास्तुचक्र, वृत्ताकार (गोल) चौसठ्ठीपदको वास्तुचक्र र एकाशीपद (कोठा) को चपुर्भुज, वृत्त, त्रिभुज, पद्माकार, खड्गबन्ध आदि अनेकन वास्तुपुरुषको रेखाचित्र तयार गरी त्यसमा छाड्नु पर्ने, छल्नुपर्ने, भागहरू शास्त्रीय प्रमाणका आधारमा छाडी, छली निश्चित देवताका कोष्टहरुमा निश्चित कार्यका लागि भाग, कोठाहरू बनाइने क्रमानुसार भवन तथा मण्डपहरू बनाइन्थे । सभा, समितिको जमघटलाई र यज्ञ पूजा, कथानाचन आदिका निम्ति पनि बराबरीका पाटा भएका चतुर्भुजाकार अथवा वृत्ताकार मण्डपहरू बनाइने परम्परा थियो भन्ने कुरा प्राचीन वास्तुशास्त्रीय अध्ययन र श्रोत गृह्य शुल्वसूत्रहरूको अनुशीलन द्वारा ज्ञात हुन्छ ।

अतिथिशालाहरू पनि मण्डप शैलीमानै निर्माण हुन्थे भन्ने कुरा काष्ट मण्डप (सार्वजनिक भवन) को निर्माणले पनि थाहा पाइन्छ। प्राचीन कालमा भवन निर्माणको लागि मुख्य पदार्थ काठ नै प्रयुक्त हुने हुँदा मण्डप शैलीको बनोट पनि वातावरण अनुकूल हुन्थ्यो। हावा, पानीका बाछिटा झ्यासबाट काठ जोगाउनका लागि करालोछानु खम्बा भन्दा २ X ३ हात परसम्म छानो लर्कने गरी बनाइन्थ्यो भने, त्यसरी आधार स्तम्भ वा गाहरोभन्दा परसम्म लर्कने छानाको निम्ति सहयोग पुऱ्याउन टुँडालहरू र त्यसमाथि मुसी राखेर बलाहरू अड्याई छानाको भारलाई थाम्ने गरी मण्डप वा घरहरू बनाइन्थे भन्ने कुरा प्राचीन संस्कृत साहित्यको अध्ययनबाट पनि थाहा हुन्छ। महाकवि कालिदासले उज्जयनका अग्ला घरहरूको बयान गर्दै मेघलाई बलामा बस्ने परेवाका नजीकमा बिसाई रात्रि बिताउन भन्दछन्[६७]। यसबाट गाहारो भन्दा पर पुगेको छानु भएको बलाहरू जडिएको घर वि. सं. का शुरु तिरै पनि बन्दथे भन्ने कुरा थाहा हुन्छ।

टुँडाल र कुँशलहरू

छानोलाई अड्याउने आधारस्तम्भको रुपमा टुँडालहरूको प्रयोग भए पनि यसलाई कलात्मक ढंगले सजाउन र मन्दिरका मूल देवताको सहयोगी आवरण देवता, पार्षदहरूको मूर्तिशिल्पन वा देवताका लीला एवं विविध चरित्रको चित्रण गर्ने शिल्प विधाहरू मन्दिरमा प्रयोग हुन थाले। कुनाको भार अड्याउने अन्य टुँडाल भन्दा मोटो सहायक फलकलाई नेपालको लोक भाषामा कुँशल भन्ने चलन छ र यी कुँशहरू भेंडाका जस्ता सिंग, पखेटा र तीन आँखा; घोडाको जस्तो मुखाकृतिका बनाइन्छन् र प्रायशः नेपालका मन्दिरहरू, जो मल्लकाल र केही शाहकालमा पनि निर्माण गरिएका छन्, यसै शैलीमा निर्मित छन्। नेपालबाट तिब्बत हुँदै चीन र जापान पुगेका शैलीहरू यही मण्डप शैलीका प्रतिरुप नै हुन्।

राष्ट्रमा अनिष्ट हुने भएमा यी कुँशलहरू कराउँछन् भन्ने लोक धारणा रहेकोले यो निर्माणविधा केवल शैलीगत कला मात्रै नभएर तांत्रिक विधिविधानद्वारा आवेश गरिने परम्परामा निर्माण भएको थाहा हुन्छ।

चार सुरमा जडान गरिएका कुँशल बाहेक बीचबीचमा ६-६ ओटा टुँडालहरू चारैतर्फ जडिएका छन्। टुँडालको सँख्या छाना मुनि चौबीस ओटा छन्। छानु झिगटी लगाएको छ, टुँडालसंगै तल यक्ष, गन्धर्वा किन्नर, पशु पक्षीको

आकारका शिर भएका देवयोनि विशेषविविध हस्तमुद्रायुक्त काष्ठ प्रतिमाहरू राखिएका छन् । मन्दिरको चारैतर्फ बिभिन्न कलायुक्त आँखि झ्यालहरू जडिएका छन् । छानाको किनारमा साना घण्ट (किङ्किणी माल्य) जडिएका छन् । हावा चल्दा हल्लेर यी घण्टहरूको मधुर ध्वनिले संगीतायोजनको अनुभूति दिन्छन्[70] ।

मूलढोका सामू दक्षिणपट्टि माथि सत्ययुगको चामल भनिने काठ राखिएको छ । यस्तै सत्ययुगको चामल भनेर सानो जटानरिवल जत्रै धातुले मोरेको चामलकै आकार प्रकारको वस्तु भक्तपुरका भैरवका मन्दिरमा पनि राखिएको छ । यसबाट मध्यकालिक लोक धारणामा वर्तमान युगका मानिसहरू पापी भएर नै चामलका दाना सानु भएको भन्ने देखाएर धर्ममा प्रवृत्त गराउने उपाय गरेको थाहा हुन्छ । त्यो बेला कृषि कर्म नै मुख्य भएकोले उक्त भावनाको चामलले नै अभिव्यक्त गर्नु उपयुक्त थियो ।

छानाका चारसुरमा झिंगटी अड्याउन गरुडका मूर्तियुक्त कुँपा राखिएको छ । छाना माथि भितामा चारैतिर नारायणका मूर्ति र यन्त्रहरू जडिएका छन् ।

मन्दिरको दोस्रो तलाको छाना सुनको मोलम्वा गरिएको ताँवाको छ । यसका किनारामा पनि किङ्किणी (साना घण्टहरू) जडिएका छन् । यसमा अंकित ने. सं. ८२९ को अभिलेख अनुसार, कान्तिपुरका मल्ल राजा भास्कर मल्ल तथा राजमाता भुवनलक्ष्मीले यो छानु निर्माण गराएका थिए[71] । मन्दिरको दोस्रो छानाको सहायक सोह्र ओटा टुंडाल छन् र यी पनि विष्णुका दश अवतारको मूर्ति अंकित गरिएकाले सुन्दर देखिन्छन् । चार सुरका चार कुंशलहरू तल्लो तलाकै अनुकरण गर्दछन् ।

मन्दिरको माथिल्ला छानाको शिरो भागमा चार सुरको सामु पर्ने गरी चार स्वर्ण गजुर राखिएका छन् । यी सानागजुरको बीचमा छत्र सहितको ठूलो मूल गजुर राखिएको छ । देव मन्दिरहरूमा विजोर पारेर स्वर्णकलशः (गजुर) राख्ने शास्त्रीय वचन छ । यीनै गजुरका सन्निधिबाट मन्दिरको सामु पर्ने गरी स्वर्णिम लामो पताका झुण्डिएको छ ।

वाह्यमण्डपको गाहारो र पेटी समेत ढाकिने गरी तल्लो छानो छाइएको छ भने गर्भगृहको गाहारो उठाएर माथिल्लो छानो छाइएको छ । यस मन्दिरको

२१५६८

तल्लै तलाको भित्री भागमा मण्डपशैलीकै सानो स्वर्ण मन्दिर छ। त्यसैभित्र श्री नारायणको विग्रह स्थापित छ। यो स्वर्ण मण्डपका स्वर्णमय थामहरू अत्यन्त कलात्मक छन्। यी थामसँगै नारायणका प्रिय पार्षद जय र विजयका धातु निर्मित मूर्तिहरू स्थापित छन्। नारायणको प्रतिमा माथि कलात्मक सुवर्णको चँदुवा राखिएको छ। यी चँदुवा र जय विजयका मूर्तिहरू कान्तिपुरका अन्तिम मल्ल राजा जयप्रकाशले स्थापना गरेका थिए[72]।

मूल मन्दिरको गर्भगृहको माझमा रहेको यो स्वर्ण मण्डपभित्र श्री गरुड नारायणको सुवर्णको अत्यन्त सुन्दर मूर्ति स्थापना गरिएको छ। उडिरहेका सुवर्णमय गरुडका पीठमा पलेटी कसेको आसनमा नारायण हुनुहुन्छ। हातमा शंख, चक्र, गदा र पद्म बजी (कन्द) रहेको छ। विस्तृत छाती, ठूलो निधार; पुष्ट गाला र सुरिलो नाक बाटुला आँखा भएका गरुडको मुन्द्री परेको कपाल, लर्केका कुण्डल, हातमा मोटा बाला, घांटीमा नागको माला र बाहुँमा बाजूले गर्दा मूर्तिको असीम सौन्दर्य झल्कन्छ। मनुष्यकै आकृतिमा निर्मित गरुडको नङको सट्टा नङग्रा र भुत्ला एवं सुन्दर पखेटाले गर्दा गरुडको शास्त्रीय रुपको अभिव्यक्ति भएको छ। श्री नारायणका गलामा ठूलो हार र शिर पछाडि ज्वाला-वली छ। चार हातमा नागका बाजूहरू छन्। नारायणको पछिल्लो भागमा उडेका नारायणको अभिव्यक्ति दिने बादलको प्रतिरुप देखिन्छ।

नारायणको शरीर भाग जति कलात्मक छ, त्यति शिरो भाग देखिदैन। धड र शिर अलग छुट्टिने हुँदा यी दुई भागले दुई युगको प्रतिनिधित्व गर्दछन् भन्ने कला पारखीले थाहा पाउन सक्छन् र यस कुरालाई प्रमाणित गर्ने अभिलेख पनि प्राप्त छन्। अर्थात् नारायणको शिरो भाग ने. सं. ८१४ (वि. सं. १७५०) पौषमा काठमाडौंका राजा भूपालेन्द्र मल्लकी आमा ऋद्धि लक्ष्मीले बनाउन लगाई तोरण साथ स्थापना-गरेकी थिइन् र त्यसै वर्ष त्यहाँ कोटि होम गरी मन्दिरको जीर्णोद्धार समेत गरी तोरण समेत चढाई माघ शुक्ल दशमीका दिनमा प्रतिष्ठा गरेकी थिइन्[73]।

श्री नारायणको शरीर भाग चाँहि लिच्छविकालिक राजा अंशुबर्मा (६३३-६८१ आ.) ले अंशु सम्बत् ३१ (वि. सं. ४६४) जीर्ण भएको हुँदा गरुड समेतको यो नारायणको स्वर्ण कवच पुरानै नमूना बमोजिम जीर्णोद्धार गरेको कुरा अभिलेख युक्त कवच मुनि रहेको स्वर्णपत्रबाट थाहा भएको छ।

यसपटक श्री अंशुवर्माले शिरोभाग पनि निर्माण गरेका प्राचीन शीर्ण अवस्थामा बदलिएको प्राचीन नारायणको शिरोभाग र त्यसपछिको रत्न जटित

सुवर्णकै अर्को शिरोभाग पनि चाँगुकै भण्डारमा रहेको थियो। यो पछि चोरी हुँदा अन्वेषणमा एउटा चांहि भाग फेला पऱ्यो, जसलाई अंशुवर्माद्वारा निर्मित भनेर कला विशेषज्ञहरूले ठहराएका छन् तापनि यस भागमा अभिलेख नभएकोले निश्चय भन्न सकिएन, किन्तु स्वर्णपत्रको अभिलेखमा पहिलेका भगवान् नारायणको गरुड र कवच सहितको सुवर्णमय (प्रतिमा) समयले जीर्ण भएको हुँदा तदनुसार नै पुनः अंशुवर्माले वनाए भनिएकोले यहाँ नयाँ निर्माण गरिएको कुरा नै व्यक्त भएको छ। निदर्शन शब्दको अर्थ– दृश्य, अन्तर्दृष्टि, इशारा, चिन्ह, दृष्टान्त, विधि वेदविहित प्रमाण, योजना, प्रमाण, तुल्य (आष्टे) आदि अर्थ बुझाउने हुँदा उस्तै अर्को बनाएको अर्थमात्र उचित हुन्छ। पुरानैको जीर्णोद्धार (मर्मत) गरिएको चाँहि होइन। जीर्ण मूर्तिहरू झिकेर पुनः गाली बनाउने कुरा पनि धार्मिक दृष्टिकोणले मिल्दैन र पूजा खण्डित हुन्छ।

मूर्ति टुटे फुटे बिग्रेमा अर्को बनाएर स्थापना गर्ने तथा नयाँ बनाउँदा पुरानै अनुरुप बनाउने कुरामा मात्र शास्त्र संमत हुन्छ।

श्री गरुड नारायणका दायाँ र वायाँ लक्ष्मी र सरस्वतीका सुन्दर दुई मूर्ति छन्। यिनीहरूको अगाडि चांदीको पद्मासनमा कछुआ र हांसका मूर्ति कुंदिएका छन्। गरुड नारायणको सामू चतुर्वाहु नारायणको एउटा सानो स्वर्ण मूर्ति पनि स्थापित छ[74]।

ऐतिहासिक गरुडध्वज

श्री चाँगु नारायणको सामू ढुङ्गाको ठूलो बेदीमा डेढहात जति अग्लो स्तम्भको टुटेको भाग बाँकी छ। त्यहा पूर्वलिच्छवि कालका केही अक्षर कुंदिएका देखिन्छन्। यसको मोटाई र पाटा मिल्ने अर्को एउटा स्तम्भ चाँहि मन्दिरको ढोकाभन्दा केही उत्तरतर्फ खडा छ। यसमा कुँदिएका लिपिको सादृश्य तथा अभिलेखको आधारमा विचार गर्दा अगाडि उभ्याइएको गरुड स्तम्भ नै कारणवश भाँचिएकोले यहाँ खडा गरिएको रहेछ भन्ने कुरा अनुशीलनवाट थाहा हुन्छ।

नेपालको प्राचीन इतिहासको प्रामाणिक रुपमा शुरु गर्ने तिथि मितियुक्त अभिलेख भएको यो स्तम्भले हामीलाई प्राचीनकालको परम्परा बारेमा धेरै कुराको ज्ञान दिन्छ। जस्तै कीर्तिस्तम्भको रुपमा अभिलेख कुँदने र देवार्पण गर्ने स्तम्भमाथि गरुडको रुपमा स्वयंको प्रतिकृति नै स्थापना गर्ने, अथवा देवताकै रुपमा पनि आफ्नो प्रतिकृतिको स्थापना गर्ने आदि कुरा लिच्छ-

विकालमा चलेका थिए भन्ने थाहा पाइन्छ। श्री चाँगु नारायणको ढोका अगाडि गरुडको रुपमा रहेको सुन्दरमूर्ति उपर्युक्त परम्पराले गर्दा मानदेवकै प्रतिकृति हो भन्ने र स्तम्भ नभाँचिदासम्म स्तम्भमाथि नै गरुड मूर्ति रहेको थियो भन्ने कुरा सजिलै वोधगम्य छ।

अभिलेखमा राजाको जुन रुप सौन्दर्यको प्रस्तुति पाइन्छ, तदनुरुप नै अङ्ग प्रत्यङ्गको शिल्पगत सौन्दर्यले पनि उपर्युक्त धारणालाई वलियो टेवा दिन्छ। साथै लिच्छविकालको मूर्ति शिल्प-विधा कति उन्नत अवस्थामा थियो भन्ने कुरा पनि जान्न पाइन्छ।

श्री चाँगु नारायणको मन्दिर निर्माण र जीर्णोद्धार

श्री चाँगु नारायणको स्थापनाको विषयमा पहिले नै ऊहा-पोह गरिसकिएको छ। पछिल्लो काल नै माने पनि जयदेव प्रथम (जसलाई किराँत विजय कर्ताको रुपमा इतिहासविद्‌हरू मान्दछन्) भन्दा पछिको स्थापना मान्न मिल्दैन। उनले नारायणहरूको स्थापना गर्दा के कस्ता मन्दिर बनाएका थिए, त्यो भन्न सकिदैन। त्यसपछि हरिदत्त वर्माले नारायणहरूको मन्दिर बनाएको कुरा गोपाल वंशावलीमा उल्लेख भएको छ। त्यसपछि पनि काल क्रमले मन्दिर जीर्णशीर्ण भए होलान् तथा आँधि, पानी, हिमपात, भूकम्प जस्ता प्रकृति प्रकोपवाट पनि क्षति भयो होला। त्यसबेलाको धार्मिक भावनाले ओतप्रोत समाजमा राजा तथा सम्पन्न व्यक्ति भारदारहरूले पुनर्निर्माण जीर्णोद्धार गरेहुनन्। किन्तु त्यसको क्रमगत लेखा जोखा पाइदैन।

सं ३८६ शाकेमा पूर्व पश्चिम विजय गरी कीर्तिस्तम्भको रुपमा मानदेव प्रथमले गरुडध्वज स्थापना गरे। त्यसमा दानधर्म गरेको कुरा उल्लेख भएता पनि मन्दिर निर्माण र जीर्णोद्धार सम्बन्धी उल्लेख भने छैन। किन्तु स्तम्भ स्थापना भएको दिन कुनै पनि शास्त्रीय पर्व नपरेकोले कुनै विशेष यज्ञ समाप्त गरी वा मन्दिरको निर्माण सम्बन्धी केही काम गरी यो स्तम्भ राखे होलान् भन्ने शंका हुन्छ। यो स्तम्भ चाँहि यसै दिन स्थापना भएको स्पष्ट छ, जसमा गरुडको प्रतीक आफ्नै प्रतिकृति राखेका थिए। अतः मानदेवले मन्दिर सम्बन्धी अवश्य नै विशेष कार्य गरेका थिए भन्ने हो भने हरिदत्तवर्मा पछि अढाइ तीन सय वर्ष पछि यो मन्दिर मर्मत भएछ।

यसपछि श्री चाँगु नारायणको स्वर्ण विग्रह जीर्ण भएकोले तदनुरुप मूर्ति बनाई श्री राजा अंशुबर्माले स्थापना गरे। यसैबेलातिर मूर्तिसंगै मन्दिरको

पनि मर्मत भएको हुनुपर्दछ भन्ने कुरा चाँगु भण्डारमा रहेका कलात्मक धातुले मोडेका थामहरू हेरेर श्री मोहन प्रसाद खनालले उल्लेख गरेका छन्। राजा श्री अंशुबर्माको समयमा उक्त कलात्मक धातुका स्तम्भ राखेर मन्दिर बनाइएको थियो होला भनेर मान्ने हो भने लगभग ५०० वर्ष पछि हुने राजा शिवदेवले चाँगु नारायणको जोर्णोद्धार गरेको उल्लेख पाइन्छ।

यिनी वैष्णव धर्म प्रति विशेष आस्था राख्थे भन्ने कुरा प्राप्त अभिलेख द्वारा थाहा पाइन्छ। अतः गोपाल वंशावलीको उपर्युक्त मन्दिर जोर्णोद्धारको कुरालाई शंका गर्ने ठाउँ छैन।

दैवी प्रकोपका कुनै घटना घटेनन् भने प्राचीन कालमा निर्माण भएका भवन तथा मन्दिरहरू पाँच छ सय वर्षसम्म खडारहनु आश्चर्य हुँदैन। अतः अंशुवर्मा पछि शिवदेववाट नै यस मन्दिरको जोर्णोद्धार भयो भन्न बाधा पर्दैन।

राजा शिवदेव पछि युवराज्ञी विरम देवीले ध्वजा चढाउँदा मन्दिरको जोर्णोद्धार पनि गरेकी थिइन् कि भन्ने मोहन प्र. खनालले तर्क गरेका छन् परन्तु तत्सम्वन्धी स्पष्ट उल्लेख भने पाइँदैन।

त्यस पछि ने. सं. ६२७ (१५६४ वि. सं मा भक्तपुरका राजा राय-मल्लकी नातिनी देवकी देवीले भूकम्पद्वारा भग्न भएको श्री चाँगु नारायणको ढोका वनाउन लगाएको थिइन् र मन्दिरको जोर्णोद्धार पनि भएको थियो भन्ने कुरा भण्डारमा रहेको सुवर्णपत्र द्वारा थाहा भएको छ।

गोपाल वंशावलीमा विभिन्न कालमा भुइँचालो गएको कुरा उल्लेख पाइन्छ। उक्त वंशावली स्थितिमल्ल कालमा लेखिएको र ५-६ पुस्ता पछिको यो सुवर्ण पत्र हुँदा कुनवेलाको भुकम्प भन्ने चाँहि कुरा थाहा भएन। शिव देवको जोर्णोद्धार पछि ३८६ वर्ष पाछि यो जोर्णोद्धार भएथ्यो।

यसपछि राजा प्रतापमल्लका नाती राजा भूपालेन्द्र मल्ल (वि. सं. १७४४) र उनकी आमा महारानी ऋद्धि लक्ष्मीले ने. सं (८१४ वि. सं. १७५०) मा चाँगुको मन्दिरको जोर्णोद्धार गरी श्री नारायणको शिरोभाग बनाई सुवर्ण तोरण समेत चढाएको कुरा पुजारीका घरमा रहेको शिलापत्रद्वारा थाहा पाइन्छ। देवकी देवीले जीर्णोद्धार गरेपछि १८७ वर्ष व्यतीत हुँदा यो जीर्णोद्धार कार्य सम्पन्न भएको थियो। पुनः लगत्तै ८२४ ने. सं. मा अर्थात्

दशवर्ष पछि नै श्री राजा भूपालेन्द्र मल्लकी रानी भूवन लक्ष्मीले चाँगुमा कोटी होम गरी चाँगु नारायणको मन्दिर बनाउन लगाई (गजूर सहित स्वर्ण छाना) श्री राजा भूपालेन्द्र मल्ल सहित आफ्नो सुवर्ण प्रतिमा बनाई श्री नारायणको अगाडि स्थापना गरेको कुरा अभिलेखबाट थाहा हुन्छ ।

दश वर्ष पछि नै सम्पूर्ण मन्दिर बनाउने कारण पाइँदैन । झिंगटी छाना दुईमध्ये माथिल्लो छाना स्वर्ण मोलम्बा गरी सुवर्ण लेपित गजूर चढाई अन्य देव मूर्ति (गरुड) समेतको जीर्णोद्धार गरी आफ्नो राजासहित प्रतिकृति राखेर यो अभिलेख कुंदाएको ज्ञात हुन्छ ।

यसपछिका राजा महाराजाहरुद्वारा पनि गहना, भांडा वर्तनहरू र प्रतिमा तथा घण्टहरू अर्पण गरिएको पाइन्छ भने, जनताद्वारा पनि जग्गाजमीन गुठी राखी केही चढाएको कुरा अध्ययनबाट थाहा हुन्छ ।

शाहकालमा आएर श्री ५ रण वहादुर शाहबाट १८५४ सालमा चतुर्मासाभरि नारायणलाई तुलसीपत्र चढाउन २५ रोपनी गुठी राखिएको पाइन्छ । श्री ५ गीर्वाणबाट चाँगुमा महास्नान गराउने परम्पराका साथै जग्गा जमीनको व्यवस्थित लगत र वार्षिक पूजा पर्व जात्राको खर्च सम्वन्धी दरवन्दी बनेको छ ।

श्री ५ राजेन्द्रद्वारा चाँदीको पानस अर्पण गरेको र श्री नारायण तथा यताजु (छिन्नमस्ता) को लागि केही जमीन गुठी राखेको अभिलेख प्राप्त छन् ।

यसपछि २०१८ सालमा श्री ५ महेन्द्रबाट मन्दिरको जीर्णोद्धार कार्य सम्पन्न भयो । साथै चाँगु नारायण, लक्ष्मी र सरस्वतीको प्रतिक मानिएका प्राचीन रौप्यकलशहरू जीर्ण भएकोले २०२६ सालमा तीनवटा चाँदीका कलश निर्माण गरी श्री ५ महेन्द्र तथा श्री ५ मुमा वडामहारानी रत्न राज्यदेवीबाट श्री नारायण तथा लक्ष्मी सरस्वती प्रीति गरी चढाइएको कुरा अभिलेखबाट जान्न पाइन्छ[75] ।

टिप्पणी

१, राम कृष्ण भण्डारकर वैष्णव, शैव और अन्य धार्मिक मत (1983) पृ. २-१४
२, अष्टाध्यायी- ४-३-९८
३, महा. भारत बन पर्व ३-१२-३४ र १२-३४९-१० र मनुस्मृति अ १
४, ऋग्वेद १०-८२-५६
५; शतपथ ब्राह्मण १२-३-४
६; " " १३-६-१
७, महाभारत बन पर्व १८८-८९ अ.
८, ऋग्वेद १-१५५-५
९, ऐतरेय ब्रा. १-१
१०, शतपथ ब्राह्मण १४-१-१
११, " " १-२-५
१२, भण्डारकर, वैष्णव, शैव, और अन्य धार्मिक मत पृ. ६
१३, " " " पृ. ४२-४८
१४, वाल्मीकी रामायण वालकाण्ड- ४७ सर्ग
१५, गोपाल वंशावली (1985) पत्र. १९ क र ख.
१६; पशुपति जयदेव द्वितीयको अभिलेख (लि. का. अ. पृ. ५४८)
१७, मनुस्मृति
१८, "राजाकी सुपुष्पदेव वर्ष ७६ ।। तेनहि नेपाल भूमिश्चातुर्वर्ण कृता" श्री पशुपती महारकस्य देवालय कृतम्... ।। गो. वं. १९ ख.
१९, "राजा श्री हरित्त वर्मा ४६ तेन हि चतुशिखर प्रदेशे भगवत् विष्णु महारकस्य देवालय सम्पूर्णम् वृतवानितुम् ।। गो. व. २० क ।
२०, एकादश सिति पतिव परंच भूप हित्वान्तरे विडायिनो जयदेव नाम्नः श्री मान वभूव वृषदेव इति... पशुपति स्थित जयदेव द्वितीयको अभिलेख (लि. का. अ. पृ. ५४९)

२१, धनवज्र वज्राचार्य लि. का. अ. (२०३०) पृ. ४१४।
२२, मोहन प्रसाद खनाल-चाँगु नारायणका ऐतिहासिक सामाग्री (२०४०) पृ. २
२३, ,, ,, ,, पृ. १०१२
२४, हिमवत्खण्ड अ. २४-२५
२५, चाँगु नारायणका ऐतिहासिक सामाग्री पृ. ७.
२६, ,, ,, पृ. १०४-५
२७, ,, ,, पृ. १०५
२८, चाँगु नारायणका ऐतिहासिक सामाग्री पृ. १०५
२९, ,, ,, पृ. १०५
३०, ,, ,, पृ. १०५
३१, ,, ,, पृ १०५
३२, चाँगु नारायणका ऐतिहासिक सामाग्री पृ. १०५
३३, ,, ,, पृ. १०६
३४, ,, ,, पृ. १०६
३५, ,, ,, पृ. १०७
३६, चाँगु नारायणका ऐतिहासिक सामाग्री पृ. १०९
३७, ,, ,, पृ. १०९
३८, ,, ,, पृ. १०९
३९, ,, ,, पृ. १०९-१०
४०, चाँगु नारायणका ऐतिहासिक सामाग्री पृ. ११०
४१, ,, ,, पृ. ११०
४२, ,, ,, पृ. १११
४३, ,, ,, पृ १११
४४, ,, ,, पृ. ११२
४५, चाँगु नारायणका ऐतिहासिक सामाग्री पृ. ११२
४६, ,, ,, पृ. ११२-१३
४७, ,, ,, पृ. ११३
४८, ,, ,, पृ. ११३
४९, ,, ,, पृ. ११३
५०, चाँगु नारायणका एतिहासिक सामाग्री पृ. ११४
५१, ,, ,, पृ. ११४

५२;	,,	,,	पृ. ११५
५३;	,,	,,	पृ. ११५
५४,	,,	,,	पृ. ११६–१८
५५, चाँगु	नारायणका	ऐतिहासिक सामाग्री	पृ. ११८–१९
५६,	,,	,,	पृ. ११९
५७,	,,	,,	पृ. १२०–२२
५८;	,,	,,	पृ. १२२–२३
५९,	,,	,,	पृ. १२३–२६
६०, चाँगु	नारायणका	ऐतिहासिक सामाग्री	पृ. १२६
६१,	,,	,,	पृ. १२७–२८
६२,	,,	,,	पृ. १२७–२९
६३;	,,	,,	पृ. ८२.
६४,	,,	,,	पृ. ८२.
६५, चाँगु	नातायणका	ऐतिहासिक सामाग्री	पृ. ८२.
६६,	,,	,,	पृ. ५१६
६७,	,,	,,	पृ ३३४–३३६
६८, महाकवि	कालीदाश	मेघदूत श्लो. ४२	
६९, चाँगु	नारायणका	ऐतिहासिक सामाग्री	पृ. ८४.
७०;	,,	,,	पृ. ८४.
७१,	,,	,,	पृ. ८४–८५
७२,	,,	,,	पृ. ८४
७३,	,,	,,	पृ. ८५.
७४,	,,	,,	पृ. २२–४७.

नेपालमा वैष्णव धर्म–श्री जलशायी नारायण

भौगोलिक स्थितिः–

काठमाडौं उपत्यकाको राजधानीको केन्द्रविन्दुबाट उत्तर, वायव्य कोणमा रहेको शिवपुरी नामक पर्वतको काखमा दस्स्याइलो परेको भूभागको अन्तिम ठाउँमा बूढानीलकण्ठको जलशायी मूर्ति विराजमान छ । यो नारायणको स्थानदेखि उपत्यकाको समतल भाग शुरु हुन्छ । काठमाडौंको रानीपोखरीको उत्तरपट्टि रहेको बसपार्कबाट नारायण स्थान जाने बस, लाजिम्पाट, महाराजगंज, बाँसवारी हुँदै नारायण स्थान मुनिको पार्कमा अन्तिम विश्राम लिन्छ । रानी–पोखरी पार्कबाट नारायण स्थान करीब १० किलोमिटर पर्दछ । सडक पीच गरेको छ ।

नारायण स्थानको पश्चिमपट्टि शिवपुरी पहाडको काखबाट निस्कैको जलस्रोतलाई विष्णुमती भनिन्छ र पूर्वपट्टिको पर्वतको काखबाट रुद्रमती (धोवीखोला) बग्दछिन् ।

दुई खोलाको बीच भागको दक्षिण फर्केको घमाइलो र दक्षिण पानी ढलो परेको ठाउँमा निकै वस्ती बसेको छ । समतल मैदानमा धानको खेती गर्ने जमीन भएको र उँचाइमा घरवास गरी बस्नेलाई रमाइलो ठाउँ भएकोले ऐतिहासिक कालदेखि नै यो ठाउँ आवाद गुल्जार भएको थाहा पाइन्छ[1] ।

विष्णुमती नदीको उद्गम स्थलको पर्वतलाई विष्णुपादुका भन्ने चलन छ र आज भोलि यही नाम प्रचलित छ । परन्तु समग्र पर्वत शृङ्खलाको नाउँ चाहिं शिवपुरी नै भनिन्छ । अर्को नाउँ शतरुद्रा पनि हो । लिच्छविकालमा

यहाँ घनावस्ती भएको कुरा प्राचीन अभिलेखहरूको अध्ययन गर्दा थाहा पाइन्छ। यस भेकको घनावस्तीलाई थंतुरीद्रङ्ग भन्ने उल्लेख भएको छ[२] ।

ऐतिहासिक विवरण:–

द्रङ्ग शब्द त्यति प्रचलित छैन र यसको प्रचलन भारत वर्षतिर पनि त्यति नभएकोले संस्कृतमा आयात गरिएको शब्द अनुमान हुन्छ । यसैले चल्तीका कोशमा यो शब्द छैन । राजतरङ्गिणीकारले यो शब्दको प्रयोग गरेकोले कश्मीरतिर प्रयुक्त हुने यो शब्द खश प्राकृतबाट आएको हुनु पर्छ । लिच्छवि-कालिक संस्कृतिमा पनि "तिलमक", "चिलक" आदि स्थानीय शब्द वा आयात शब्दलाई स्वीकृत गरिएको छ । संस्कृत शब्द समूहमा यस्ता थुप्रै शब्दहरू पाइन्छन् ।

वाचस्पत्य कोश र राजतरङ्गिणीबाट हाट बजार लाग्ने, बाहिरको सामान आउने मूलबाटो परेको ठाउँ, सुरक्षा चौकी र कर लिने अड्डा भएको ठाउँभन्दा विकसित बस्ती द्रङ्ग हो भन्ने कुरा थाहा हुन्छ ।

धनवज्रको कथन अनुसार थंतुरी मध्यकालको नेवारी भाषाको पूर्वरूप; उकालो परेको ठाउँमा बसेको शहर वा बस्ती हो भन्ने छ[३] ।

नारायण स्थान भन्दा माथिल्लो भाग, डाँडाको फेदिसम्म नै दस्स्याइलो टारको रूपमा रहेकोले बस्ती, बस्न उपर्युक्त थियो र निकै घना बसोबास यहाँ भएको अनुमान हुन्छ । विष्णुमतीका किनारमा रहेका श्री राजा मानदेवद्वारा स्थापित शिवलिङ्गको जलहरीको सं. ३९६ (वि. सं. ५३१) तिरको अभिलेख-बाट पनि यहाँ विकसित बस्ती रहेको कुरा भन्न सकिन्छ[४] ।

लिच्छविकालमा स्थानीय प्रशासनको काम गर्ने एकाइलाई पांचाली भनिन्थ्यो । जसको रूप आजको गाउँ विकास समिति जस्तै हो । यसको गठनको कार्यविधि सदस्य संख्या थाहा पाउन सकिएको छैन तापनि ई. पू. आठौं शतीदेखि नै गणतंत्रात्मक शासन व्यवस्था अपनाएका लिच्छविद्वारा गठित पाञ्चालीमा निर्वाचित सदस्यको अवस्थिति थियो होला भन्न बाधा पर्दैन ।

यस भेकमा नरसिंह स्थान र आङ्ला वकसपिता नामका पाञ्चाली रहेको कुरा अभिलेखहरूबाट थाहा पाइन्छ । एउटा द्रङ्ग भनिने विकसित बस्ती भित्र दुईचार ओटा पाञ्चालीहरू हुन सक्थे यसकारण, त्यस क्षेत्रभित्र दुईटा पाञ्चालीको अस्तित्व पाइन्छ र बूढानिलकण्ठको मूर्ति रहेको ठाउँ चाहिं

नरसिंह स्थान पाञ्चाली भित्र पर्दथ्यो । यस नाउँको स्थितिले त्यहाँ नरसिंहको स्थान पहिलेदेखि थियो भन्ने कुरा पनि थाहा हुन्छ ।

विष्णु भगवान्‌का अवतारमध्ये वाराह, नरसिंह, वामन, परशुराम, राम र कृष्णको उल्लेख प्राचीन साहित्यमा पनि भएको छ । त्यसपछि मत्स्य, कूर्म र कल्की अवतारको मान्यता थपियो । बुद्धको अवतारमा गणना चाहिं निकै पछिका पुराण साहित्यमा भएको छ[5] ।

नारायणको मान्यता र मूर्ति निर्माणः-

आज भोलि उपलब्ध सबै पौराणिक ग्रन्थमा नारायणको स्थान प्रमुख छ । संसार जलमग्न भएको बेलामा जलमाथि शेषनागको बिछ्यौना माथि चतुर्भुज नारायणले विश्राम गर्छन् । उनको नाभि मण्डलबाट कमल निस्कन्छ र पानी माथि निस्केर फुल्दछ । त्यस कमलका फूल भित्रबाट चतुर्मुखी ब्रह्मा प्रादुर्भूत हुन्छन् । अनि उनले नारायणको सहायता पाएर सृष्टि प्रक्रिया शुरु गर्छन् ।

प्रकृति र पुरुषको संयोगबाट हिरण्मय अण्ड जन्मन्छ र हजारौं वर्षसम्म आप (जल) मा त्यो अण्ड रहन्छ । पछि त्यो फुटेर हिरण्यगर्भ ब्रह्म (विश्वमयरूप) ब्रह्माण्डको प्रादुर्भाव हुन्छ । यसैको एउटा आदि रूप जलशायी नारायण हुन् भन्ने कुरा पुराणहरूले बताउँछन्[6] ।

यही कुरा मनु सम्प्रदायको स्मृति ग्रन्थमा पनि उल्लेख भएको छ[7] । यो ग्रन्थ ई. पू. दोस्रो शतीतिर भृगुले संकलन गरेका हुन् भनेर प्राचीन इतिहास वेत्ताहरूले उल्लेख गरेका छन् ।

वैदिक आर्यहरूको समयमा मूर्ति पूजा हुदैनथ्यो भन्ने कुरा धेरै अनुसन्धाताहरूले उल्लेख गरेका छन् । मूर्ति पूजाको परम्परा ऋग्वैदिक कालदेखिकै हो भन्ने सोधकर्ताहरू पनि प्रशस्तै छन् । उत्तर वैदिक काल जसलाई ब्राह्मण ग्रन्थको निर्माणकाल भनेर मानिएको छ, त्यसमा चाहिं मूर्ति पूजाको अस्तित्व भेटिन्छ[8] । त्यसबेलाका मूर्तिहरू भने पाईदैन । शायद माटो र काठ तथा धातु निर्मित मूर्ति भएकोले पाउन नसकिएको होला ।

जब बज्रमय पाषाण खण्डबाट मूर्ति निर्माण गर्न थालियो अनि मूर्तिको स्पष्ट अस्तित्व देखा पर्छ । मिश्रको सभ्यता र युनानी सभ्यतामा देवताका सुन्दर मूर्तिहरू कुँदिन्थे भन्ने कुरा पुरातात्विक अवशेषको प्राप्तिले थाहा पाइन्छ[9] । रोम साम्राज्य खडा हुनु भन्दा पूर्व नै इटालीमा पनि मूर्ति कलाको विकास भएको कुरा त्यहाँ

उपलब्ध पुरातात्विक सामाग्रीबाट जानिन्छ । लगभग ई. पू. चार हजार वर्षदेखि नै पश्चिम एशिया र उत्तर अफ्रिकाको प्राचीन सभ्यतामा मूर्ति शिल्पविधाका महत्तम विकास भएको थियो र भारतको सिन्धु सभ्यता, जसको पनि ई. पू. चार हजार वर्ष देखि नै विकास भएको पुरातत्वविद्हरूको कथन भएकोले र त्यहाँ मूर्ति एवं शिवलिंगको प्राप्तिले पनि मूर्ति शिल्पको इतिहास निकै पुरानो हो भन्ने कुरा सावित गर्छ[10] ।

परन्तु मूर्तिको अधिकतम संख्या ईशापछि कै भएकोले पाषाण मूर्तिको निर्माणकालको उपल्लो सीमा ई. पू. तेस्रो शती र विकसित मूर्तिकलाको प्राचुर्य चाहिं ईशा पछिकै काल हो भन्ने कुरा कतिपय प्रमाणद्वारा सिद्ध भएको छ[11] । मूर्ति निर्माण गर्ने परंपरा पश्चिम एशियामा पहिले देखि नै थियो । भारतमा आउने कुषाण र युनानी (यवन) हरूले मूर्तिको निर्माण गर्ने परंपरा गान्धारमा चलाए । गान्धारबाट सरेर यसको विकास मथुरामा भएको मानिन्छ । त्यहाँबाट नै मूर्ति शिल्पन विधाले भारतभरि छरिने मौका पायो । नेपालमा पनि मूर्ति-कलाको विकास मथुरा पछि भएको हो । मथुराबाटै कलाकार यहाँ आएर कला पाठशाला चलाए वा पहिले पहिले मूर्तिहरू वहींबाट यहाँ मगाइयो, त्यो कुरा खोजीकै विषय छ । तथापि इस्वी पहिलो शतीदेखि नै यहां मूर्तिहरू बन्न थाले । भारतको गुप्त साम्राज्यकाल मूर्तिकलाको उत्कर्ष युग भनिन्छ भने यहांको पनि लिच्छवि युग मानदेवदेखि सातौं शतीसम्म मूर्ति कलाको चरमोत्कर्ष युग भन्न सकिने भएको छ । गान्धार कलाको छाप मथुरा कला शैलीमा परेको छ भन्ने कुरा विद्वानहरूले गर्दछन् तापनि कलात्मक व्यक्तता मथुराको कला शैलीमा छुट्टै छ। त्यस्तै मथुरा शिल्पन विधाको अनुदान जस्तै नेपालका मूर्ति कला हो भन्ने कुरा विद्वानहरूको मन्तव्य भएकोले निर्माण शैलीको परंपरा मथुराबाट यहाँ सरेको मानेता पनि यहाँ पाइने शिल्पन विधिको भिन्नताले नेपाली विग्रह शैली भिन्नै भएको कुरा मूर्तिकला सम्बन्धी अध्ययन गर्दा ज्ञात हुन्छ[12] ।

मूर्ति कलाको समुन्नत विकास भएको युनानी सभ्यता मानिन्छ । युनानी क्षेत्रबाट दिग्विजय गर्दै सम्राट सिकन्दर पश्चिम उत्तर भारतसम्म नै आए । त्यसबेला मगधको विशाल साम्राज्यका स्वामी नन्दवंशी थिए । धेरै कालसम्मको युद्ध अभियानमा संलग्न रहेका युनानी सेनाले पंजाव क्षेत्रबाट अघि बढ्न चाहेन । सिकन्दर सिन्धु नदीको मुहानमा पुगेर स्थल मार्गद्वारा नै फर्केर बेबिलोन पुग्दा ई. पू. ३२३ तिर उनको मृत्यु भयो[13] । उनी वाहेक देश (पंजाब) को विपाश नदी किनारबाट फर्केका थिए तापनि पश्चिम उत्तर भारतको बिजित प्रदेश-

को सुरक्षामा युनानी तथा इरानी सैनिक र युनानी सेना नायकलाई प्रशासक (क्षेत्रमा) बनाइ फर्केका थिए। उनका साथमा कवि, लेखक, इतिहासकार र कलाकार पनि आएका थिए र भारतको विजित क्षेत्रमा आफ्ना नाउँबाट अलेक जान्डिया (सिकन्दरीया) शहर पनि बसाएका थिए। भारतीय नारीहरूसँग विवाह गरी यहींका सैनिक शिविरमा बस्ने युनानीद्वारा ग्रीक सभ्यता र इरानी सभ्यताको भारतमा प्रवेश भएको र व्यापारको आदान प्रदान भएको कुरामा प्राचीन इतिहासविद् विश्वास गर्दछन्। सिकन्दरको शेष पछि एशियायी भागको सम्राट बनेका सेना नायक सेल्युकसको प्रशासनद्वारा पनि कला साहित्य संस्कृतिको आदान-प्रदान भएको मानिन्छ।

सिकन्दर फर्कदा सिन्धुपश्चिमको देशमा क्षत्रपहरूको नियुक्तिका साथै सेना र सेनापतिहरूको टोली विजित प्रदेशमा छाडेर गएकाले युनानी संस्कृति सभ्यता, साहित्य, कला त्यस क्षेत्रमा फष्टाउने अवसर पायो। सिन्धुको पूर्वी किनारामा रहेको शहर तक्षशिला, त्यस बेला विश्व प्रसिद्ध विश्व-विद्यालय भएको ठाउँ हुँदा युनानी तथा इरानी सभ्यतामा विकसित कला, साहित्य दर्शन, गणित, ज्योतिषको त्यहाँ प्रवेश भयो भने यहाँबाट पनि प्रशस्त साहित्य दर्शन आदि पश्चिम गयो[14]।

वैदिक धर्म तथा बुद्ध धर्म दर्शनले विशेष ठाउँ लिएको भारतमा मूर्ति पूजाको क्रम एक वर्गमा चलेको भएतापनि मूर्तिका, काष्ठ र धातु निर्मित मूर्तिहरूको मात्र केही अंशमा प्रचार भएको र आर्यमध्येका केही वर्ग तथा अनार्य जातिका व्यक्तिहरूको मन्दिरमा नकुँदिएकै पाषाण खण्ड स्थापना गरी पूजा-आजा चल्ने परम्परा भएकोले पाषाणका कुँदिएका मूर्तिहरूको त्यति प्रचलन नभएको थाहा हुन्छ।

एउटा प्रसंग अनुसार, सिकन्दरले पश्चिम उत्तरका गणराज्य ध्वस्त गरेर आफ्ना क्षत्रपको अधीन विजित प्रदेश सुम्पेपछि, त्यस क्षेत्रमा विद्रोह गराइ राज्यको एकीकरण गर्ने कार्य, चाणक्यको कुटनीतिक सहयोगमा चन्द्रगुप्त मौर्यले गरे। सेना संगठन गरी ध्वस्त भएका गणराज्यहरूको एकीकरण गर्न धनको आवश्यक हुँदा अगणित मूर्तिहरू बनाउन लगाई वेचेर प्रशस्त कोष जम्मा गरे भन्ने कुरा इतिहासविद् अनुसन्धाताले उल्लेख गरेका छन्[15]। यसबाट तक्षशिला मूर्तिकलाको निर्माणमा अगुवा भएको ऐतिहासिक तथ्यलाई बुझ्न सकिन्छ। महातमा बुद्धका सुन्दर मूर्तिहरू र बौद्ध धर्मसँग सम्बन्धित विभिन्न प्रतीकको निर्माण गर्न लगाइ चाणक्यले बिक्री गर्न लगाए होलान्। किनकि

त्यसबेला बुद्धलाई अलौकिक (देवत्व) रूपमा मान्ने माहासांधिक जस्ता सम्प्रदायको निकै विस्तार भइसकेको र असंख्य धन-सम्पत्तिले परिपूर्ण बौद्ध विहारको कोष खर्च गर्ने ठाउँ थिएन। विहारको सम्पत्ति हस्तगत गर्ने यो सरल उपाय थियो र असंख्य बुद्ध तथा बोधिसत्वका मूर्तिहरू र अन्य प्रतीकहरूको बिक्रीले गर्दा तक्षशिलाको मूर्तिकलाको धन्दाले आशातीत विकास गर्ने मौका पायो।

उपर्युक्त कारणको विवेचना गर्न आवश्यक किन पर्‍यो भने पाषाण मूर्तिकलाको निर्माणकालको अनुशीलन गर्दा मौर्यकाल भन्दा अगाडि पुग्न सकिँदैन।

मूर्ति पूजा र पाषाण प्रतिमाहरूको निर्माणका साथै वास्तुशिल्प (घर मन्दिर) मा ढुङ्गाको प्रयोग भारतमा थिएन। प्राचीन वास्तु शास्त्रहरूमा पाषाणको घरमा प्रयोग अशुभ मानिएको छ[16]।

बौद्धहरू पनि मूर्ति पूजामा विश्वास गर्दैनथे। उत्तर मौर्यकाल तथा शुङ्गकालमा बनेका साँची र भरहुँतका स्तूपहरूमा पाषाण कलाको जुन अवशेष पाइएको छ, त्यसमा बौद्ध जातका कथामा उल्लिखित विषयको चित्रण र प्रतीक-हरूको रूपाङ्कन मात्र भएको पाइन्छ। सारनाथ आदि ठाउँमा पाइएका अशोक स्तम्भहरू सुन्दर कलाकृतियुक्त छन्। यी स्तम्भ शीर्षमा साँढे, हात्ती, घोडा, सिंहका आकृतिहरू बनाइएका छन् र स्तम्भको कलात्मक निर्माण हखामनि साम्राज्यको वेला इरानमा विकसित पाषाण स्तम्भकलाको प्रशस्त छाप परेको छ[17]।

भारत र नेपालमा पनि पाइने प्राचीन मूर्ति कलाको इतिहास अन्वेषण गर्दा यक्ष प्रतिमाहरू नै सर्व प्राचीन छन्[18]। यक्ष, विशिष्ट शास्त्रीय देवता नभएर लोकदेवता वा क्षेत्रपाल देवताको रूपमा बुद्ध कालमा पनि पूजित थिए।

यक्ष वा यक्षिणीहरू भूत-प्रेत जस्तै मानिसलाई लगेर दुःख दिने तथा मानिसका शरीरमा प्रवेश गरी कमाउने र बक्ने गर्दछ भन्ने लोक धारणा उत्तर वैदिक कालमा पनि भएको प्रमाण पाइन्छ। यसकारण, यक्ष प्रतिमा वा शुद्ध पाषाण मात्रै स्थापना गरी यक्ष पूजा र बलि गर्ने चलन थियो। यक्ष मूर्तिहरू खुला चौतारामा अथवा ठूला वृक्षको फेदमा बस्ती भन्दा बाहिर स्थापना गरिन्थे र यो परम्परा आज पनि कायम छ[10]।

यस्तो पूजा मान्यतालाई बुद्धले ''मिथ्याजीव'' झुठा कुरा (अन्धविश्वास) भनेका छन्[20]। परन्तु यो मान्यता लोक मानसमा भेटिएन । मूर्तिकला–अर्थात् पत्थरका मूर्तिहरूको निर्माण गर्ने परम्परामा व्यापकता आएको चाहिं ई. पू. दोस्रो शती पछि हो भन्ने विद्वान्हरूको तर्क छ ।

हिन्दुहरूको वैदिक धर्म, यज्ञवादी भएकोले मूर्ति पूजाको परम्पराले त्यति प्रश्रय पाएको थिएन। बुद्ध र महावीरको धर्म प्रचारले यज्ञवादी परम्परामा ह्रास आयो । उपनिषद्कालीन चिन्तनले वैदिक धर्म भित्र आत्मा, परमात्मा आदिमा एउटै परमेश्वरको सत्ता भएको कुरा स्वीकार गरी अहिंसावादी बिचार जन्माएको हुँदा नयाँ कुरा सँच्न पनि करलाग्यो । वैदिक आर्यहरूले बौद्ध र जैनहरूको घातप्रतिघातबाट प्राचीन धर्म बचाउन व्यापक रूपमा मठ मन्दिर र मूर्ति पूजाको आश्रय लिनु पर्‍यो । सथै उपनिषद्को सर्वे व्यापक परमसत्ताको चिन्तन र मान्यतालाई सहज र सर्वसाधारणका निमित बोधगम्य बनाएन पुराणहरूको नव निर्माण गर्नु पर्ने र पुरानाको परिवर्तित र संवद्धित संस्करणहरू तयार गर्नु पर्‍यो र गरियो पनि।

पौराणिक कालमा वैदिक संहिताका देवता- समूहबाट विष्णु र शिवको र विश्व- व्यापक परमेश्वरको रुपमा पदोन्नति भएको र सर्वोपरि स्थान रहेको पाइन्छ ।

यद्यपि भगवान् शिवको यजुर्वेद संहितामा नै सब व्यापक सर्वश्वर; पंचतत्व रूप, अग्नि र सूर्य रुपमा उपास्य, देवाधिदेव अभियन्ता सृष्टि संहारकर्ताको रूप देख्न पाइन्छ तापनि शिवको अरण्यवासी पशुपक्षीका मालिक रोग व्याधिका प्रयोगकर्ता र पूजिएमा दुःख तापको शमनकर्ता महाभिषक्को रूपमा सूत्रकालसम्म नै मान्यता रहेको पनि देखिन्छ[21]। यद्यपि सूत्रकाल भन्दा अघि नै श्वेताश्वतर उपनिसद् आदिको शिवको देवाधिदेव परमेश्वर पब्रह्मको रूपमा प्रस्तुत गरिसकेको थियो । यस्तै भगवान् विष्णुका सूत्रहरू ऋग्वेदमा निकै थोरै भए तापनि ती सूत्रहरूको अध्ययन गर्दा विष्णुको विशिष्ट महत्व रहेको कुराको बोध हुन्छ ।

वैदिक संहिता एवं वैदिक धर्मका यज्ञविधानहरू बहुदेववादी थिए । तर (ऋ. ५।३।१–३) का मन्त्रहरुले अग्नि, वरुण, मित्र, इन्द्र अर्थमा आदि देवता वस्तुत, एउटै हुन भन्ने र ''एकोऽहं बहुस्याम्'', भन्ने वैदिक कथनको बिन्दुबाट एकदेववादी उपनिषद् बिचारधाराको प्रवर्तन भयो । अनेक देवताको स्वत्व एउटा हुन्छ भने, एउटा नै अनेक पनि हो भन्ने चिन्तन पल्लवित र

पुष्पित हुनु स्वाभाविक नै हुन्छ । विकासको यो स्वाभाविक प्रक्रिया पनि हो ।

नारायण सम्बन्धी शास्त्रीय पक्षः–

ऋग्वेदको एकदेव वादी सकेत गर्ने मन्त्रहरुद्वारा उत्तरवर्ती ब्राह्मण ग्रन्थ र उपनिषद्हरूको विकास भएको कुरा सर्वमान्य विषय नै हो। यसको अझ स्पष्ट रूप इतिहासकालमा भएको कुरा इतिहासविद्हरूले स्वीकार गर्छन् ।

मनुस्मृति (१।१०) को आपोनारा इति प्रोक्ता "जललाई नारा' भन्दछन् र जलनै अयन (घर) हुनेलाई नारायण भन्दछन् भन्ने नारायण सम्बन्धी व्याख्याको प्रारूप ऋग्वेद (१०।८२।५६) मानै पाइन्छ । जसको अर्थ यस्तो छः स्वर्ग र वर्तमान देवताहरू भन्दा पनि पर कुन गर्भ छ ! जसले पहिलो आपः (जल) धारण गऱ्यो, जसभित्र नै सम्पूर्ण देवताहरू छन् । फेरि जसले त्यही गर्भ (विराट ब्रह्माण्ड रूप) सर्वप्रथम धारण गऱ्यो, जहाँ सम्पूर्ण देवता स्थित छन् । अज (अजन्मा) को नाभिमा यस्तो वस्तु रहेको छ, जसमा समस्त भुवन रहेको छ[२३] ।

उपर्युक्त ऋग्वैदिक मन्त्रद्वारा नै जलको सर्वप्रथम अस्तित्व र त्यसमा हिरण्य गर्भ (ब्रह्माण्ड) को जन्म भएको जलका सृष्टिकर्ता अज (जसको जन्म नै छैन) अर्थात् परम तत्वरूप (ब्रह्म) को रूपमा नारायण नामधारी ईश्वरको स्थिति बोध हुन्छ ।

डा. रामकृष्ण भण्डारकरको आफ्नो "वैष्णव' शैव र अन्यमत" नामक प्रसिद्ध ग्रन्थमा उल्लेख गर्दछन्:– नृ. वा. नर शब्दको वैदिक अर्थ वीर अथवा देव भन्ने पाइन्छ । यसकारण, नारायणको अर्थ मनुष्य वा देवताको आश्रय भन्ने बुझिन्छ[24] ।

यस्तै नारायणीय (महाभारत शा. प. १२।३४१) मा हरि अर्जुनलाई भन्दछन्–म नरको आश्रय (नारायण) नामले प्रसिद्ध छु । शतपथ ब्राह्मण (१२।३।४) मा पुरुष नारायणलाई तीन सवन (प्रातः मध्याह्न, सायं) हवन गर्ने कुरा लेखिएको छ । त्यसको सारांशमा नारायणले स्वयंको तथा समस्त लोक, सम्पूर्ण देवता एवं समस्त वेद र समस्त प्राणलाई धारण गरे भन्ने कुरा व्यक्त गरेको छ ।

ऋग्वेद (१०।८२।६) मा उपर्युक्त शतपथ ब्राह्मणमा व्यक्त गरिएको कुरा नै उल्लेख भएको छ ।

महाभारत वन पर्वमा (१८८–१८९ अ.) प्रलयकालको वर्णन गर्दा मार्कण्डेय ऋषिको कथा उल्लेख गरिएको छ। सर्वत्र जलैजल भएको बेला पानीमा यत्रतत्र पौडेर आकूल बनेका मार्कण्डेयले एउटा बरको हाँगो देखे। त्यहाँ आश्रयको निम्ति पुग्दा बरका पातको खोचामा एउटा बालक देखे। त्यो बालकले मुख खोल्यो र श्वासले तानेर मार्कण्डेयलाई निलिदियो। बालकको पेटमा पुगेका मार्कण्डेयले आर्कै संसार देखे। फेरि सास फेर्दा बालकले मार्कण्डेयलाई बाहिर उकेली दिए। त्यहाँ जलै–जल थियो र बरका पातमा तिनै बालक थिए। आश्चर्य मानेका ऋषिले बालकलाई सोधे– तपाईं को हुनुहुन्छ ? बालकले भने म नारायण हुँ। पहिले जललाई मैले "नारा" नाम दिएँ। त्यो जल मेरो अयन (घर वा आश्रय) थियो, अतः म नारायण हुँ। यहीसँग मिल्दो कथा श्रीमद्भागवत् १२ स्कन्दमा पनि छ।

महाभारतको कथा मार्कण्डेयले राजा युधिष्ठिरलाई बताएका छन् र उनी भन्छन्, तिम्रा सम्बन्धी जनार्दन नै नारायण हुन्[25]।

बुद्धकालभन्दा अगाडिदेखि नै पश्चिम भारत गुजरात तथा मथुरातिर सात्वत धर्म (कृष्ण र बलराम) को उपासना गर्ने परम्परा चलेको कुरा ऐतिहासिक साक्ष्यको आधारमा इतिहासविद्हरूले उल्लेख गरेका छन्। ब्राह्मणहरूको यज्ञवादी परम्परामा वासुदेव कृष्ण, बलराम (संकर्षण) लाई परमेश्वरको रूपमा उपासना गरिने सात्वत धर्मको त्यति प्रचार प्रसार भने हुन सकेको थिएन। बुद्धको अहिंसावादी र अनात्मक दर्शनको मुकाबिला गर्न, ईश्वरवादी अहिंसापरक तथा भक्तिद्वारा उपास्य वासुदेव सम्प्रदायलाई अघि बढाउन आवश्यक ठानिएकोले चाँडै नै यस धर्मले फैलने मौका पायो। वासुदेव कृष्णलाई परमेश्वर नारायणको रुपमा प्रस्तुत गर्न नै नारायणीय खण्डको समावेश गरिएको कुरामा इतिहासविद् डा. भण्डारकर विश्वस्त छन्[26]।

महाभारतको विस्तृत संहिताको संकलन हुनु भन्दा अगाडि नै एका-एक वा पाञ्चरात्रमतको व्याख्या गर्ने संहिताहरू बनिसकेका थिए र यसको स्वीकृति यज्ञवादीहरूबाट पनि भइसकेको थियो। जसको विस्तृत चर्चा, महाभारत शान्तिपर्वको नारायणी खण्डमा उल्लेख भएको पाइन्छ।

भगवान् पाणिनि ई. पू. पाँचौं शतीतिरका मानिन्छन्। उनको अष्टाध्यायी सूत्र (४।३।९८) को व्याख्या गर्दै ई. पू. दोस्रो शतीका पतन्जली वासुदेव कृष्णलाई पूजाई तत्रभवतः (पूजा गर्न योग्य) ईश्वरको रुपमा व्याख्या गर्दछन्। यस्तै घोसुन्डी राजपूतानामा प्राप्त अभिलेखमा संकर्षण (बलराम) र वासुदेवको

उपासना मण्डपको चारैतिर एउटा भित्ति निर्माण गरिएको कुरा लेखिएको छ। जसलाई ई. पू. दोस्रो शतीको अभिलेख भनेर पुरातत्वविद्‌ले मानेका छन्[27]। यस्तै बेसनगर भन्ने ठाउँमा देवाधिदेव वासुदेवको सम्मानमा "होलि ओदोर" नामक युनानीले एउटा गरुडध्वज स्थापना गरेको कुरा परेको अभिलेख प्राप्त भएको छ। दियका छोरा, तक्षशिलाका निवासी तथा एवन राजाका दूत, राजा भागभद्रका दरवारमा सम्भवतः मालवामा आएका थिए। यस अभिलेखमा यवन राजा अन्त लिकित (एण्टीयो लकीडस) को समय अनुसार ई. पू. दोस्रो शतीको प्रारम्भमा यो गरुडध्वजको स्थापना भएको मानिन्छ। विदेशीहरूले पनि ई. पू. दोश्रो शतीको प्रारम्भमा नै स्वीकार गरिएको वासुदेव सम्प्रदायले त्यसबेला पश्चिमी भारत, राजपूताना मालवा आदि क्षेत्रमा स्थान लिइसकेको कुरा थाहा हुन्छ[28]।

उपर्युक्त प्रमाणहरूको प्रस्तुति पछि इतिहासविद् भण्डारकर भन्दछन्– यस प्रकारका अकाट्य साक्ष्यले ई. पू. चार शतीको लगभग यस्तो धर्मको अस्तित्व सिद्धि हुन्छ जसको केन्द्र वासुदेव थिए। यो मतका अनुयायी "भागवत" भनिन्थे।

महाभारतको नारायणी खण्डमा वासुदेव, संकर्षण, प्रद्युम्न, अनिरुद्र, चतुर्व्युह रुप परमेश्वरको कथा लिएर विस्तृत चर्चा भएको छ र वासुदेव नै नारायण हुन भन्ने कुराको साथै संकर्षण (बलराम) पनि उनको नै अर्को रुप हो भन्ने कुरा व्यक्त गरिएको छ।

युधिष्ठिरको प्रश्नमा, सात्वत धर्मका प्रवर्तक चित्र शिखण्डी (सप्त ऋषि र स्वायम्भुवन मनु समेत आठ) द्वारा प्रचारित, यो मतलाई भगवानले वेद जस्तै पवित्र छभन्दै परम्परागत रुपमा वृहस्पतिबाट बसुउपरिचरले प्राप्त गर्नेछन् र उनले पशु हिंसा नगरिकनै अन्य पवित्र हवनीय वस्तुद्वारा यज्ञ सम्पादन गर्दा भगवान् नारायणले वसुलाई प्रत्यक्ष दर्शन दिएर आफ्नो भाग ग्रहण गरेको कथा भीष्म पितामहद्वारा वर्णन भएको छ[29]।

राजा वसुउपरिचरले मात्रै हरि नारायणको दर्शन पाएको र आफूले पाउन नसकेकोमा वृहस्पति क्रुद्ध हुन्छन्। नारायणको एकान्तिक भक्त नभईकन कसरी दर्शन पाउना सकिन्छ, भन्ने कुरा त्यहाँ उपस्थित एक, द्वि त्रि नामक ऋषिहरूले भन्छन्।

यसै नारायणीय खण्डमा नर नारायणको दर्शनार्थ नारद वदरीकाश्रम गएको, नारायणको उपदेश पछि मेरू पर्वत शिखरमा पुगेको र चित्रा शिखण्डी

हरुको दर्शनवाद, श्वेतद्वीपको यात्रा र भगवान् नारायणको स्तुति गरे पछि भगवान् प्रकट भएर नारदलाई दर्शन दिएको कथा छ । भगवान् नारायणद्वारा; नारद एकान्तिक भक्त भएकोले दर्शन दिएर वासुदेव धर्मको उपदेश गरेको कथा वर्णन छ ।

समस्त प्राणीका आत्मा स्वरूप वासुदेव, सर्वद्रष्टा हुन् । सङ्कर्षण समस्त जीवका प्रतीक हुन् भने, पद्युम्न जीवको मन र अनिरुद्र अहङ्कार रूप हुन् । यी मेरै चार रूप हुन् जसबाट सृष्टिको विस्तार हुन्छ ।

उपर्युक्त कथानकको साथै भगवान्को अवतार वराह, नरसिंह, वामन; परशुराम, राम र मथुराको कंशको वधका लागि कृष्ण अवतार हुने र द्वारिकामा निवास गरी आफ्नो चारमूर्तिद्वारा समस्त वस्तुको उत्पन्न गर्ने र अन्त्यमा समस्त सात्वत (यादव) कूल सहित द्वारकाको विनास गरी पुनः आफ्नो लोकमा जाने कुरा पनि नारायणद्वारा नारदलाई बताइन्छ[30] ।

डा. भण्डारकरको विचारमा एकान्तिक मतको प्राचीनतर ग्रन्थ भगवद्गीता हो भन्ने छ । जसमा उपनिषद्को सारांश सहित ज्ञान भक्ति र कर्मयोगको अपूर्व समन्वयनका साथ विशद व्याख्या गरिएको छ । बुद्ध र जैनीहरूले झैं वेद प्रामाण्यलाई अस्वीकृत नगरीकन नै भक्ति मार्गद्वारा ईश्वरको उपासना हुने र मोक्ष पद, जसलाई बौद्धहरू निर्वाण भन्दछन्, प्राप्त हुनसक्ने बाटो देखाइएको हुँदा देवता र ईश्वरमा विश्वास राखेर यज्ञादि उपासना गर्दै आएका हिन्दू समाजलाई भक्तिद्वारा उपासना गरी ईश्वर प्राप्त गर्न सकिने अहिंसावादी धर्मको रूपमा वासुदेव सम्प्रदायको प्राप्तिले बुद्ध दर्शन र उपनिषद्को ब्रह्मवादले दिन नसक्ने सन्तुष्टि दिन सक्यो । अतः बुद्ध र जैनको यज्ञपति गरिएको घातप्रतिघातको जवाफमा वैष्णव धर्म र मन्दिर एवं मूर्तिपूजाको विशेष उत्कर्ष व्यापक स्वीकृति भयो ।

विष्णु वासुदेव तथा नारायणको तादात्म्यः

जसरी वासुदेव कृष्ण र नारायणको तादात्म्यको प्रसङ्ग माथि उल्लेख गरियो, त्यस्तै वैदिक विष्णुको वासुदेव वा नारायणमा एकता स्थापित भएको छ ।

ऋग्वेदमा १२ आदित्य मध्येका विष्णुको स्तुतिपरक सूक्तहरू कम नै छन् । तथापि जति सूक्तहरू विष्णुका छन् त्यतिबाट नै विष्णुको सर्वोपरि महत्ता स्थापित गर्न पर्याप्त छ ।

ऋग्वेद (१।१५५।५) का मन्त्रले तीन चरणवाला विष्णु (त्रिविक्रम) दुईवटा पाउले समस्त लोक नाप्न सक्छन् र तेस्रो पाउ, मनुष्यको दृष्टिपथभन्दा पर छ। जहाँ पक्षीहरूको पनि गमन हुँदैन यस्तै ऋ. (१।२२।२०) मा भनिएको छ, विद्वानहरू (साधकहरू) नै स्वर्गमा आँखा गाढेर विष्णुको परमपद देख्न सक्छन्। ऋग्वेद (१।१५४।५) मा भनिएको छ– विष्णुको परमपदमा मधुको उत्स छ, जहाँ देवगण आनन्द पाउँछन्।

तीन पाउवाला विष्णुको वैदिक वर्णनको पुराणमा त्रिविक्रम वामनरुपले प्रख्यापन गरिएको छ[31]। तेजोमय सूर्यरूप विष्णुका पाद किरणहरू पृथ्वी र अन्तरिक्षमा व्याप्त भएको मनुष्यको दृष्टिगोचर हुन्छ। परन्तु, तेस्रो चरण, जो अन्तरिक्ष भन्दा माथि अनन्त आकाशमा प्रसारित किरणहरुको समूह थाहा पाउन सम्भव छ। दृष्टिपथमा सानो चक्का (वामनरूप) देखिने सूर्यको यो त्रिलोक व्यप्त गर्ने पाद प्रसारण (रश्मिजाल) अनन्त र अद्भूत छ।

वैदिक संहिताका थोरै सूक्तले स्तुति गरिएका विष्णु, जसको निर्वचन व्यापक भन्ने हुन्छ, ब्राह्मणकालमा सर्वश्रेष्ठ देवता हुन पुग्छन्। ऐतरेय ब्राह्मण (१।१) तैतिरीय आरण्यक तथा शतपथ ब्रा (१४।१।१) को कथानुसार, देवताहरूको तेज, ऐश्वर्य, एवं अन्न प्राप्ति निम्ति यज्ञ सम्पादन गर्दा, यस्तो प्रस्ताव राखे कि जो सर्वप्रथम यज्ञको अन्तमा पुग्न सफल हुन्छ, त्यो सर्वोच्च पदप्राप्त गरेर देवताहरूमा सर्वश्रेष्ठ स्थान प्राप्त गर्छ। यस्तै शतपथ ब्रा. (१।२।५) मा वामन रूप विष्णुको कथा पनि छ जसमा असुर गणलाई छल्न वामनरूप विष्णुले पृथ्वीमा सुतेर बढ्दै सम्पूर्ण पृथ्वी लोक ढाके। अनि देवताले सम्पूर्ण पृथ्वीको आधिपत्य पाए। यस्त मैत्री उपनिषद् (६।१३) मा अन्नलाई जगतका धारणकर्ता विष्णुको रूप भनिएको छ भने, कठोपनिषद्मा जीवको समुन्नतिद्वारा विष्णुपद् प्राप्तिको कुरा उल्लेख छ। यसरी वैदिक संहिताका व्यापक विष्णु, ब्राह्मण र उपनिषद्, सुत्रकालमा प्रमुखता प्राप्त गर्दै सर्वोच्च देवताको रुपमा आसिन हुन्छन्। विष्णु नारायण, शिवको सर्वोच्चता पछि वैदिक संहिताका प्रमुख देवता इन्द्र, अग्नि, वरुण, अर्थमा, नासित्यौं आदि इतिहास तथा पुराण कालमा आएर गौंण देवता बन्दछन्। परमसत्ता परमेश्वर नारायणद्वारा नै सृष्टिको आदिकालमा जल, जलमा ब्रह्माण्ड रूप अण्ड र त्यस भित्र नै समस्त अन्य देवताको अस्तित्व सन्निहित रहन्छ[32]।

नारायण अथवा विष्णुको नै अवतार वासुदेव कृष्ण भएको र महाभारत तथा गीताले परमेश्वर नारायणको कृष्णमा तादात्म्य गरेकोले वासुदेव सम्प्रदाय प्राचीनतम वैष्णव धर्मको रुपमा रहेको जानिन्छ।

यसरी बुद्धकाल भन्दा अगाडि नै जन्मेता पनि व्यापकता नपाएको वैष्णव धर्मका नारायण, वासुदेव कृष्ण आदि देवताको विशेषता पश्चिम भारतमा थियो तापनि बुद्ध तथा महावीरका समयमा व्यापकता पाइसकेको थिएन ।

नेपालमा राजा अंशुवर्माको समयमा वासुदेव सम्प्रदायका ब्राह्मणहरूको गोष्ठिलाई गुठी जग्गा दान दिएको शिलापत्र लेलेमा पाइएकोले यहाँ पनि उक्त सम्प्रदायको अस्तित्व रहेको वोध हुन्छ[33] ।

यसरी ई. पू. दोस्रो शतीसम्म वासुदेव सम्प्रदाय वा सात्वत धर्मको रुपमा रहेको वैष्णव धर्मले पहिलो शती तिर वा त्यस पछि व्यापकता लियो होला भन्ने इतिहासकारको मत छ ।

मौर्यहरुमा अशोक पछि बुद्ध धर्म तथा जैन धर्मले विशेष प्रभावित भएकाले वैदिक धर्मका अनुयायीहरू निराश्रित जस्तै थिए । राजा महाराजा-हरुद्वारा मात्रै सम्पादन गर्न सकिने राजसूय तथा अश्वमेध जस्ता यज्ञ गर्ने परम्परा नै टुटेको र हिंसामूलक यज्ञको विरुद्ध आविर्भाव भएका, जैन, बौद्ध तथा आजीवक आदि दार्शनिक प्रभावले वैदिक धर्मको मूलधारा नै अस्त व्यस्त भएको बेला ब्राह्मणहरूले नयाँ मार्ग खोजेको र पश्चिम भारतमा विकसित वासुदेव सम्प्रदाय, अहिंसामूलक भक्तिवादले ओतप्रोत र परमेश्वरको अनन्त-सत्तामा विश्वास राख्ने तथा यो सास्वत धर्म विष्णु वा कृष्णको अनुयायी हुँदा र वैदिक धर्मका संस्कार, वर्णाश्रम व्यवस्थाहरुमा पनि अन्तर नआउने हुँदा, यसलाई स्वीकृत गरी अघि बढाउन कुनै बाधा थिएन । वैदिक धर्मानुयायी कै एउटा वेद नजान्नेहरूको शाखले अपनाएको मूर्ति पूजा, जसमा आर्येतर मूलका मानिसहरू पनि स्वीकार गर्थे, यज्ञवादीहरूले पनि स्वीकार गर्न कठिन भएन । वैदिक धर्मानुकूल वन्न यस सम्प्रदायभित्र भएका कमीलाई पनि विद्वान् वर्गबाट पूरा गरी पौराणिकवादको नयाँ विचारको फाँट तयार गरियो ।

यस नवीन तयारीलाई यवन संस्कृतिमा विकसित मूर्तिकलाको आयातले नयाँ जीवन दियो । कोरा दार्शनिक चिन्तन र ईश्वर आत्माको अस्तित्व स्वीकार नगर्ने बौद्ध दर्शनले, सृष्टिकालदेखिनै सुख दुःख, हर्ष विषाद, भय पीडाबाट मुक्ति पाउन रोई, कल्पी पुकारापात, भाकल गरी देवतालाई रिझाएर शक्ति प्राप्त गर्दै आएको मानव समूहलाई सान्त्वना दिन सकेन । मन्दिरमा उपस्थित भई देव मूर्तिका अगाडि प्रत्यक्ष रुपमा आफ्नो दुःख दर्द पोख्न पाउने हुँदा, समाजको ठूलो जमात यस पक्षमा आकर्षित भएकोले, बौद्ध मार्गीहरुको सामा-जिक मान प्रतिष्ठा र सङ्गठन खतरामा पर्‍यो । मूर्ति पूजा र देववादी

विश्वासलाई मिथ्याधर्मको संज्ञा दिने बौद्धहरूलाई पनि पौराणिक ईश्वरवादी र भक्ति मार्गले विचलित पारेको हुँदा त्यस भित्र महायान सम्प्रदायको जन्म भयो। सजमा बौद्धहरूले पनि मूर्ति पूजाको क्रम शुरू गरे। मानव बुद्ध, अब अलौकिक र ईश्वर रूपमा पूजिए।

ई. पू. दोस्रो शतीमा मौर्य वंशलाई समाप्त गरी कट्टर ब्राह्मण पुष्प मित्र शुङ्ग सत्तामा आए पछि पुराणहरूको निर्माण र संशोधन, स्मृति शास्त्रको सङ्कलन आदि कार्यहरू जोडतोडले भए। मौर्यकालीन प्राकृत तथा मागधीको ठाउँमा संस्कृत राज भाषा हुन आयो। पुराण, धर्म शास्त्र, सम्प्रदायवादी संहिता, दर्शन र अन्य उपयोगी शास्त्र ज्योतिष, आयुर्वेद, नाटक, काव्य, गणित आदिको पनि संस्कृतमा नै अस्तित्व भएको र यसको विकासमा पनि राज्यबाट प्रयत्न भएकोले अर्धमागधी, प्राकृत, पालि आदि भाषाको ठाउँमा संस्कृत प्रचार भएकोले बौद्धहरूले पनि हिन्दू पुराणको प्रतिस्पर्धामा संस्कृत भाषा नै अपनाएर ग्रन्थ लेखन शुरू गरे तथा मानव बुद्धलाई लोकोत्तर अलौकिक (ईश्वरकै अवतार) को रूपमा खडा गरेर पूजा गर्न पनि शुरू गरियो।

पहिले बुद्ध तथा उनका अनुयायी महास्थाबिरहरूको शारीरिक अवशेष मात्र राखेर चित्ताको ठाउँमा खडा गरिने स्मृति चिन्ह "चैत्यमा" बुद्धको सम्झना दिलाउने अनेकन प्रतीक चिन्ह राखी पूजा श्रद्धा गरियो। जसको प्रमाण, हामी शुङ्गकालमा बनेका साँची र भरहुतका कलात्मक प्रतीकहरूमा पाउँछौं[34]।

पहिलो शतीका आक्रामक कुषाण सम्राट कनिष्ठ, जो बुद्ध धर्म प्रति आस्था राख्दथे र मगधसम्म साम्राज्य विस्तार गर्न सफल भएका थिए, उनले युनानी मूर्ति शिल्पको केन्द्र बनिसकेको तक्षशिलामा असंख्य बुद्धका र बोधिसत्वका मूर्तिहरू बनाउन लगाई पश्चिमोत्तर भारत नै ढकाइ दिए।

शुङ्गकालको पौराणिक धर्मको रूपमा नयाँ प्रस्थान शुरू भएकोले देव मन्दिरहरूमा स्थापना गरिने सुन्दर मूर्तिहरूको निर्माणशाला मथुरामा खुलिसकेको थियो। तक्षशिलाको युनानी कला पाठशालामा दीक्षित मथुराका शिल्पीहरूले आफ्नो धर्म, संस्कृति र वेषभूषाको परम्परा दृष्टिगत गरी मूर्ति शिल्पमा आफ्नै मौलिकताको स्थापना गरिसकेका थिए। यक्ष, यक्षी तथा अन्य लोक देवता र देवीको साथै, धार्मिक सम्प्रदायका देवता वासुदेव, संकर्षण, उनका वाहन गरुड तथा शैव धर्मका शिव पार्वती, दुर्गा, लक्ष्मी, मातृदेवी, भूदेवी श्रीदेवी आदिका मूर्तिहरू कुँदेर मठ मन्दिर वृक्षतल, चौतारा ढकाइसकेका हुँदा अब अलौकिक बुद्धका सुन्दर प्रतिमा पनि बन्न थाले र स्थापना हुन लागे।

राष्ट्र धर्मको रूपमा सम्राट कनिष्कको संरक्षण प्राप्त गर्न सकेको महायान सम्प्रदायको विशिष्टता द्योतक गर्ने संस्कृतमा बौद्धमार्गी ग्रन्थहरूको पनि प्रचूर मात्रामा निर्माण भइसकेकोले अब चैत्यमा अलौकिक अवतारी बुद्धका मूर्ति स्थापना गरी पूजा गर्न लाजमान्नु परेन[35]।

ब्राह्मण धर्मको एउटा सशक्त पक्ष, शैव मार्गले महायानको जन्मभन्दा निकै अगाडि व्यापकता पाई सकेको थियो र पञ्चाम्नायका पाँच मूर्तिरूप शिवको रूप, वर्ण, अलंङ्कारको कल्पना उत्तर वैदिककालमा भइसकेकोले तदनुरूप नै वर्ण, कर्म र आयुध मुद्राहरूमा केही हेरफेर गरी पञ्च बुद्धका मूर्तिहरू पनि निर्माण गरिए। अब एउटै आर्यमूलका सन्तान, वैदिक र बौद्ध-हरूका साधना पक्ष, भक्तिमार्गको साँगु हालेर एउटै फाँटमा क्षीण रेखा कोरेर दुई समूहमा उभिन पुग्यो।

यहाँ हाम्रो प्रसङ्ग वैष्णव धर्म र नारायण मूर्ति थियो। तथापि धार्मिक विकासको दिग्दर्शन गर्नका लागि मात्र उपर्युक्त प्रसङ्ग यहाँ चर्चा गरिएको हो।

यसरी ऐतिहासिक साक्ष्यको आधारमा अनुसन्धान गर्ने इतिहासविद्-हरूको मन्तव्यलाई समीक्षात्मक अनुशीलन गर्दा मूर्ति निर्माणको परम्परामा सिन्धुघाटी सभ्यता (ई. पू. चौथो सहस्राब्दी) तिर पुग्न सकिएतापनि पाषाण मूर्तिको पारम्परिक इतिहास र समाजको समस्त वर्गले स्वीकृत गरेको मूर्ति पूजाको सर्वोपरी मान्यतालाई ऐतिहासिक दृष्टिले मौर्ययुग भन्दा अगाडि पुऱ्याउन सकिँदैन[36]।

यहाँ एउटा प्रसंगमा मूर्ति बेचेर युद्धको निम्ति चाणक्यले धनोपार्जन गरेको चर्चा माथि गरिसकिएको छ। परन्तु त्यसबेला बुद्धिष्टहरू खुलेर मूर्ति पूजा गर्दैनथे। तथापि सुन्दर बुद्ध प्रतिमाको निर्माणले उनीहरूको हृदय अवश्य नै प्रभावित भयो होला र यस्ता मूर्तिहरू किनेर विहारमा शोभा कै लागि पनि राखिए होलान्।

यहाँ एउटा विचारणीय प्रश्न उपस्थित हुन्छ, महायानको विकासमा। त्यो के भने– बुद्ध, भिक्षु विवाह गरेर सन्तान जन्माउन सक्दैनथे। उनीहरूको विद्या, ज्ञान, बुद्ध-दर्शन प्रतिको आस्था, भावना उनीहरूकै साथ अस्ताउँथ्यो। नयाँ आउने भिक्षुहरू वैदिक धर्मको पुर्ख्यौली संस्कार भावना सामाजिक प्रभा-वका साथै प्रारम्भिक शिक्षा पनि वैदिक धर्मकै बोकेर आउँथे। युवावस्थामा वा त्यस पछिको उमेरमा ग्रहण गरेको बुद्ध धर्म र दर्शनले बौद्धिक चेतना

विकसित भएर नयाँ विचारले सन्तुष्टि लिए पनि अवचेतनामा सुषुप्त रहेको परम्परागत संस्कार धमनीमा वहेको पुर्ख्यौली रक्तले वेलावेलामा झड्का दिन्थ्यो । सचेत र विद्वान् व्यक्तिलाई दिइने यो अवचेतनको संस्कारगत झस्काले नयाँ ग्रहण गरेको धार्मिक सिद्धान्तका विषयहरूले त्यति सन्तुष्टि दिन नसक्दा र प्रत्यावर्तनको पनि संभावना नहुँदा, आत्म सन्तुष्टिको निम्ति, स्वीकृत धर्मको ऊहापोहमा जाग्रत चेतनाले नयाँ नयाँ तर्क प्रस्तुत गर्थ्यो । बुद्धले पार नपाइने विषय भनेर मौन रहेका आत्मा ईश्वर, सिद्धि आदिको विषय उठाएर तर्क वितर्कद्वारा नयाँ सिद्धान्त प्रतिपादन गरेकोले बुद्ध दर्शनको छायामा अनेकन तर्क-वादको जन्म भयो। नागार्जुन, दिङनाग, असङ्ग, वसुवन्धु र धर्मकीर्तिका दार्शनिक चिन्तन, अवचेतनमा रहेको हिन्दू संस्कारको झस्का प्रतिको विद्रोहका आलाप मानेका गल्ती हुने छैन। परन्तु उच्चतम चेतनाका चिन्तनद्वारा जन्मेका यी तर्कवादले बुद्धको मौलिक सिद्धान्तलाई धरासायी गरे पनि पूर्वीय दर्शनको महत्त्व र चिन्तन परम्परालाई भने अत्युन्नत शिखरमा आसीन गराएको छ। जसको प्रतिस्पर्धा र खण्डन मण्डनमा जन्मेका हिन्दू दर्शनले पनि उसकै समकक्ष शिखरमा आफ्नो स्थान वनाउन सफल भएको छ ।

शुङ्ग र कण्ववंशी मगधका सम्राटहरू जो ब्राह्मण थिए, उनीहरूले पौराणिक धर्मको रूपमा मूर्ति पूजा र भक्तिद्वारा उपासना गर्ने परम्परालाई निकै अघि बढाए । यसैताका दक्षिण भारतमा उम्रेर प्रगति तिर बढेका आन्ध्रासातवाहन राजाहरूले पनि नयाँ पाराले फूल फूलेको पौराणिक धर्मलाई अघि बढाउन प्रयत्न गरे ।

वैष्णव धर्मको आदि रूप, वासुदेव सम्प्रदायको वारेमा मौर्य दरबारमा राजपूत भएर वस्ने युनानी मेगास्थनिजले वर्णन गरेका छन् र नानाघाट अभि-लेखद्वारा ई. पू. प्रथम शतीसम्मको इतिहास पनि थाहा हुन्छ[37] ।

भारतका गुप्त सम्राटहरू आफूलाई ' परम भागवत" भन्थे उनीहरूको फरमान (सनद शासन पत्र) मा गरूडको मूर्ति अङ्कित हुन्थ्यो । गरुडलाञ्छन् ध्वजा भएको कुरा पनि इतिहासकारले उल्लेख गरेका छन् । डा. भण्डारकरको कथन अनुसार गुप्तहरू वासुदेव सम्प्रदायका थिए[38] ।

भारतमा गुप्त (ई. ३१९-२०) भन्दा अगाडिदेखिनै नेपालका शासक वनेका लिच्छविहरूसंग उपत्यकामा वैष्णव धर्म र मूर्तिकलाले प्रवेश गऱ्यो । ई. पूर्वका समयमा नै यहाँ चार दिशाका उच्च शिखरमा चार नारायणको स्थापना भयो भनेर मान्नुपर्छ . किन्तु पहिले स्थापित नारायणका धातुमूर्ति अब

प्राप्त छैनन् । तर चाँगु नारायणको स्वर्ण मूर्ति (अंशुवर्माद्वारा जीर्णोद्धार र निर्माण गरिएको अभिलेख) द्वारा धातुमूर्तिनै स्थापित भएको कुरा पुष्टि गर्छन् ।

भारतमा पाइने विष्णु मूर्तिहरू

१. उदयगिरीमा एउटा चतुर्भुज विष्णुको मूर्ति छ । अभिलेखमा ८२ गुप्त सं. (४०० ई.) अङ्कित छ[39] ।

२. स्कन्दगुप्तद्वारा सौराष्ट्र काटियावाड्मा नियुक्त सामन्त चक्र पालितले एउटा विष्णु मन्दिर बनाएको उल्लेख । जो ई. ४५६ को हो भनिन्छ[40] ।

३. उत्तर प्रदेश गाजीपुर भितरीको स्तम्भ लेख अनुसार स्कन्द गुप्तले शाङ्र्गिन (विष्णु) प्रतिमा स्थापना गरेका थिए[41] ।

४. शकाब्द ५०० (६३५ वि. सं) मा चालुक्य नरेश मङ्गलदेशले एउटा गुफा खनेर मन्दिर बनाइ त्यसमा शेषशायी नारायण, लक्ष्मीले पाउ दबाइएको र बराह, नरसिंह, हरिहर (शिव र विष्णुको संयुक्त) मूर्ति स्थापना गरेका थिए[42] ।

५. श्री वराह मिहिराचार्यले बृहत्संहितामा विष्णुको प्रतिमा बनाउने कुरा उल्लेख गरेका छन् उनको मृत्यु (५८७ ई.) मा भएको थियो[43] ।

६. एलोराको दशावतार मन्दिरमा एउटा नारायणको शेषशायी मूर्ति छ । लक्ष्मीले पाउ दाबेकी छन् । नाभिबाट निस्केको कमलमा ब्रह्माजी छन् । साथै वामन, नरसिंह, वराह, कृष्णका मूर्ति पनि त्यहाँ छन् । यी मूर्तिहरु राजा दन्तिदुर्ग (अष्टम शती) को कृति हो भनिन्छ । साथै उनका काका कृष्णले बनाएको कैलाश मन्दिरमा पनि माथि जस्तै विष्णुका मूर्तिहरू स्थापित छन् । यो आठौं शतीको अन्त्यतिरको मानिन्छ[44] ।

७. चन्द्रगुप्त (विक्रमादित्य) को एउटा स्वर्ण मुद्रामा भगवान् विष्णुको मूर्ति अङ्कित छ । (ई ३६० तिरको हो) ।

यसरी भारतका विभिन्न ठाउँका मूर्ति मुद्रा, तथा अभिलेख र धार्मिक ग्रन्थ एवं साहित्यिक साक्ष्यद्वारा विवेचन गर्दा, भगवान् बुद्धको आविर्भावकाल-भन्दा अगाडि नै चलेको वासुदेव कृष्णको उपासना गर्ने सात्वत धर्म, जसलाई महाभारत शान्ति पर्वको नारायणीयोपाख्यानले पनि व्यक्त गर्दछ र एकाएन वा पाञ्चलरात्रमतको नामले बुद्ध भन्दा अगाडि कै समयमा पश्चिम भारतमा प्रसिद्धि

पाइसकेको वासुदेव सम्प्रदायको कुरा थाहा हुन्छ। बुद्ध पूर्वका उपनिषद् साहित्यले इङ्गित गरेको सबै विषयको निचोड र वैदिक धर्मको वट वृक्ष भित्रै पल्लवित र पुनित श्रीमद्भगवद्गीताको दार्शनिक अवतरणले वैष्णव धर्मको अभ्युदय त भयो नै, साथै वेद र यज्ञवादको कट्टर विरोधी भएर जन्मेका बुद्ध र जैन दर्शनले प्रताडित वैदिक धर्मका अनुयायीहरूलाई एउटा सुस्पष्ट र सबल दर्शन पनि प्राप्त भएकोले सात्वत धर्मले अन्य नास्तिक धर्मको प्रतिस्पर्धामा गरिमायुक्त स्थान बनाएर उभिन र आफ्नो पक्षलाई बलियो रूपमा उभ्याउन सफल भयो।

वैष्णव धर्मको उदय र विकास भारतको पश्चिमी भूभागमा भए पनि यसको प्रचार प्रसार कर्णाटक, महाराष्ट्र र तामिल प्रदेशमा पनि भयो। तामिल प्रदेशमा भक्तिमार्गको सशक्त प्रचार र त्यहाँका सन्तहरूले गरे भने उत्तरकालीन वैष्णव सम्प्रदाय र भक्तिमार्गको अनन्यतम विकास पनि दक्षिण भारतमा नै भएर अन्यत्र फिजिएको छ। जसमा ११ शतीका रामानुज मूर्धन्य व्यक्ति मानिन्छन्।

नेपालमा वैष्णव धर्म र मूर्तिको इतिहास

भारतमा वैष्णव धर्मको व्यापक स्वीकृति र मान्यता भएपछि नै त्यसको नेपालमा आगमन भयो होला। मूर्तिकलाको उच्चविद्यालयको रुपमा ई. पू. का शतकहरू देखि नै प्रख्यात भएको मथुरा र नेपालको के सम्बन्ध थियो त्यो भन्न सकिदैन तापनि यहाँका प्राचीन मूर्तिकलाका पारखीहरूको विचारमा ईशाको दोस्रो शतीतिर नेपालमा प्रशस्त मूर्तिहरू बनेका थिए[45]। र यी कलाकारितामा मथुरा कलाको पृष्ठभूमिमा नेपालीपन दिन खोजिएको पाइन्छ।

भारतका प्राचीन साहित्यको अनुशीलनबाट ई. पू. चौधौं शतीभन्दा पनि अगाडि नेपालको राम्रो परिचय भारतले पाइसकेको थियो। भारतमा जन्मेका इतिहास, पुराण, धर्मशास्त्र, ज्योतिष तथा कला साहित्यहरू नेपाल पसिसकेका थिए।

व्यापार व्यवसायको लागि दुर्गम स्थलयात्रा र समुद्र यात्रा गर्ने शार्थहरूका लागि नेपाल आउन त्यति दुर्गम थिएन।

व्यापारी र तीर्थ यात्रीहरू पनि धर्म संस्कृतिकै वाहक हुन्। अतः वहाँ जन्मने वित्तिकै त्यो विषय यहाँ आइपुग्न धेरै समय लाग्ने स्थिति थिएन। मगध र कौशल साम्राज्य विस्तारको चपेटामा परेर निर्वासित भएका कोली,

मल्ल, शाक्य र सिमान्तका बज्जि, विदेह वासीहरूको पनि यही पार्वत्य भूमि नै आश्रय स्थल भएको प्राचीन अभिलेख र साहित्यले पनि गर्न सकिन्छ[46] ।

मगधको राजधानी बनेको पुष्पपुर (पटना) को सन्निकट रहेको वैशालीगणका लिच्छवि बज्जिहरूमा छिमेकको प्रभाव नपर्ने कुरै थिएन । उपत्यका भित्र आई वसोबास गरेका उपर्युक्त जातिका केही मानिसहरू भए पनि बाँकीसँग सम्बन्ध जोडिदै रहेको र त्यहाँको प्रभाव यहाँ बराबर परिरहने हुँदा यहाँ प्रवेश पाएका धर्म, संस्कृति, कला साहित्यले त्यहाँको जनजीवनलाई प्रभाव पार्ने र स्थानीय रूपमा विकसित हुँदै जाने मौका पनि पायो भन्न सकिन्छ ।

नेपालको धार्मिक इतिहासको स्पष्ट प्रमाण राजा मानदेव प्रथम (४६४ ई.) को चाँगु शिलास्तम्भ हो । उनीभन्दा अगाडिकै राजाहरूले स्थापना गरेका गरुड नारायण (चाँगु), शिखर नारायण फर्पिङ्ग, इचंगु नारायण (केवलपुर नजीक) र अनन्त लिंगेश्वरको अभिलेखले इंगित गरेको (विसंखु नारायण) को स्थितिले गुप्त कालभन्दा पनि अगाडिको समयमा नै यहाँ उत्तरकालीक वैष्णव धर्मको प्रवेशलाई अम्ल्याउँछ ।

चाँगु नारायणको स्वर्ण मूर्ति जीर्ण हुँदा राजा अंशुबर्माले सं. ३१ (६६४ वि. सं.) मा जीर्णोद्धार गरेका थिए । आज भन्दा लगभग १६ यस बर्ष अगाडिकै चाँगु नारायणको मुकुट आज पनि विद्यमान भएकोले अंशुबर्माभन्दा पहिले पनि त्यतिनै समय गएको मान्ने हो भने ईशाको पहिलो शतीको शुरुमा चाँगु नारायणको मूर्ति स्थापना भएको मान्न कर लाग्छ । वंशावली अनुसार चार नारायणको मन्दिर बनाउने राजा हरिदत्त बर्मा लिच्छवि हुन् । मानदेवभन्दा ९ पुस्ता अगाडिका राजाले मन्दिर बनाएको उल्लेख पाइएकोले र पुरानु मन्दिर जीर्ण भएकोले यो मन्दिर बनाएको मान्ने हो भने मानदेवभन्दा १४ पुस्ता माथिका राजा जयदेव जसलाई इतिहासकारले उपत्यकाका पहिला लिच्छवि राजा ठह्र्याएका छन्, उनैले यी चार नारायणको स्थापना गरेका हुन् भन्ने तर्कको पुष्टि हुन्छ[47] । जसको समय पनि लगभग पहिलो शती नै पर्न आउँछ । यो अमयको कल्पना गर्ने आधार, कुषाण नरेश कनिष्कको मगधसम्मको साम्राज्य विस्तारको समय हो । लिच्छविको दलबल यहाँ आएको भए यही विदेशी आक्रमणवाट त्रस्त भएर नै आएको हुनु पर्छ । सो वेला उत्तर भारतमा पनि वैष्णव धर्मले व्यापकता पाइसकेको थियो र विष्णुको लगभग ८ अवतारको मान्यताले ठाउँ पाइसकेको थियो । किन्तु बुद्धको भने यस बेला विष्णुको अवतारमा समावेश भइसकेको थिएन ।

यहाँका चार नारायण मध्ये, शिखर नारायणलाई वंशावलीले नरसिंह नारायण भनेको र परम्परागत मूर्तिको एउटा वनोटमा शेषनागका फणाले छहारी दिएको सौम्य मूर्ति देखिनाले प्राचीनकालमा नरसिंह (नरवीर) अथवा महाभारतको नारायणीय उपाख्यान अनुसार धर्मका छोरा नर, नारायण, हरि र कृष्ण, यी चार नारायणका चार रुप मानिएको हुँदा यस मध्ये नरलाई सिंह शब्द जोडेर विशेषार्थ बुझाउन खोजेको नारायण रुप पनि हुन सक्छ । यसो हो भने बूढानिलकण्ठको भूमि भएको क्षेत्रलाई नरसिंह स्थान भनेर उल्लेख गरिनुको कारण नरसिंह शब्द नारायण वाचक तथा शेषशायी नारायण भएकोले नै भनिएको पनि हुन सक्छ । नर शब्द मनुष्य वाचकको साथै जल वाचक छ भन्ने कुरा पनि पौराणिक साहित्यबाट थाहा हुन्छ । जलका सिंह भन्ने अर्थ गर्दा नरसिंहको अर्थ पनि नारायण नै हुन्छ र पुराणमा वर्णन गरिएका नरसिंह स्वयं नारायण कै अवतार मानिएकोले पनि नारायण मूर्तिलाई नरसिंह नारायण भन्न नसकिने हुँदैन ।

विष्णुका अवतारको शास्त्रीय विश्लेषण गर्दा वराहको वैदिक अर्थ वायु प्राण भन्ने पाइन्छ र प्राचीन पुराण र ब्राह्मण ग्रन्थबाट वराह अवतार ब्रह्माको हो भन्ने पनि थाहा हुन्छ ।

सृष्टिको प्रकारमा वैज्ञानिक विश्लेषण अनुसार रहस्यात्मक अर्थ जलको शोषण हुन थाले पनि अलि अलि देखिन थालेकी पृथ्वी भित्र, जलथल दुवैमा बस्ने कछुवा पनि हिलोमा लटपठिएर बस्ने सृष्टिको चौथो प्राणी वराह हो । प्रत्येक प्राणीमा ईश्वरीय सत्ता निहित भएको देख्ने हिन्दू दर्शनले स्थलको पहिलो सृष्टि एवं महापशु वराहलाई विष्णुको अवतार मानेकोमा पनि आश्चर्य हुँदैन ।

विष्णुको अवतार संख्यामा तेस्रो स्थान वराहको छ । पुराणमा कश्यपका छोरा भएर जन्मेका वामनले त्रैलोक्य विजयी असुर राजा बलीलाई ठग्छन् । पुराणको कथा ब्राह्मण ग्रन्थका नाम्न सम्बन्धी गाथाको विस्तार रुप हो[48] । यसको रहस्यात्मक अर्थ भने, जगतमा व्याप्त रहेका विष्णुको सूर्यका १२ रुपमध्ये एक मानिन्छन् र जसको रूप आकाशमा हेर्दा वामन (सानो) देखिन्छ तर पाउ रुपी किरणले तिनै लोक व्याप्त गर्छन् । कारण, पृथ्वी र अन्तरिक्ष व्यापी उनको पाद मनुष्यका दृष्ठिले हेर्न पाए पनि तेस्रो पाउ, जो अनन्त आकाशको वायुमण्डलभन्दा पनि धेरै पर छ, त्यो दृष्टि पथमा आउँदैन । यसकारण, पुरुष सूक्तमा त्रिपादूर्ध्व उदैत आदि रहस्यात्मक व्याख्या गरिएको छ ।

गुप्तहरूले जस्तै आफूलाई परम भागवत नभने पनि वैष्णव धर्मको उत्कर्षकालमा जन्मेकोले त्यस धर्म प्रति विशेष झुकेका राजा मानदेवले आफ्नी आमाको हित गर्न र उनको पुण्यवृद्धि होस् भन्ने हेतुले विष्णुको विक्रान्त मूर्ति (वामन रूप विष्णुले बलिलाई छलेको पौराणिक कथामा आधारित) पाषाणमय मूर्ति निर्माण गरी सं. ३८९ (वि. सं. ५२४–४६७ ई.) मा एउटा लाजिम्पाट, धोबीचौर र एउटा पशुपति पारी तिलगंगाको र बागमती संगम पारेर स्थापना गरे[17]। लिच्छवि कालिक समुन्नत कलाको परिचय दिने तथा पौराणिक कथाको बिम्ब चित्र प्रस्तुत गर्ने उक्त दुवै मूर्तिहरू सबै कुराले विशिष्ट स्थान राख्छन्।

कला साहित्य, संस्कृतिको निम्ति स्वर्णयुग मानिने गुप्तकालमा पनि यस्ता मूर्ति भारतमा प्राप्त छैनन्।

वामन मूर्तिको प्रसंगलाई लिएर कुनै अनुसन्धाताहरूले यस्तो गलत व्याख्या गर्ने प्रयत्न गरेका छन्, जसको कल्पना हेर्दा आफ्नो धर्म, संस्कृति र तत्कालीक मानवीय भावनाको पटक्कै ज्ञान नराख्ने व्यक्ति भन्न सकिन्छ। बरू बाबुको निधन पछि जुर्मुराएका सामन्त र अन्य जातिहरूलाई विजय गरी आफ्नो दिग्विजयको कीर्ति गाथा लेखेर शिलास्तम्भ खडा गर्ने मानदेवले अश्वमेध यज्ञ सम्पादन नगरे पनि दिग्विजयको सांकेतिक अर्थ द्योतन गर्ने उद्देश्यले विष्णु विक्रान्त मूर्ति बनाएका हुन् भन्ने कुरा उल्लेख गरेका भए युक्तिसंगत हुन्थ्यो होला।

यी मूर्तिभन्दा अगाडि नै स्थापना भएका चार नारायणका मूर्ति मध्ये चाँगुको गरुड नारायण मूर्ति छाडेर अरूको बारेमा भन्न सकिने स्थिति नभएको ले नेपालका विष्णु मूर्तिहरूमा मानदेवले स्थापना गरेका विष्णु विक्रान्त मूर्ति नै पहिला देखिन आएका हुन्। यसकै लगभग तिर निर्माण भएको बूढानिलकण्ठ नाउँले प्रख्यात जलशयन मूर्ति पनि हो।

भव्यता र उत्कृष्ट कलाकारिताले युक्त यस्तो मूर्ति भारतमा पनि प्राप्त छैन र यसको बारेमा विशेष विवेचना गरिनु आवश्यक भएको छ।

बूढानिलकण्ठ (जलशायी नारायण)

वैष्णव धर्म, अवतारवाद र भारतको विष्णु मूर्तिको बारेमा पनि यहाँ विस्तृत चर्चा गरियो। अब यहाँ बूढानिलकण्ठको मूर्ति बारेमा अनुसन्धाता-हरूको विचारलाई केही समीक्षा गर्नु पर्ने आवश्यक भएको छ।

ऐतिहासिक विवेचना

१. चौथो शतीमा संकलित गोपाल राज वंशावलीको यो पृष्ठ २२ क मा लेखिएको छ.– "श्री विष्णुगुप्त वर्ष ७१ तेन कृतम् श्री पशुपति स्थाने वाग्मती र पूर्व तटे वृहच्छिलामय विष्णु भटारक प्रतिष्ठितम् स्वात्म प्रमानेन, पुत्रद्वयोपि पार्श्व सहितेनः ततः पुनश्च उत्र प्रवतात मधे नरसिंह स्थाने महाच्छिलामय विष्णु जलशयन अति सुन्धर आवास सहितम् कृतवान् ।"

(श्री विष्णु गुप्त वर्ष ७१ तिनले श्री पशुपति स्थान वाग्मतीतिर पूर्व किनारामा ठूलो ढुंगाको विष्णु भट्टारक स्थापना गरे। आफू बराबरको दुई छोरा अगल बगल राखेर। फेरि उत्तर पर्वतको बीचमा नरसिंह स्थानमा ठूलो शिलामय विष्णु जलशयन अत्यन्त राम्रा मन्दिर सहित बनाए।)

उपर्युक्त वंशावलीको विकृत संस्कृतको अनुवादन यही हुन्छ। गोपाल राज वंशावलीको प्राचीन इतिहास खण्ड भरपर्दो छैन र यतिकै भरमा त्यसलाई प्रमाण मानिहाल्न सकिदैन। यसै वंशावलीको २० पृष्ठमा राजा मानदेवलाई विश्व (वृष) देवका छोरा भनिएको छ। चाँगु अभिलेख-द्वारा वृषदेवका पनाती मानदेव हुन्। साथै मानदेवका बाजे शंकरदेवलाई छोरा र बाबु धर्मदेव मानदेवका नाती बनेका छन्। मानदेवका छोरा महीदेव, धर्म देवका छोरा मानदेवका पनाती बनाइएका छन्।

पत्र २२ मा नरेन्द्र देवका छोरा शिवदेवले चाँदीको कमल पशुपतिलाई चढाएको उल्लेख छ, जो शिवदेवका छोरा विजय देवले चढाएर शिलापत्र राखेका थिए। जयदेवको ठाउँमा नरेन्द्रदेव लेखिएको छ र उनले बन्धुदतसंग मिली लोकेश्वर (मत्स्येन्द्र) को बुङ्मतीमा जात्रा चलाएको कुरा लेखिएको कुरा लेखिएको छ। अनुसन्धानबाट १२ औं शतीमा हुने तेस्रा नरेन्द्रदेवको पालामा मात्र मत्स्येन्द्रनाथको जात्रा चलेको थाहा हुन्छ। यस्ता शयौं गल्ती भएको वंशावलीको कथन मान्न सकिने स्थिति छैन।

आभीरहरू ई. पूर्व देखि नै वासुदेव सम्प्रदाय मान्ने वैष्णव थिए र आज पनि अहीरहरू कण्ठीधारी वैष्णव नै पाइन्छन्। अतः वैष्णव धर्म प्रति विशेष आस्था राख्ने जिष्णु, विष्णु गुप्तहरूको धार्मिक धारणाको अनुश्रुति चल्दै आएकोले उनैका नाउँमा बूढानीलकण्ठको नाउँ पनि टिपिएको बुझिन्छ।

२) विष्णु गुप्तभन्दा ३ पुस्ता अघिकै राजा अंशुवर्माको हाँडी गाउँको शिलालेखमा सबै पूर्वकालिक देवताहरूको निम्ति श्रावणी करक आम्दानीबाट देवताको भाग छुट्याउँदा "भुम्भुविकका जलशयनस्य पु ३ ५ १ (भुम्भुविकका जलशयनलाई ३ पुराण र एक पण) भनेर भाग नियत गरेको पाइन्छ। यो शिला पत्र सं. ३२ (६३० वि. सं) को हो[50]। यसको १३ वर्ष पछि अंसुवर्माको निधन र त्यसको २० बर्ष पछि विष्णु गुप्तको पतन हुन्छ। अंशुवर्मा पछिका बाह्र बर्ष, विष्णु गुप्तका बाबु जिष्णु गुप्तको जल्दोबल्दो युग हो। त्यस पछि राजाका समवक्ष शक्तिशाली भार्दार बनेका विष्णुगुप्त सं. ६५-६६ (५६३-६४ वि. सं) तिर मात्र देखिन्छन् र त्यसको निकट समयमा नै यिनको पराभव गानिएको छ। यिनका पालाको सं. ६४ को यङ्गाल हिटीको अभिलेखमा विष्णुको जलसयनरूप बनाउन योग्य ठूलो शिला तानेर ल्याएको उपलक्ष्यमा त्यहाँका (दक्षिण कोलीग्राम) जनतालाई गहना लगाउन पाउने निगाह गरिएको कुरा परेको छ र यस्तै कुरा परेको अनन्त लिङ्गेश्वरको सं. ६५ को शिलापत्र पनि छ। तर त्यो खण्डित भएकोले केको मूर्ति बनाउने भन्ने कुरा चाहिं खुल्दैन[51]।

यसै कुरालाई -याङ ठ्याङ मिलाएर धनवज्रजीले दक्षिण कोलीग्रामका व्यक्तिले शिला तानेर ल्याएको र जलशयन मूर्ति कुँदेको कुरा लिच्छविकालका अभिलेख पृ ४४४ मा उल्लेख गर्नु भएको छ। साथै वर्तमानमा प्रचलित भुयुजशी शब्द बूढानीलकण्ठलाई भनिन्छ र भुम्भुविककाको अपभ्रंश चाहिं यो होइन भन्ने तर्क गर्दै त्यहीं रहेको एउटा अभिलेख र ने. सं. ७९८ को नृपेन्द्र मल्लका पालाको तात्कालीक ठ्यासफुको प्रमाण प्रस्तुत गर्नु भएको छ। उक्त दुवै प्रमाणले भोयुव जरसेन भोय अलसेन भन्ने शब्द त्यहाँका जलशायीको नेवारी नाम रहेछ भन्ने सम्म जानिन्छ[52]।

भुम्भुविककाको भुयु जसी वा भोयुव भन्ने अपभ्रंश हुँदैन भन्ने तर्कमा कुनै सार छैन। वहाँ नेवारी भाशाभाषी भए पनि प्राचीन नेवारीले हामीलाई जतिकै वहाँलाई पनि तर्साउँछ र पुरानो शब्दको कुन रूप, हाल के भएको छ वा कसरी शब्दको अपभ्रंश रूप तयार हुन्छ भन्ने बारेमा कुनै भाषाको पनि निश्चित छैन। नेवारी भाषाको प्रकृति-विकृति, आगमन र अन्याअन्य सम्बन्धी अनुसन्धान र अध्ययन आजसम्म भएको छैन र वहाँ भाषा शास्त्री पनि नभएकोले त्यो भुयोववाला तर्क पटक्क मान्न सकिदैन। साथै भूम्भुविकका जलशयनको अर्को निश्चिति पनि वहाँ दिन सक्नु हुन्न।

आफ्नो तर्कको पुष्टिको लागि वहाँले ऐतिहासिक घटनावलीको ने सं. ८३५ को लेख प्रस्तुत गर्दै, भोयु र भुयुवको अर्थ सेतो स्वच्छ भन्ने हुन्छ भन्ने कुरा उल्लेख गर्नु भएको छ, जो सर्वथा गलत छ। घटनावलीमा भोयु जलसेनमा अनेक ठाउँमा दूधको धारा बग्यो भन्ने उल्लेखले भोयुवको अर्थ सेतो भन्नेकुरा कताबाट आयो बुझिएन । दूध सेतो हुन्छ भन्ने कुरालाई भोयुव शब्द चाहिँदैन । सेतो दूध भन्नु पर्ने कुनै भाषा छैन ।

३) अर्को कुरा वर्तमानमा प्रचलीत बूढानीलकण्ठ भन्ने नाम कसरी रह्यो ? भन्ने कुरातिर वहाँले गवेषण गर्नु भएन । यसतर्फ केही खोजी गर्ने प्रयास हरिराम जोशीले गर्नु भएको छ। किन्तु वहाँ पनि निष्कर्षमा पुग्न सक्नु भएको छैन। मूर्तिको अनुसन्धानमा पनि वहाँ वहकिनु भएको छ[53] ।

क) हरिराम जोशीको कथन अनुसार यो मूर्ति शंकर नारायणको नभएर शुद्ध रूपमा नै नारायणको हो। प्राचीन विष्णु मूर्तिमा सर्पका बाजु-बाला बनाउने चलन पनि पाइन्छ। सर्पको शैया गर्ने र पानी भित्र बस्ने नारायणलाई नागसँग सम्बन्धित देखाउने कुरा स्वाभाविक नै छ।

ख) शंकर नारायण मूर्तिमा ललाटमा शिवको तेस्रो नेत्रको किन्चित अंश देखाइन्छ, जुन कुरा यस मूर्तिमा छैन। बालाज्यू शेषशायी मूर्ति हरि-शंकर मूर्ति हो, जहाँ उक्त कुरा स्पष्ट देखिन्छ । पछिका मूर्तिमा त्रिशूल देखाइएको पाइन्छ[54]।

ग) श्रीवत्स, कौस्तुभमणि वा मुक्ताहार, प्राचीन विष्णु मूर्तिमा पाइन्छ। यस मूर्तिमा मुक्तामाला छ, रूद्राक्षमाला होइन ।

घ) विष्णुका आयुध, शंख, चक्र, गदा, पद्म, शार्ङ्ग धनु चर्चित कुरा हुन्[55]। प्राचीन विष्णू मूर्तिमा ८ आयुध मध्ये २,३ वा चारै पनि हुन सक्छ । यहाँ चक्र र गदा स्पष्ट छन्। जोशीले विभूति (विगुत) को डल्ला भन्ने जुन अनुमान गर्नु भएको छ, त्यो विगुत नभएर कमलगट्टा हो । प्राचीन मूर्तिमा पद्म (कमल) को प्रतीक यस्तै गट्टा बनाइन्थ्यो। हरि-शंकर मूर्ति भए त्रिशूल, जलपात्र (कमण्डलू) वा तुम्बी हातमा हुन्छ। बालाज्यूको मूर्तिमा तुम्बी छ। संभवतः यो मूर्ति सातौं शदीको मानिएको छ र विष्णु गुप्त वैष्णवधर्म प्रति विशेष झुकाव भएका एवं "पशुपति पादान गृहीत" भन्ने प्रशस्ति पनि मनपराउने व्यक्ति हुँदा यो हरिशंकर मूर्ति निर्माण गर्न, उनको नै हात थियो कि भन्ने शंका गर्न सकिन्छ। किन्तु पुष्ट प्रमाण नभई निश्चय भन्न सकिँदैन।

ङ) शिव र विष्णु दुवैलाई जलशयन भनिएको पाइन्छ । पुराणमा प्रकृति-पुरूषको योगमा निस्केका श्रमकण जलमा परिणत भयो र त्यसमा नै ब्रह्माण्ड रूप हिरण्मय अण्ड पानीमा रह्यो र महत्तत्व तन्मात्रा र अहंकारको सृष्टि पछि, क्रोध युक्त प्रकृतिको आघातले फुटेको अण्डबाट ब्रह्माण्डरूप विराटको जन्म भएको र त्यसमा चेतन तत्वको प्रवेश भएर पछि मात्र विराट उठेको सुन्दर कथा पुराणमा वर्णित छन् । जलमा शेषको शैय्या माथि सुतेका नारायण, जसको नाभिबाट उम्रेको कमलमा सष्टिकर्ता ब्रह्मा उत्पन्न हुन्छन्, ब्रह्माण्ड रूप विराटको प्रतीक नारायण हुन् । यसरी सृष्टिका आदिकारण, सबैभन्दा जेठा सृष्टि उन्मुख ईश्वरको भासमान रूपमा नारायणको स्थिति थाहा हुन्छ । जसलाई आदि नारायणको संज्ञा पनि दिइन्छ ।

बूढानीलकण्ठको प्रतीकार्थ वा मूल नामको व्याख्या:

बूढानीलकण्ठ भन्ने नामको आधारमा विद्वानहरूले विभिन्न तर्कद्वारा त्यस नामको व्याख्या गर्ने कोशिश गरेका छन् । नीलकण्ठ कालकूट बिष पान गर्ने शिवको प्रचलित नाउँ हो । कालकूट विषको जलन शान्त गर्न हिमालमा पुगेर चीसो जलमा डुबेको कथा पनि पौराणिक हो । यो काठमाडौं ठूलो तलाउमा परिणत हुँदा हजारौं वर्षसम्म पशुपतिनाथ शिव त्यसैमा डुबेर बसेको कथा पनि पौराणिक हो र यस कथालाई यहांका वंशावलीले पनि उल्लेख गर्दछन्[57] । नाग जातिका आराध्य देव पनि शिव भएकोले नागका बाजुबाला शिवले धारण गर्दछन् । नाग पानीमा बस्ने र जल वर्षा गराउनेमा कारण मानिएका छन् । यस्तै, जलशय नारायण र शिवको निकट सम्बन्ध नागसँग रहेको छ । शेष नागका बिछ्यौनामा सुत्ने विष्णुलाई फँणा फिजाएर ओत दिने शेष नागका शिरमा विश्व ब्रह्माण्ड अडेको कुरा पौराणिक कथा हो । यसको पनि प्रतिकार्थ छ ।

जलशय, शिव र विष्णु वाचक शब्द भएको र सर्पका गहनाको अध्ययनले यसलाई हरिराम जोशी हरिशंकर मूर्तिमा विश्वास गर्न पुग्नु भएको छ। बूढा बिष्णुको नाउँ हो भन्ने प्रमाणका साथ नीलकण्ठ शिव हुन् भन्ने चर्चा मध्ये वृद्धवाचक शब्द विष्णुको लागि प्रयोग हुने कुरामा भने सन्देह छैन[58] ।

वृद्धको शस्त्रीय वा लौकिक प्रयोगमा, वयोवृद्ध, ज्ञानवृद्ध, विद्यावृद्ध, सम्बन्ध वृद्ध, अधिकारवृद्ध आदि प्रयोग भएका छन् ।

विद्या र ज्ञानले वृद्ध हुँदा वन्दनीय ठहरिएका सोह्र वर्ष सुकदेवलाई विसासय आयुका ऋषिले पनि स्वागत वन्दना गरेको कथा भागवत पुराणको हो । यो कुरा लोक व्यवहारमा आज पनि लागू छ । बूढा बूढा कर्मचारी भएको कार्यालयमा ठीटो हाकिम भएर आए भने उनलाई बूढाहरूले पनि बूढा भन्छन्, यो अधिकारले वृद्धको कुरा हो । ६० वर्षे नाति हुने कान्छो हांगो छ भने कुमार पनि बूढो हुन्छ यो सम्बन्धद्वारा मान्नु पर्ने कुरा हो ।

अतः विष्णु वा नारायणको सर्व व्यापकत्व र सृष्टिका आदि कारण भएकोले स्थविर नाउँ ऋग्वेदमा नै प्रयोग भएको छ । सबैभन्दा जेठो बूढो नहुने कुरै भएन ।

अब नीलकण्ठ भन्ने शब्दको चर्चा गरौं । यो शब्द, "नीलकान्त" शब्दको अपभ्रंश हो । आकाश झैं नील वर्षाको नयाँमेघ झैं श्यामल र कान्त शब्दको अर्थ, इष्ट प्रिय, रूचिर, मालिक (पति) प्रेमपात्र आदि हुन्छ[59] । नीलकान्त विष्णुको एउटा चर्चित नाउँ हो । नीलो वर्ण हुने सुन्दर मालिकको साथै सबै भन्दा सृष्टिमा जेठा भन्ने बुझाउन 'वृद्ध नीलकान्त' भन्ने नाउँ विद्वद समाजमा चल्यो होला, जो लोक जिब्रोबाट बूढानीलकण्ठमा परिणत भयो । उपर्युक्त सबै कुरालाई द्योतन गर्ने नारायणको ध्यान अत्यन्त प्रचलित छः–

शान्ताकारं भुजगशयनं पद्मनाभं सुरेशं
विश्वाधारं गगनसदृशं मेघ वर्णं शुभाङ्गम् ।
लक्ष्मीकान्तं कनमलयनं योगिभिर्ध्यानगम्यम् ।
बन्दे विष्णु भवभयहरं सर्वलोकैकनाथम् ॥

(शान्त आकार भएका सर्पको विछ्यौनामा सुत्ने नाभिमा कमल उम्रेका मेघको जस्तो वर्ण भएका असल अङ्ग प्रत्यङ्ग भएका लक्ष्मीका पति नीलकमल जस्ता आँखा हुने, ठूला योगीहरूले पनि ध्यानद्वारा मात्र जानिने, संसारको डरत्रास हरण गरि दिने सम्पूर्ण लोकका एकमात्र मालिक विष्णुलाई नमस्कार गर्छु ।)

उपर्युक्त ध्यानको वर्णन् नीलकान्त नारायणका पूर्ण रूपले घट्दछ । यसरी अनन्त आकाशमा प्रतीक, जलका प्रतिक र जलाधार मेघको वर्णले तुलित विष्णुलाई भोयुव (सेतो) भन्ने नेवारी अर्थ हुन्छ भन्ने धनबज्रजीलाई वहाँको मातृभाषा भए पनि यसलाई अर्थ विवेचन र परम्पराको कसौटीमा

घोटेर अर्थ गर्न आग्रह गर्छु । अन्यथा वहाँको मातृभाषा भन्दैमा अर्थनवर्थको व्याख्या कसैलाई पनि स्वीकार्य हुँदैन ।

अब बाँकी रह्यो ढुङ्गा तानेर ल्याउने कोलीग्रामका वासिन्दालाई विष्णु गुप्तले निगाह गरेको कुरो । बूढानीलकण्ठको मूर्ति त्यहाँ नै पाइने बालुवा-क्षार कडा पत्थरद्वारा बनेको छ । यो मूर्ति एउटा भूगर्भवेत्ता विदेशी विद्वान्ले मूर्तिको निरीक्षण गरी स्थानीय पत्थर भनेर ठोकुवा गरेका छन् । विवेकवान् व्यक्तिको अध्ययनले पनि यो नेपालमा मूर्ति शिल्पको लागि धेरै जसो प्रयोग गरिने कालो कडा पत्थर, जो दक्षिण पूर्वका पर्वतबाट ल्याइन्छ, त्यो होइन भन्ने स्पष्ट छ । बूढानीलकण्ठको विशाल मूर्ति निर्माण गर्ने शिला त्यसबेला अन्यत्रबाट तानेर ल्याउने कुरा पनि व्यावहारिक मान्न सकिँदैन । संभवतः त्यो शिला, वर्तमान हनुमान ढोका भित्रको जलशायी मूर्ति हुनु बढी सम्भव छ । यो मूर्ति सानो गौचरको पोखरीबाट उठाएर प्रतापमल्लले लगेका हुन भन्ने केही बंशावलीको कथन छ तापनि यस कुरालाई प्रमाणित गर्ने अरू ठ्यासफुहरू प्राप्त छैनन् । दक्षिणकोलीग्राम वासीले ल्याएको शिला आफ्नै ठाउँमा स्थापना गरिने देवताको निम्ति भएकोले बढी प्रयत्नशील भएर ल्याएको कल्पना गर्न सकिन्छ । यसो हो भने हनुमान ढोका क्षेत्रमा रहेका नारायण, जसको ठीक अध्ययन गर्न पाइएको छैन त्यहीको हुनुपर्छ । कुनै कारणवश छोपिएका मूर्ति प्रतापमल्लले प्रकाशसम्म गराएका हुनन् । सिंगो एउटा ढुङ्गामा कुंदेको भव्य नारायण मूर्ति (बूढानीलकण्ठ) अन्यत्रको पत्थर होइन र अन्तबाट ल्याउन सम्भव पनि छैन । त्यत्रो मूर्ति कुंदने शिला पूर्व वा दक्षिण पर्वतबाट त्यहाँ पुऱ्याउन सम्भव छैन । उत्तरबाट तान्न कोलिगाउँ जानु पर्दैनथ्यो ।

भुम्वुविकका नामक नीलकान्त मूर्ति कै अनुरूप चारै दिशामा नारायण मूर्ति स्थापना गर्ने विष्णु गुप्तको उद्देश्य रहेको बुझिन्छ । मूर्ति बने वा बन्न सकेनन् त्यो भन्ने प्रमाण प्राप्त छैन ।

अनन्त लिंगेश्वरको विष्णुगुप्तको अभिलेखमा मूर्ति कुंदन योग्य शिला तानेर ल्याए बापत भृगारेश्वर पश्चालिकलाई गरिएको अनुग्रहको कुराबाट र शिलापत्रको मङ्गलाचरणबाट यो तानिएको शिला पनि विष्णु जलशयन मूर्तिको थियो भन्ने कल्पना गर्न सजिलो परेको छ । उपर्युक्त अभिलेखको २ वर्ष पछि नै सत्तामा नरेन्द्र देव देखिन्छन् । सं. ६५ को फागुन पछि कुनै बेला विष्णु गुप्तको शासन सकिएको थाहा हुन्छ । अतः उनले ल्याउन लगाएका शिलाहरूले मूर्तिको रूपलिन पाएकी पाएनन् निश्चय भन्न सकिएन । यसको १५ वर्ष पछि अनन्त लिंगेश्वरमा रहेको नरेन्द्र देवको शिलापत्रमा लोकपाल स्वामी

(विष्णु) को चर्चा परेको छ । परन्तु हंस गृह देवस्य पू. ३५१ भनी अंशुवर्माको हाडीगाउँ अभिलेखमा उल्लेख भएकोले लोकपाल स्वामी नै ती देवता हुन् कि भन्ने अनुमान गर्नु पर्ने भएको छ। अथवा अनन्त लिंगेश्वर पनि पूराने देवता भएको र यसै ठाउँमा हंसगृह द्रङ्ग पनि भएकोले अंशुवर्माका हंसगृह देव -अनन्त लिंगेश्वर पनि हुन नसक्ने होइनन् । यस सम्बन्धी निष्कर्षमा पुग्ने अरू अनुसन्धान हुनु जरूरी छ । हंसगृहको नाउँको व्याख्या गर्ने हो भने हाँस बस्ने ठूलो पोखरीको अस्तित्व स्वीकार गर्न सकिन्छ जहाँ जलशयन मूर्ति स्थापना गर्न विष्णु गुप्तले ठूलो ढूङ्गा तान्न लगाएका होलान् । हंशशब्द पूर्ववाचक भएको र त्यस क्षेत्रका गणेशको नाउँ सूर्य विनायक भएकोले यस क्षेत्रमा सूर्यको मन्दिर पनि हुन सक्छ ।

बूढानीलकण्ठ सम्बन्धी अन्य धारणाः-

बूढानीलकण्ठको नाउँ सम्बन्धी कुरालाई लिएर यो मूर्तिलाई बुद्ध नीलकण्ठ भनेर बुद्धसँग संयुक्त गर्ने प्रयत्न कुनै लेखकले गरेका छन् भने, यसलाई बुद्धको रूप दिन नारायण मूर्तिको शिरोभाग मुकुटमा बुद्ध मूर्ति अंकित छ भन्ने गलत धारणा पनि जन्माएका छन् । धर्म समन्वयलाई प्रश्रय दिने देशमा उक्त कुरा साँचो भए स्वीकार गर्न गाह्रो थिएन र यो एउटा नयाँ उपलब्धि नै मान्न सकिन्थ्यो । परन्तु, नारायणको शिरोभागस्नान पछि पूजा गर्दा चन्दन लगाएर रूमालले छोप्ने चलन छ । त्यहाँ सुन्दर मुकुट अङ्कित गरिएको छ र प्राचीन मूर्तिकलामा हुने कितिमुख मुकुटको यो सुन्दर नमूना हो । प्रायः आठौं शती अगाडि बनेका मूर्तिमा यो अङ्कन गरिन्थ्यो, जो सौन्दर्यको प्रतीक मानिन्छ । मूर्तिकलाको प्राचीन परम्परा मिश्र, वेविलोन तथा युनानको हो, जो युनानी सभ्यताको प्रभावद्वारा भारतवर्षमा आयो ।पश्चिम एशियाका प्राचीन मूर्ति शिल्पमा यस्तो किरीट अङ्कन गरिन्थे । मूर्तिकलाको विशेष अनुसन्धान गर्ने डा. स्टेला क्रेमरिशको हिन्दू "ट्रयाम्पल्स" भन्ने पुस्तकमा उनले यस सम्बन्धी विस्तृत चर्चा गरेका छन्[६०] । अतः बूढा भन्ने लोक व्यवहारको शब्द, बुद्धको त्यस मूर्तिमा अस्तित्व देखाउने शब्द होइन ।

हरिशंकरको मूर्तिमा जस्तै आधा ललाट, नेत्र, त्रिशूल तुम्वी, कमण्डलु आदि शिवका चिह्न अङ्कित गरिन्छन् भने शिरो भाग जटाजूट युक्त हुनु पर्छ[६१] । बूढानीलकण्ठको शिरोभागमा कुञ्चित कुन्तलको मात्र अङ्कन पाइन्छ, जुन विष्णुको एकलौटी रूपाङ्कन हो ।

गोपाल वंशावलीको वर्णनमा आवास संहितं कृतवान् भनेको छ र यसको अर्थ--मन्दिर भन्ने हुन्छ। परन्तु अनन्त जलराशि भएको महासमुद्रमा

सुत्ने नारायण, जसको प्रतिक नै आप (जल) र नाग हो, त्यस मूर्तिको निम्ति मन्दिरको प्रयोजन नै हुँदैन । फेरि जसको निवास जलमा देखाउनु वास्तविक चित्रण हुन्छ । अतः वंशावलीको कथन निरर्थक छ ।

मूर्तिसम्बन्धी केही चित्रण विवरणः—

क) श्री बूढानीलकण्ठ (बुद्ध नीलकान्त) को आवास क्षेत्रको लम्बाई ६४ फीट ६ इन्ची छ भने यसको चौडाइ ५७ फीट ६ इन्ची छ । मूर्ति पूर्वपट्टि शिर गरी शेषनागको शैय्यामा उत्तानो परी सुतेको दृष्टिगोचर हुन्छ । शैय्या अनन्तनागको कलात्मक गुडुल्क्याइँले बनेको छ र शिर पट्टि केही अग्लो छ ।

ख) किर्तिमुख किरिट, कुञ्चित कुन्तल भएको शिरोभाग सधैं छोपिएको हुन्छ । घाँटीमा गोल मुक्तमालाले शोभित छ । चतुर्भुजी यो मूर्तिको लम्बाइ २२ फुट र चौडाइ ११ फुट छ । मूर्ति, स्थानीय बालुमिश्रित कडा पत्थरले बनेको छ । यस मूर्तिमा लगाइएको ओप (पालिशको लेप) घाम, पानी, हावाले गर्दा ठाउँ–ठाउँमा उप्की सकेको भए तापनि मूर्तिको सौष्टव भने बाँकी नै छ । नागको कुण्डली परेको ठाउँमा पछाडिपट्टि फर्केको दाहिने हातमा चक्र छ र अगाडिपट्टिको दाहिने हात विन्दु मुद्रा जस्तै बूढी औंला र तर्जनी कुण्डली परेको छ । हत्केला आकाशपट्टि फर्केको छ ।

बायाँपट्टिको एउटा हातमा कौमोदकी गदा छ र अगाडिपट्टिको बायाँ हातमा कमल गट्टा छ । कमलको फूल जल माथि फूल्दछ । तर उसको जरा पानी भित्र गट्टा रूपमा हुन्छ । अतः जलभित्र रहने नारायणको हातमा फूलको सट्टा कमल गट्टा रहनु नै स्वाभाविकता पनि हो ।

ग) पृथुल छाती, सिंहको जस्तो क्षीण कटी र सुडोल ऊरु तथा मिलेका बाहुले मूर्तिको सौन्दर्यलाई व्यक्त गरेको छ । प्रशस्त फैलिएको नाग शैय्याको बीचमा रहेको मूर्तिलाई नटेकीकन नै नाग शैय्यामा बसेर नारायणको पूजा गर्न सकिने तथा अङ्ग प्रत्यङ्गको सेवा गर्न सकिने यसको विशेषता हो ।

मूर्तिमा देखाइने कटिसूत्र एवं वस्त्रको प्रतीक चिह्नहरू यहाँ पनि अंकित छन्। पश्चिम पट्टिको सानो ढोकाबाट पसेर नारायणको पाद पूजन र वन्दना गर्न सकिन्छ ।

घ) पोखरी बीच रहेको यो मूर्तिको स्थिति त्यहाँ वरिपरिको भूमिभन्दा केही होचो भागमा छ । वरिपरि पोखरीकोपानीलाई घेरेर ईटाको गाहारो

लगाइएको छ र त्यसमाथि छडको बार छ। पोखरीको पूर्व भागमा ठूलो पिपलको वृक्षले श्री नारायणलाई छायाँ दिएको थियो। किन्तु, गत वर्ष-हरूमा मर्मत संभार गर्दा त्यो हटाइएको छ। वरिपरि तीर्थयात्री, महन्त, भजन गर्नेहरूलाई बस्ने धर्मशाला र सत्तलहरू छन्। पूर्व र दक्षिणद्वारबाट यस क्षेत्रको विस्तृत प्राङ्गणभित्र पस्न सकिन्छ।

ङ) यसलाई माथिबाट पहिरो आई पुरेको र पछि खनेर मूर्ति प्रकाश गर्दा नाकमा कोदालीको चोट लागेको कथा अनुश्रुति र केही वंशावलीले उल्लेख गरेका छन्[62]। संभवतः मूर्ति भन्जक समसुद्दीनको नेपालमा ने. सं. ४७० (वि. सं. १४०६) मा आक्रमण हुँदा यस मूर्तिलाई जनताले माटोले पुरेको हुनुपर्छ। त्यस बेला उठाउन नसकिने धेरै मूर्तिहरू टूटफूट भए। साना तिना लुकाएर संरक्षण गरिए। पूर्व, भक्तपुरपट्टिबाट भएको यो आक्रमणले मूर्ति भङ्ग गर्ने, लूटपाट र आगो लगाउने काम गर्‍यो। तीनै शहरमा उत्पात मच्चाउने मुसलमानी सेना यहाँ प्रवेश गर्दा जनता भागेर जङ्गल पसेको अनुमान हुन्छ। देखाउने व्यक्तिको अभावमा जङ्गलभित्र पर्ने छेउ-छाउका मन्दिर मूर्तिहरू बचे। त्यसमध्ये यो नारायण मूर्ति र चाँगुको मन्दिर प्रमुख छन्। सात दिन बसी आक्रमणकारी फर्केपछि यहाँका दग्ध भग्न मूर्ति, मन्दिरको पुनर्निर्माण गरियो[63]। हनुमान ढोकाअगाडि स्थापना गरिएका कालभैरव मूर्तिको पनि यस्तै इतिहास होला। जो पछि कुलो खन्दा पुरिएको मूर्ति फेला पारेर राजा प्रताप मल्लले ल्याई स्थापना गरेको कुरा वंशावलीले उल्लेख गरेको हुनु पर्छ[64]। बूढानीलकण्ठको मूर्ति मानदेव प्रथमताक, अर्थात् पाचौं शतीको हो भन्ने कुरा कलात्मक, भव्यता र सौन्दर्यले व्यक्त गर्छ।

जलशयन नारायणका सांस्कृतिक पर्वहरू

पौराणिक कथाहरूमा भगवान् विष्णु आषाढ शुक्ल एकादशीदेखि कार्तिक शुक्ल एकादशीसम्म शेष शैय्यामा सुत्दछन् भन्ने उल्लेख छ। यस कुरालाई कालिदासले यक्षको श्राप छुट्ने दिनको आफ्नो प्रेयसी प्रति सन्देश पठाउँदा हरि शेषको शैय्याबाट उठ्ने दिन, अर्थात् कार्तिक शुक्ल एकादशीको दिन चर्चा गरेका छन्। यसै पौराणिक आधारमा आषाढशुक्ल एकादशीलाई हरिशयनी कोल्टो फेर्ने दिन, भाद्र शुक्ल एकादशीलाई हरिकोलटी एकादशी र कार्तिक शुक्ल एकादशीलाई हरिबोधनी एकादशी भन्ने उल्लेख पाइन्छ।

भगवान् विष्णुका लागि व्रत गरिने एकादशी तिथि सबै नै पर्व हुन्। त्यसमा पनि चतुर्मासा (असारदेखि कार्तिकसम्म) का एकादशी चाहिं विशेष व्रत गरिने एकादशीमा गणना हुन्छन्।

चतुर्मासा भित्रमा पर्ने कार्तिक महीना विष्णुको विशेष व्रत गरिने महिना हो। यस महिनाभित्र सबै दिन श्री बूढानीलकण्ठ नारायणको पर्व दिन मानिन्छ। यो महिनाभरि दर्शनार्थी श्रद्धालुको भीड लाग्दछ। कार्तिक स्नान र तुलसी दामोदरको पूजा एवं आकाशदीपदानको परम्परा यहाँ प्राचीनकालदेखि नै चलेको छ।

नेपालमा चङ्गा उडाउने चलन कहिलेदेखि शुरु भयो त्यो जान्न सकिएको छैन। बूढानीलकण्ठमा ठूला साना सबैले चङ्गा उडाउने महिना यही कार्तिक हो। कार्तिक शुक्ल एकादशी नारायण स्थानको विशेष पर्व हो र त्यस पछिका पाँच दिन भीष्म पञ्चक नारायण स्थानको जात्रा लाग्ने पर्व हो। यस बाहेक विष्णुका वर्ष दिनमा पर्ने अरू पर्व पनि नारायण स्थानका पर्वहरू हुन्।

श्री नारायणका पुजारी ब्राह्मणहरू छन्। महन्त सन्यासी हुने परम्परा छ। पूजा पर्वको खर्च गुठी संस्थानको खर्च कार्यालयबाट जान्छ र यहाँको जीर्णोद्धार गर्ने र अन्य योजनाहरू श्री ५ को सरकारको खर्चमा हुँदै आएको छ।

पाद टिप्पणीहरू

१. श्री धनवज्र वज्राचार्य- लिच्छवि- कालका अभिलेख, पृ. ४१ को अभिलेख तथा ऐ. पृ. २१७ को शिवदेवका शिलापत्रको व्याख्या।

२. धनवज्र– विष्णु-पादुका फेदीको शिवदेवको अभिलेख पृ. २१४।

३. ऐ. ऐ. को व्याख्या पृ. २१७।

४. धनवज्र– लिच्छवि- कालका अभिलेख पृ. २६० ... ... आङ्लवकस पिता नरसिंहोभय पाञ्चाली निवासीनो ... ... इत्यादि।

५. महाभारत शान्ति- पर्वको नारायणीय खण्ड, वायु–पुराण अ. ९७ श्लो. ७२ पछि ऐ. अ. ९८ श्लोक ३, तथा श्रीमद्‌भागवत १।३, तथा २,७, । विष्णु, गरुड, मत्स्य, नारद आदि पुराणमा पनि अवतारको उल्लेख पाइन्छ। गरुड उत्तरमा २०-३१। वराह पु. ४।२, अग्नि ४।६ श्री मदभा. मा. बुद्धको १० अवतारमा गणना छ यी पु. सातौं शदी पछि परिवर्तन भएका हुन्।

६. श्रीमद्‌भागवत पुराण तृतीय स्कन्ध ।
७. मनुस्मृति अ. १–श्लो. १०।। आपो नारा इति प्रोक्ता, आपो वै नरसूनवः अयनं तस्यता पूर्व तेन नारायण स्मृतः ।। विष्णु पुराण १।४।६।
८. ऐतरेय ब्राह्मण...... ताण्डय महाब्राह्मण ।
९. विश्वको प्राचीन सभ्यताका इतिहास पृ. ७१– डा. शुशील माधव पाठक, राँची वि. वि. विहार हिन्दी आकादमी प्रकाशन चतुर्थ स. ८६ ई. ।
१०. सिन्धुघाटी सभ्यता– पृ. ।
११. वासुदेवशरण अग्रवाल–भारतीय कला भाग १ पृ. १२२–२३ ।
१२. मोहन प्र. खनाल, नेपालको मूर्तिकला, शोधग्रन्थ– (अप्रकाशित) ।
१३. प्राचीन भारत- सत्यकेतु विद्यालङ्कार- पृष्ठ २०७–२१६ ।
१४. भारतका प्राचीन इतिहास, सत्यकेतु विद्यालङ्कार तथा डा. मनराल ।
१५. उद्धरण– डा. सत्यकेतु विद्यालङ्कारको प्राचीन भारतको मौर्ययुग, सरस्वती सदन मसुरी दो. सं. १९८१ ई. ।
१६. राजा भोजकृत समराङ्गण सूत्रधार (वास्तु शास्त्र) पृ. ।
१७. भारतीय कला पृ. ११७ वासुदेवशरण अग्रवाल ।
१८. प्राचीन मूर्तिकलाको इतिहास पृ. लैनसि वाङ्गदेल पृ. २३, २४ ।
१९. इन्द्रजात्रा, कुलचन्द्र कोइराला तथा भारतीय कला १२२–१२३ ।
२०. निदेश, उद्धरण डा. भण्डारकर वैष्णव, शैव तथा अन्यमत पृ. २ तथा दीर्घ निकाय ।
२१. यजुर्वेद संहिता अ. १६ शत रुद्रीय मन्त्रहरू र आश्वलायन तथा मानव वृगृहथ सूत्र हेर्नोस ।
२२. ऋग्वेद १।२२।१७ तथा १।२२।२० ।
२३. ऋग्वेद (१०।८२।५६) १०।८२।६ ।
२४. डा. भण्डारकर– वैष्णव, शैव र अन्य धार्मिक मत, अनु महेश्वरीप्रसाद, पृ. ३५ विद्या भवन प्रकाशन ।
२५. महाभारत वन पर्व (१८८–१८९) ।
२६. भण्डारकर, वैष्णव शैव, र अन्य मत पृ. ३ ।
२७. लडर लिष्ट अव ब्राह्मी इन्स्क्रिप्सन्स संख्या छ ।
२८. ऐ. ऐ. सं. ६६९ तथा डा. भण्डारकरको उक्त ग्रन्थको पृ. ५ ।
२९. महाभारत शान्ति पर्व नारायण खण्ड
३०. ऐ. ऐ. ऐ. ।

३१. श्रीमद्भागवत ८।१८।-२३ अध्याय।

३२. ऐ.तृतीय स्कन्ध, अ. ६।

३३. ... ... चैत्र परिमाणं सिंह मण्डपे, भगवद् वासुदेव ब्राह्मण गोष्टिक नाम्ना २० ...... ६ र सातौं पंक्ति, लिच्छविकालका अभिलेख पृ. २८३ धनवज्र।

३४. भारतीय कला- डा. वासुदेव शरण अग्रवाल।

३५. प्राचीन भारत- डा. सत्यकेतु विद्यालङ्कार।

३६. भारतीय कला पृ. ९९ डा. वासुदेव शरण अग्रवाल, डा. शुक्ल प्रतिमा विज्ञानको प्रारम्भ। डा. इन्दुमती मिश्र- प्रतिमा विज्ञानको भूमिका।

३७. डा. भण्डारकरको उपरोक्त ग्रन्थको पृ. १० तथा नानाघाट, अभिलेख- लडर लिष्ट अब ब्राह्मी इन्स्क्रिप्सन्स सं. ६९९।

३८. डा. भण्डारकर- उपर्युक्त ग्रन्थ पृ. ४८, गुप्तराजाहरूका मुद्राहरू।

३९. उद्धरण डा. भण्डारकर उपरोक्त ग्रन्थको ४९ पृ. कार्यस इनक्रिन्सन्स भाग ३ पृ. ५१।

४०. ऐ. ऐ. पृ. ४९ को टिप्पणी इनक्रिप्सन् भाग ३ पृ. ५२।

४१. ऐ. ऐ. को उद्धरण।

४२. डा. भण्डारकर ऐ. पृ. ५०। टिप्पणी-इण्डियन एन्टीक्वैरी भाग ३ पृ. २०५, भाग ६ पृ. ३६३।

४३. डा. भण्डारकर पृ. ५०।

४४. ऐ. ऐ. पृ. ५१ को उद्धरण। (मूर्तिकलाका अध्येताहरूको विचारमा पौराणिक व्याख्यानुसार भारतमा पाइएको जलशायी नारायणको मूर्तिमा यही नै पहिलो हो भन्ने छ।)

४५. प्राचीन मूर्तिकलाको इतिहास- लैनसिंह वाङ्देल तथा नेपालको मूर्तिकला मोहनप्रसाद खनाल (अप्रकाशित शोध ग्रन्थ)

४६. लिच्छवि कालका अभिलेख पृ. कोलिग्राम, वृजिकरथ्या आदि धनवज्र।

४७. ,, ,, सं ३१ को अभिलेख पृ. ३१७ धनवज्र।

४८. गोपालराज वंशावली, पृ. २० र नेपालको ऐतिहासिक रूपरेखा पृ. ८२ को टिप्पणीमा उद्धृत सिलवालेभीकोलि नेपाल पृ. १२६ पृ. ६१-६४ तथा ७०-८१ भाग २ को।

४९. शतपथ ब्राह्मण (१।२।५।

५०. लिच्छवि कालका अभिलेख-सं. ४ र ५ पृ. ३४, ३५ (विष्णु विक्रान्त मूर्ति सुरमत्ति महितं सर्वलोकैक नाथम् (३८९ सं.) ।

५१. ... ... भुम्भुविकका जल शयनस्य पृ. ३ प १ तदन्य देव कुलानां पृ. २ प २ ... ... १४ र १५ पंक्ति-लिच्छवि- कालका अभिलेख पृ. ३२०-२१ ।

५२. ... ... भगवतो विष्णोर्जलंशयन रूप निष्पादन योग्य वृहच्छिलाकर्षण व्यापार परितुष्ठयै ... ... लिच्छवि का. अ. पृ. ४४२ तथा... ... रू. पनिष्पादन योग्य शिलाकर्ष राम्प्रति नियुक्तै मृङ्गार ग्राम पाश्चालिकै... लि. का. अ. प. ४४८ धनवज्र वज्राचार्य ।

५३. श्रीश्रीश्री भोयुव नरसेन नार्नजुस... श्री ३ शिवलिङ्ग स्थापना याङ्ग नारायण स्थानभित्र पर्खालमा टासिइ राखेको शिलालेखबाट ।
"सम्वत् ७९८ कार्तिक शुक्ल ।। त्रयोदशी रेवती नक्षत्र आदित्यबार थ्व कुन्हु भोजु जल सेनस श्री श्री नृपेन्द्रमल्ल देव प्रभु थाकुलस माम इन्द्रमती राणीन फले प्रतिष्ठा यांग दिन"

(तत्कालिक ठ्यासफुबाट)

"मोयु भोयुव शब्दको अर्थ सेत्तो स्वच्छ हुन्छ । यसैको अपभ्रंश भुयु भएको हो" सम्वत् ८३५ वैशाख... भोयुजल सेनस अनेग थास दुदुधारा चासे चोङ्ग । लिच्छवि कालका अभिलेख पृ. ४४५ तथा ४६ मा धनवज्र ।

५४. हरिराम जोशी-हाम्रो संस्कृति (२०३७)- द्विर्देव पृथिवी मेष एतां विवक्रमे शतर्चसं महित्वा । प्र विष्णुरस्तु तव सस्त वियान्तवेषं स्थविरस्य नाम । ऋग्वेद ७।१०० ।
(विष्णुले पृथ्वीमा तीन पटक चरण निक्षेप गर्नु भयो । ती प्रवृद्ध विष्णु हाम्रा ईश्वर हुनु हुन्छ । हामीहरू स्तुति गर्छौं, जो वृद्ध तथा तेजस्वी हुनु हुन्छ ।)

५५. प्राचीन मूर्ति कलाको इतिहास चित्र नं. ९५ पशुपतिको हरिहर मूर्ति, नक्साल नारायण चौरको हरिहर मूर्ति ९४ सं. (लेनसिंह वाङ्गदेल) ।

५६. कार्योष्ठ भुजो भगवांश्वर्भुजो द्विभुजएव वा विष्णुः । श्री वत्साङ्कित वक्षाः कौस्तुभमणि भूपितोरस्कः । ३१ अतसी कुसुम श्यामः पीताम्वर निक्सनः प्रसन्न मुखः कुण्डल किरीट धारी पीन गलोर स्थलसंभुज ।।३२।। खड्ग गदा शरपाणिदंक्षितन. शान्ति द चतुर्थ करः। वाम करेपुच कार्मुक

खेट चक्राणि शङ्खश्च ।।३३।। अथच चतुर्भुज मिच्छन्ति शान्तिद एकाग-
दाधरश्चान्यः ।
दक्षिण पार्श्व ह्यवं वामे शङ्ख चक्रश्च ।।३४ वृहत् संहिता अ. ५८
कटि सूत्र ब्रह्मसूत्र हार नुपुर कुण्डलैः ।। श्रीमद्भागवत १०।४०।५१

५७. श्रीमद्भागवत तृतीय स्कन्ध ।

५८. श्री देवमाला वंशावली पृ. तथा हिमवत् खण्ड ।

५९. ५३ को वैदिक मन्त्र पढ्नु होस् । प्रवया स्थविरो बृद्धो जीनो जीर्णो जारन्नपि । अमरकोश २। काण्ड, मनुष्य वर्ग श्लो. ४२ ।

६०. आप्टे, हिन्दी संस्कृत शब्द कोश ।

६१. स्टेला क्रेमरिशको हिन्दू ट्रचाम्पल भन्ने पुस्तक हेर्नोस् ।

६२. कायं हरिहरस्यापि दक्षिणार्थे शदाशिवः वाममर्ध हृषिकेश श्वेत नीला-
क्रुतिक्रमात् विष्णु धर्मोतर १०८।३५ ।
वर त्रिशूल चक्राब्जधारिणो वाहवः क्रमात् दक्षिणे वृषभ पार्श्वे वामे
विहङ्गराट्र ।
पीताम्बर धरं विष्णु व्याघ्र चर्माम्बरं हरम् ।।
वि. ध. १०८-३७-३८ ।
तथा- पितामहस्य रूद्रस्य जटा मुकुट योज्यकम् ।
किरीटं मुकुटं चैव नारायणस्य योज्यकम् ।
मानसार ४३।३०
किरीटं सार्वभोमस्य चाधिराजस्य योज्यकम् ।
ऐ. ४३।३८ ।

६३. श्री राजा सूर्य केतुले यी जलशयन नारायण स्थापना गरेका हुन् ।... ताहाँ पछि सूर्यवंशी राजा वृषदेवका पालामा शतरूद्रा पाहाड पैह्लो आई ती जलशयन नारायणलाई छोपि दिदा याद खबर नगरी त्यस ठाउँमा बगैंचा बनाई राखेका थिए । श्री धर्मागत देव (धर्म देव) का पालामा राजालाई स्वप्न विशे दर्शन दिई शतरूद्रा पाहाड पैह्लो गई छोपिन गएको छु प्रकास-गरी सेवा गर भन्ने वाणी हुँदा प्रजाहरूलाई सामेल गराई ढुङ्गा माटो परसार्दा श्री जलशयन नारायणको प्रकाश भयो र नित्य यिनै ईश्वरको सेवाभाव गरिरहेका थिए पछि सोही शतरूद्र पर्वत पैह्लो आई छोपिन गएको थियो । श्री राजा विवंगुप्त (विष्णुगुप्त) ले छोपिएका जलशयन नारायण प्रकाश गर्नलाई ढुङ्गा माटो परसार्दा कोदालीले नाकमा चोट

लाग्न गयो र ठूलो आवाज आयो र त्यहीं राम्रो खोज्दा दर्शन भयो त नाकको टुक्रा छैन... देवमाला वंशावली पृ. २१ योगी नरहरिनाथद्वारा प्रकाशित ।

६४. काठमाडौं शिला लेख सूचि पृ. ३७ को ने. सं. ४९२ को अभिलेख समशुद्दीनले तोडेको स्वयंभु चैत्य जीर्णोद्धार गरेको कुरा यसमा लेखिएको छ:–

... ... । तनतेर पूर्व सुरतान समसदिन भागत्य नेपालम् श्री पशुपति त्रिखंण्डीकृता नेपाल र स्मस्त भस्मी भगवान् । हाही भवन्ति लोकश्व । सम्वत् ४७० मार्ग शिर शुदी ६ महाकष्ट भावमि भक्तापुरे ।। गोपाल वंशावली पत्र २८ ख. (उपर्युक्त कथा अभिलेखहरूले प्रमाणित गरेको छ । पछिल्लो कालका समकालीन कुराहरू चाहिं यस वंशावलीमा प्रमाणित छन् ।)

६५. राजाप्रताप मल्लले सम्वत् ७८० सालमा हनुमान ढोका आफ्ना दरबारका भण्डारखालका पोखरीमा बूढानीलकण्ठका जलशयन नारायणका पोखरीको पानी भनी नारायण स्थापना गर्ने मतलवले कूलो खनी ल्याउदा रानीवन चंसाट्र भन्ने ठाउँमा पैह्रो गयो र सो पैह्रो गएको ठाउँमा भयङ्कर मूर्ति १ घोप्टिरहेको छ भन्ने खबर सुनेकाले राजा समेत नै धेरै कालीगढ लगाई पल्टाई हेर्दा अति भयङ्कर मूर्तिको "भीम भैरव" देखिए तहाँबाट उठाई ल्याई दरवारको अगाडि उत्तर मुख गरी स्थापना गरि दिया । यसैलाई आजकल ॐ श्री काल भैरव भन्दछन्...देवमाला वंपृ.६२ योगी नरहरिनाथद्वारा, प्रकाशित । (यो मूर्ति विभिन्न पाषाण खण्ड जोडी बनाइएको छ) ।

शिखर नारायण

इतिहास

काठमाडौं शहरबाट नैऋत्य कोणमा पर्ने फर्पिङ नामक ठाउँमा प्रसिद्ध शिखर नारायणको मन्दिर छ। उपत्यकाबासी र बाहिरबाट आउने मानिसहरूका निम्ति पनि फर्पिङको दक्षिण भागमा दुई खोलाको दोभानमा रहेको दक्षिणकाली पीठको दर्शन गर्नु आवश्यक संझिन्छ। यिनै दक्षिणकाली जाने ठूलो सडकको नजिक फर्पिङ शहरभन्दा केही वर उत्तरबाट दक्षिण तर्फ लम्पसार परेको ठूलो डाँडाका फेदीमा पहराको चेप पारेर शिखर नारायणको स्थापना भएको छ।

फर्पिङ शहर लिच्छविकालीन बस्ती हो भन्ने अनुश्रुति छ। यहाँका प्राचीन बासिन्दा डंगोल (गोपाल) जाति छन्। किराँतभन्दा अगाडि उपत्यकामा गोपालक जातिहरू आएका थिए भन्ने कुरा पुराना वंशावलीहरूबाट थाहा पाइन्छ[1]।

इतिहासका अन्वेषक विद्वान्हरूको कथन अनुसार, नेपाल उपत्यकामा आउने पहिला लिच्छवि राजा जयदेव प्रथम हुन्। गोपाल राज वंशावलीको कथन अनुसार भने नेपालमा आएर चार वर्णको बसोबास व्यवस्था गर्ने र पशुपतिनाथको पहिलो मन्दिर निर्माण गर्ने व्यक्ति, सुपुष्प देव लिच्छवि भनिएको छ। यिनलाई कुनै वंशावलीले पशुप्रेक्ष देव पनि भनेको पाइन्छ।

लिच्छविहरू बुद्धकालीन समयमा जल्दाबल्दा थिए। मगध सम्राट अजातशत्रुले लिच्छवि गणतन्त्रलाई ध्वस्त पारे। त्यसपछि लिच्छविहरूको ठीक ठीक इतिहास पाइँदैन। ईशापूर्व दोस्रो तेस्रो शतोतिर यिनीहरू पुनः शक्तिशाली भएको इतिहासकारहरूले अनुमान गरे तापनि मगधमा मौर्य साम्राज्य

र त्यस पछिको सुङ्गवंशी साम्राज्यमा यिनीहरूको स्वतन्त्र अस्तित्व कल्पना गर्न सकिंदैन । पछिल्लो कण्ववंशीहरूको शासनमा यिनीहरूले स्वतन्त्र अस्तित्व कायम गरेको अनुमान गरे तापनि सातवाहन आन्ध्रहरूको आक्रमणले मगध ध्वस्त हुँदा यिनीहरू पनि त्यस चपेटामा पर्न सक्छन् । त्यस पछि कुषाणहरूको बर्बरतापूर्ण आक्रमण पछि सुरक्षित ठाउँको खोजीमा यिनीहरू यस उपत्यकामा पसेको अनुमान हुन्छ । सिलभ्यालेभीले लिच्छविहरूको नेपाल प्रवेशको समय पहिलो शतीदेखि ईशाको ११० वर्षभित्र भनेर अनुमान गरेका छन्[2] । जायसवालले पनि त्यही कुरा भन्छन् । लिच्छविहरू त्यस समयभन्दा पहिले यहाँ आएका थिए वा थिएनन्, त्यो भन्न सकिने प्रमाण पाइँदैन ।

वंशावलीले भने राजा निमित्तकाल (निमिष) देखि नेपालका शासक भएको उल्लेख गरेको छ[3] ।

नेपालमा गोपाल महिषपाल जातिपछि किराँत जातिले शासन गरेको कुरा वंशावलीले वर्णन गर्दछन्[4] । त्यसको ठोस अभिलेख प्रमाण भने पाइएको छैन । नेपालको उल्लेख, कौटिल्यको अर्थशास्त्रमा आएको छ र पुराना वैद्यक ग्रन्थमा चिराईतोको नाम नेपालक, किराँत आदि भएको र यहाँका आदिम जातिहरू, जो गोपालक आर्य जातिकै सन्तान हुन्, तिनीहरू र सम्मिश्रणले गर्दा किराँत मुख मुद्राका देखिनाले एवं प्राचीन अभिलेखमा ठाउँको नाउँ प्राचीन किराँत भाषाकै भएकोले यहाँ किराँत शासन रहेको कुरा पुष्टि हुन्छ ।

महाभारत आदिग्रन्थमा र प्राचीन पुराणहरूमा पनि नेपालका तीर्थस्थलको वर्णन पाइनुले भारत वर्षका आर्य जातिको आवागमन भने यहाँ थियो भनेर मान्नु पर्छ ।

बुद्धकालमा पनि आफना परिजनसंग भेट गर्न, भिक्षु आनन्द नेपाल आएका र जुत्ता नलगाउने हुँदा यहाँको हिउँले खुट्टा फुटेको थाहा पाएर शीत प्रदेशमा जाँदा जुत्ता लगाउने अनुमति बुद्धले दिएका थिए भन्ने प्रसंगबाट पनि आर्यजातिको बुद्धकालतिर नै प्रवेश भइसकेको थियो भन्ने कुरा थाहा हुन्छ[5] ।

सुपुष्पदेवले वर्ण व्यवस्था कायम गरे भन्ने वंशावलीको उक्तिले पनि जयदेवले यहाँ नै राजा भएर बस्न थाल्नुभन्दा पहिले आर्य जातिका केही मानिस ब्राह्मण, क्षेत्री, वैश्य तथा शुद्र जातिको यहाँ प्रवेश गराएका थिए कि भन्ने अनुमान हुन्छ । जयदेवले शासन गर्न थालेपछि भने निश्चय रूपमा आर्य जातिको यहाँ जमघट भयो ।

लिच्छविहरू पहिले यहाँ आएर शिखरापुर (फर्पिङ) मा बस्ने गरे भन्ने अनुश्रुति छ । पानी प्रशस्त भएको उच्चा भूमि र केही खेती लायक जमीन्

र जङ्गल पनि भएको उक्त क्षेत्र हुँदा पहिलो निवास भूमि भएको हुन सक्छ । वागमतीको किनारा पक्रेर आउँदा पनि मुखमा फर्पिङ नै पर्दथ्यो र उपत्यकाबाट दक्षिण जाने बाटो पनि फर्पिङ हुँदै चित्लाङ भेक निस्केर तराई तर्फ जान सजिलो पर्दथ्यो ।

ईशापूर्वका शताब्दीहरूमा खास गरेर शुङ्गकालमा शैव तथा वैष्णव धर्मको भारतमा निकै प्रचार प्रसार भएको थियो । शुङ्हरू स्वयं ब्राह्मण थिए र वदिक धर्मका पक्षपाति हुँदा बुद्धधर्मको समानान्तर अहिंसामा बढ्ता आस्था राख्ने वैष्णव धर्म हुँदा निकै प्रश्रय पायो । यस पौराणिक धर्मको रूप दिने काम शुङ्हरूले नै गरे भन्ने कुरामा धेरै इतिहासकारहरू सहमत छन्[6] ।

एक समय बुद्धधर्मले प्रभावित लिच्छविहरू, शुङ्को राज्यकालमा वैदिक धर्मका अनुयायी भएको अनुमान हुन्छ । सर्वोत्तम परमेश्वरका रूपमा मानिएका विष्णु वा नारायणका उपासक भएपछि यहाँ आएका लिच्छविहरूले पहिले उपत्यकाको चार दिशामा चार नारायणको स्थापना गरे । लिच्छविसँग यहाँ आउने ब्राह्मण, क्षत्रियहरू पनि वैष्णव धर्मप्रति श्रद्धा राख्ने थिए होलान् । उपत्यकाको समतल भूमि खेती लायक भए पनि बसोबास गर्न उपयुक्त थिएन । बस्ती बस्न सक्ने केही उच्च भूमिमा प्राचीन जाति र पछि आउने कोली वज्जि जातिहरूको बाक्लो जमघट भइसकेकोले पनि उपत्यकाको किनाराका उच्च शिखरतिर नै ब्राह्मण क्षत्रीहरूको बसोबास भएको कल्पना गर्न सकिन्छ ।

पुष्ट प्रमाणको अभावमा चार नारायणको स्थापना कसले, कहिले गरे भन्ने कुरा अन्धकार नै छ तापनि यहाँ वैदिक धर्मका अनुयायी लिच्छविहरूको राज्य कायम भएपछि चार दिक्पालका रूपमा चार नारायणको स्थापना गरेको कुरा अनुमान गर्न सक्छौं । यो काम अनुमानतः जयदेवले नै गरे ।

गोपाल राज वंशावलीको २० पत्रमा जयदेव लिच्छविका छैठौं पुस्तामा हुने राजा हरिदत्त चारै शिखर प्रदेशमा भगवान् विष्णु भट्टारकका मन्दिर बनाइ पूरा गरेको उल्लेख भएकोले पनि आफ्ना पुर्खाले स्थापना गरेका चार नारायणको मन्दिर बनाउने काम हरिदत्त वर्मा लिच्छविले गरेको कुरा थाहा हुन्छ । नेपालका अन्य प्राचीन वंशावलीहरूको उल्लेख अनुसार पनि चार नारायणको मन्दिर बनाउने हरिदत्तका नै हुन् भन्ने जानिन्छ । हरिदत्त छोरा वसुदत्त हुन् भन्ने कुरा वंशावलीबाट थाहा हुन्छ र केवलपुरको ध्रुवदेव, जिष्णुगुप्तको अभिलेखमा वसुराज, महीदेव, गणदेव आदि राजाले अघि दिएको कुरा जुन

हरण भएको थियो त्यो तिमीहरूको सहायताबाट खुशी भएका हामीहरूले थामी दिएको छ भन्ने कुराको साथै भगवान् नारायणको कारण पूजा आदि तिमीहरूले नै चलाउनु भनी दुईसय (रोपनी) जग्गा र अन्यरकम माफ गरिदिएको व्यहोरा उक्त शिलापत्रमा उल्लेख भएको छ। साथै त्यस ठाउँ नजिक पारिपट्टि रहेका चार नारायणमध्येका इचंगु नारायण स्थापनामा पाइएको ने. सं. ३२० को अभिलेखमा "हरिदत्त भूपति कृतन्नारायणं[7]" भन्ने उल्लेख पाइएकोले हरिदत्तले चार नारायणको मन्दिर बनाए भन्ने वंशावलीहरूको कुरा समर्थन हुन्छ।

शक सं. ३८६ मा पूर्व पश्चिम दिग्विजय गरी खुशी भएका लिच्छवि राजा मानदेवले चाँगु नारायणको विशेष पूजाआजा दान धर्म गरी आफ्ना आकृतिको गरुड स्तंभ स्थापना गरी अभिलेख कुँदाएका छन्। यसबाट लिच्छवि राजाहरूको विष्णुप्रति विशेष झुकाव देखिन्छ।

उपर्युक्त वंशावली पुरातन अभिलेख अनुश्रुतिहरूको आधारमा हरिदत्तका पुर्खा (जयदेव प्रथम) ले स्थापना गरेका चार नारायणका मन्दिर- चाँहि हरिदत्तले बनाए भन्ने कुरा सत्य नै मान्नु पर्ने हुन्छ।

भाषा वंशावलीमा पनि यो कुरा लेखिएको छ। त्यसमा शिखर नारायणलाई स्वयं (आफै उत्पन्न भएका) नृसिंह नारायण भन्ने कुरा उल्लेख भएको पाइन्छ[8] र देवालय बनाई पूजा मान्यता गरेको कुरा पनि त्यसमा लेखिएको छ।

देवमाला वंशालीमा शिखर नारायणको विषयमा भनिएको छः—"यी परमेश्वर आदि युगदेखि विराजमान भएका हुँदा श्रीकृष्णबाट गोपालेश्वरको स्थापना गर्दा प्रद्युम्नले चतुर्भुजी विष्णुका मूर्ति स्थापना गर्दा ताहाँ दुई नारायण भएका हुन्। पछि राजा हरिदत्त वर्मालाई स्वप्नमा दर्शन दिएको हुँदा ॐ; लक्ष्मी, कामधेनु, बासुकी दह समेतका नारायणलाई प्रख्यात गरी देवालय बनाई नित्यार्चन गराया। ९० साल माघ बदि ३० रोज २ मा ठूलो भूकम्प हुँदा केही भएन। (देवमाला वंशावली, पृ. ३८)।

यस्तै नेपाल देशको इतिहास भनी लेखिएको वंशावलीमा पनि उपर्युक्त कुरासँग नै मेल खाने गरी उल्लेख भएको पाइन्छ। गोपाल वंशावलीमा चार नारायणको मन्दिर बनाएको छोटो प्रसंग मात्र छ भने यसमा हरिदत्त वर्माले नेपाल मण्डलमा चार धामका स्वरूपले विराजमान नारायणको सपनामा दर्शन पाएर यहाँका चार शिखर-दोलागिरि, शतरुद्र, इचंगु र फर्पिङको शिखरमा नारायणको स्थान ठहराए भन्ने कुरा उल्लेख भएको पाइन्छ। साथै फर्पिङका नारायणलाई नृसिंह नारायण भनिएको छ[9]।

बुद्धकालभन्दा केहीअघि पश्चिमी भारतमा वासुदेव सम्प्रदाय चलेको थियो। यसको विकासक्रममा चतुर्व्यूह राम, कृष्ण, प्रद्युम्न, अनिरूद्धको पूजा विधान पाइन्छ। पछि वैष्णव धर्मको विकासमा नारायणको पूजा उपासना हुन लाग्यो। नारायणका अनेक रूप थिएशेषनागको शैय्यामा सुत्ने जलशायी नारायण, गरुडवाहन भएका गरूड नारायण, नृसिंह रूपका नरसिंह नारायण, वैकुण्ठवासी नारायण आदि विविध रूपमा विष्णुको उपासना हुन लाग्यो।

नेपालका चार शिखरमा स्थापना गरिएका दिक्पाल रूप नारायणका उपासना क्रमको वर्णनले पनि वैष्णव धर्मको प्रारम्भिक विकासको क्रमलाई थाहा पाउन सकिन्छ। यसबाट पनि नेपालका चार नारायणको स्थापनाकाल प्राचीन ठहर्दछ।

शिखर नारायणका विविध नाम र रूप

आजकाल फर्पिङ शहरलाई प्राचीन अभिलेखहरूमा शिखरापुरी भनिएको पाइन्छ र मध्यकालका नेवारी अभिलेखहरूमा फर्पिङ, फम्पीन आदि नामकरण गरिएको छ।

यस्तै नारायणको नाउँ पनि शिखर नारायण, शिखा नारायण, शेष नारायण आदि उल्लेख भएको पाइन्छ। शिखर नारायण, ठाउँको नाउँबाट भएको र प्रायः अन्त्याक्षर लोप गरी शब्दकोउचारण गर्ने नेवारी भाषाको परम्परा अनुसार शिखा वा शिका नारायण भनिएको हो। परन्तु शेष नारायणको नामकरणले चाहिं वंशावलीहरूको कथनलाई नै खण्डन गर्दछ।

धेरै जसो वंशावलीले नृसिंह नारायण भनेर नामकरण गरेका छन्। किन्तु त्यहाँ नृसिंहको रूपांकन भएको पाइँदैन र त्यहाँ स्थापना गरिएको पुरानो मूर्ति चतुर्भुजी नारायणको थियो, जसको निर्माणकाल, आठौं शतीभन्दा पछिको थियो। उक्त मूर्ति पनि हराएकोले हाल नवनिर्मित मूर्ति प्राण-प्रतिष्ठा गरी स्थापना गरिएको छ।

अरू देव देवताको पीठ स्थापना गर्दा शुद्ध शिलामात्र राखेर आवाहन गरिएको देखन पाइन्छ। परन्तु विष्णु नारायणको स्थापना कि त शालिग्राम शिला कि त गोमती चक्रशिला हुनु पर्छ। त्यो नभए काष्ठ, धातु, पाषाण र मृत्तिकाकै भए पनि मूर्ति बनाएको हुनु पर्छ। यसकारण स्थापनाकालमा चार नारायण अवश्य नै मूर्ति बनेका थिए होलान्। चाँगु नारायणको स्वर्ण मूर्ति जीर्ण भएका हुँदा शक सवत् ५२६ मा तत्कालीन नेपालका राजा अंशुवर्मालि

जीर्णोद्धार गरेका थिए र त्यो मूर्तिको शिरोभाग पुनः मल्लकालमा फेरिएको थियो। देव प्रतिमाहरू टुटफुट अंग हीन भएमा पूजा नगर्नु र नयाँ निर्माण गरी प्राणप्रतिष्ठा गरेर स्थापना गर्नु भन्ने शास्त्रीय चलन भएको हुँदा अङ्गभङ्ग भएमा नयाँ मूर्ति बनाई स्थापना गरिन्थ्यो। काठ र माटाका मूर्तिहरू १२ वर्ष पुगेपछि फेर्ने वा रङ्ग रोगन गरी पुनः जीवन्यास कर्म सम्पादन गरेर स्थापना गरिन्छ। नेपाल उपत्यकाभित्र हरसिद्धि, जयवागीश्वरी, नवदुर्गा आदि ठाउँमा बाह्र वर्षमा टुटफुट भए नयाँ निर्माण गर्ने र सद्दे भएमा रङ्ग रोगन गरी पुनः स्थापना गर्ने परम्परा छ। यस्तै खड्ग जोगिनी, फर्पिङ र अन्य केही ठाउँमा काष्ठ निर्मित मूर्तिहरू १२ बर्षमा फेर्ने परम्परा छ। भारतको जगन्नाथमा पनि श्रीखण्डद्वारा निर्मित जगन्नाथको काष्ठ मूर्ति १२ वर्षमा फेरिन्छ। यस कारण हाम्रा प्राचीन नारायणका पीठहरूमा नयाँ मूर्ति हुनु आश्चर्य हुँदैन।

शिखरापुर (फर्पिङ) मा लिच्छविकालीन शिलालेख पाइएकोले प्राचीन बस्ती हो भन्ने कुरा थाहा हुन्छ[10]। मध्यकालमा सेलङ्को राजपूत वंशका शक्तिशाली सामन्तहरूले त्यहाँ शासन गरेको कुरा अभिलेखहरूबाट थाहा हुन्छ।

फर्पिङमा अति प्राचीन गोपालेश्वर शिवको मन्दिर छ जसलाई किरांतकालभन्दा अगाडिका गोपालहरूले इष्टदेवताको रूपमा नै स्थापना गरेको अनुमान हुन्छ। त्यसपछि यहाँ शिखर नारायणको स्थापना भयो। शैव र वैष्णवमा परस्पर वैमनस्य नहोस् भन्ने हेतुले प्राचीनकालदेखि नै शिव र विष्णु एकै हुन् नामको मात्रै फरक हो भन्ने कुरा संझाउन पुराण र अन्य साहित्यहरू पनि बनेको पाइन्छ। यही भावनालाई साकार रूप दिन फर्पिङमा हरिशङ्कर जात्राको परम्परा चल्यो। शुरूमा गोपालेश्र र शिखर नारायणको यस जात्रामा प्रमुखता रहे पनि फर्पिङका अन्य प्रमुख देवता कनकेश्वरी (दक्षिणकाली), झँकेश्वरी (गुह्यश्वरीको एउटा रूप) भैरवहरू, अन्य नारायणहरूको समेत समन्वय गरो यो जात्रा चलाइन्छ[11]।

उक्त जात्रामा रथारोहण गरी जात्रा गरिने शिखर नारायणको सुनौला मूर्तिले शेष नारायणको प्रतिनिधित्व गर्दछ। शेष नागका फणाँको छत्रछायाँमा नारायणको मूर्ति छ र यसलाई शेष नारायण नै भन्दछन्। परन्तु, त्यस मूर्तिको अभिलेखमा भने श्री ३ नृसिंह नारायण नै उल्लेख भएको छ। यो अभिलेख राजा जयप्रकाश मल्लको पालाको हो। यसमा परम्परागत अनुश्रुति एवं वंशावलीहरूको कथनअनुसार अभिलेख कुँदेको थाहा पाइन्छ[12]।

पहाडको तल पहराको चेपको साँगुरो ठाउँमा शिखर नारायणको स्थापना भएकोले यहाँ ठूलो मन्दिर बनाउन संभव थिएन। मन्दिरबाट सिंढी

झरेपछि एउटा पहाडबाट निस्केको पानीको स्रोत जमाएर तलाऊको रूप दिइएको छ जसलाई वंशावलीहरुमा बासुकी दहको नामकरण गरिएको छ । त्यहींका जलले नारायणको स्नान पूजा गरिन्छ र तीर्थको रूपमा त्यहाँ स्नान गर्दछन् । नेपाल उपत्यकाको तीर्थयात्रा गर्ने प्रसंग वर्णन गर्दा हिमवत्खण्डमा पनि पहिले शिखर नारायणको दर्शन गर्नु भनिएको छ ।

हिमवत्खण्ड अध्याय १०६ मा भनिएको छ तीर्थ गर्दै हिंडेका विष्णु बागमती र गोमतीको संगममा स्नान गरी पर्वत शिखर जान लागेकी कामध्येनुलाई देखे । विष्णुले पनि त्यहाँ स्नान गरी कामधेनुको पिछा गर्दा मर्कटाचल पर्वतमा दूध चुहाई आकाशमा जान लागेकी कामधेनुसंग सोधे । कामधेनुले भनिन् "हे विष्णु ! मेरो पालना गर्नोस् । दूध चुहाएको ठाउँमा खनेर हेर्नोस् दुनियाँ-लाई इच्छा माफिकको फल दिने शिवलिङ्ग र हामी दुवको मूर्ति देख्नु हुनेछ । त्यस लिङ्गको सेवा गर्दै चिताएको वर प्राप्त गरेपछि त्यसदेखि पश्चिमपट्टि तपाईंको ठाउँ हुनेछ।" विष्णुले त्यहाँ खनेर हेरे त्यहाँ तेजस्वी शिवलिङ्ग प्रकट भयो। विष्णुले विधिवत् पूजा गरे । प्रदक्षिणा र स्तुति गरे। अनि शिवलाई खुशी पार्न यज्ञ-कुण्ड बनाई हवन गरे । शिवजीलाई स्नान गराउन गंगालाई आवाहन गरे । गंगा त्यहाँ प्रकट भइन् । त्यस जलले शिवलिङ्गलाई स्नान गरी पूजा गर्दा शिवजी प्रकट हुनु भयो र विष्णुलाई भन्नु भयो "तपाईंको भक्तिले म खुशी छु, यो हामी दुईको मूर्ति तपाईंको नामले (गोपालेश्वरको नामले) प्रख्यात हुनेछ । यहाँ आएर तपाईं र मेरो जसले दर्शन गर्नेछन् तिनीहरू मेरो गणपति हुनेछन् । तपाईं यहाँ भन्दा पश्चिम रहेको ऋक्षवान पर्वतका फेदीमा बस्नु होस् ।," महादेवका आज्ञाले विष्णु शिखरिणी नदी निस्केकी छन् त्यहाँ बस्नु भयो इत्यादि[13] । हिमवत्खण्ड (स्कन्द पुराण) को यो कथाले शिव विष्णुको संयुक्त, प्रतीकको रुपमा गोपालेश्वर छन् भने, भगवान् शिखर नारायणको पनि त्यहाँ छुट्टै अस्तित्व लिएर बसेका छन् ।

नेपाल महात्म्यको बाह्रौं अध्यायमा भगवान् कृष्ण नेपाल आएर इन्द्र दमनको वध गरे पछि प्रद्युम्न र नारद सहित भएर गोपालेश्वरको स्थापना गरेको र प्रद्युम्नले शिव नारायण नामले देवता स्थापना गरेको वर्णन छ । फेरि त्यहीं नै कृष्णले गोपालेश्वर र प्रद्युम्नले नारायण मूर्ति स्थापना गरेको उल्लेख भएकोले र शिव र विष्णुको एकात्मकता स्थापना गर्ने पुराणहरूको उद्देश्य रहेको थाहा हुन्छ ।

पुराणहरूले जे भने तापनि गोपालेश्वर शिव र शिखर नारायणको स्थापना पुरातनकालमा नै भएको कुरामा सन्देह रहँदैन ।

मन्दिर र मूर्तिहरू

शिखर नारायणको हराएको मूर्ति पनि चतुर्बाहु नारायणको मूर्ति थियो र हाल पनि तदनुरूप नै स्थापना गरिएको छ। नारायणको मूर्तिका साथ लक्ष्मी, कामधेनु, गणेश आदि देवताका मूर्तिहरू पनि छन्। मन्दिरभन्दा बाहिर उत्तरपट्टि पनि लहरै अन्य मूर्ति र केही शिलापत्रहरू राखिएका छन्। तीमध्ये वामनावतारको मूर्तिले विशेष स्थान राख्दछ।

मन्दिर पहराको चेपमा प्रचलित नेपालको मण्डप शैलीमा बनेको छ। ठाउँ अनुसार बनाउनु पर्दा यहाँ २,३ तले छाना बनाउन मिल्दैन। काठ र ईंटाद्वारा बनेको यस मन्दिरको बीचमा ढोका छ। पछाडिपट्टि कडा पहरो भएकोले भित्र उज्यालो पुऱ्याउन ढोकाको अगल बगलमा पनि खुला राखिएको थियो। देवताको सुरक्षाको निम्ति त्यहाँ वरिपरि तथा अगाडि ग्रील ठोक्ने काम भएको छ। पूर्वपट्टि फर्केको यस मन्दिरको बीच-बीच पहराको आडमा नारायणको मूर्ति स्थापना गरिएको छ। उत्तरपट्टि लहरै देशवताका मूर्ति र शिलापत्रहरू पनि पहरे भित्ताकै आडमा छन। त्यसपछि उत्तर तर्फ प्राकृत गुफा छ जहाँ गोरखनाथले साधना गर्दथे। हाल त्यस गुफालाई अगल बगल गारो लगाएर कोठाको रूप दिइएको छ। यहाँ बौद्धमार्गी लामाहरूले कब्जा गरी साधना गृह बनाएका छन्। जङ्गल र बगैंचा भित्र जलस्रोत र कृत्रिम तलाऊले गर्दा यो ठाउँ अत्यन्त रमणीय छ। मन्दिरभन्दा तल बासुकीदह छ र त्यसबाट तल झरेको पानी अर्को तलाऊमा जम्मा हुन्छ। यस तलाऊ भित्र पानी माथि देखिने गरी विभिन्न देवदेवताका मूर्तिहरू स्थापित छन्। सफा जल र रङ्ग बिरङ्गका माछाहरूले तलाऊको शोभा दर्शनीय बनेको छ।

यहाँ विभिन्न समयमा श्रद्धालु व्यक्तिहरूले पूजा आजा गरी गुठी राखेका थिए भन्ने कुरा त्यहाँ भएका शिलापत्रबाट थाहा हुन्छ।

पाटनका प्रसिद्ध राजा श्रीनिवास मल्लका भगीरथ भैया नामका बुद्धिमान प्रधानमन्त्री थिए। यिनी कायस्थ कुलका हुन् र जनसेवी योग्य भएको नाताले भगीरथ भैयाको नामले प्रसिद्ध भए। यिनीले ने. सं. ७९९ (वि. सं. १७३५) कार्तिक कृष्ण नवमीका दिन शिखर नारायणलाई एउटा गरुड मूर्ति बनाई चढाएका थिए[14]।

पर्व र जात्राहरू

शिखर नारायणका पुजारी राजोपाध्याय ब्राह्मणहरू छन्। यिनीहरूद्वारा नै नारायणको दैनिक पूजा सम्पन्न हुन्छ विष्णु नारायणको पर्व दिन एकादशी

र द्वादशी हो । यसमा विशेष पूजा हुन्छ । सबैभन्दा ठूलो पर्व हरिशङ्कर जात्रा हो । यो पर्वले फर्पिङ शहरको चहल पहल बढाउँछ र यस उत्सवको लागि फर्पिङवासीहरूले भागीदार बन्नु पर्छ ।

भाद्र शुक्ल द्वादशीमा शुरू भएको हरिशङ्कर जात्रा आश्विन कृष्णको पूरै पक्ष चलेर आश्विन शुक्ल प्रतिपदाको दिन समाप्त हुन्छ[15] । काठमाडौंमा भाद्र शुक्ल द्वादशीमा इन्द्रजात्रा पर्वको लिंगो उभ्याउने काम हुन्छ र एक सप्ताहको चहल पहल पछि यो जात्रा सकिन्छ । भक्तपुर तथा पाटनमा पनि यसबेला अर्कै क्रमले इन्द्रजात्राका विशेषताहरूको पर्व हुन्छ भने फर्पिङ क्षेत्रमा दुई हप्ताको हरिशङ्कर जात्राको तुरुन्तै पछि दशैं शुरू हुन्छ ।

शेष नारायण मन्दिरको वर्तमान कालिक विवरण

१. पहराको आडमा रहेको यो मन्दिरमा जान बाटाबाट एउटा पानीको स्रोत पुलबाट पार गरी ढुङ्गाको सिंढी चढेर जानु पर्छ । मन्दिरको प्राङ्गण ठूलो छ । पश्चिम उत्तरपट्टि पहराको आडमा मूर्तिहरू र केही शिलापत्र रहेका छन् । ७ फीट ६ इञ्च अग्लो जस्ता पाताले छाएको मण्डप-शैलीको मन्दिर छ ।

२. ईंटाको गारो र काठबाट बनेको यस मन्दिरको चतुर्भुजाकार भए पनि लम्बाइ चौडाइ भने फरक छ । लम्बाइ १३ फीट ६ इञ्च छ भने चौडाइ ७ फीट ३ इञ्च छ । अर्थात् उचाइभन्दा चौडाइ तीन इञ्च कम छ ।

३ यस मन्दिरको गजूर भने ढुङ्गाको छ । एकान्त ठाउँ र जङ्गल नजिकको मन्दिर हुँदा धातुको गजूर असुरक्षित हुने डरले ढुङ्गाको राखिएको हो ।

४. हालको मूर्ति कालो पाषाणको २ फीट ३ इञ्च उचाइ भएको चतुर्बाहु नारायणको सुन्दर मूर्ति छ ।

५. अगाडि सुरक्षाको निम्ति ग्रील ठोकिएको छ ।

६. मन्दिरको पेटी दुई तह छ । पहिलो चौडाइ ४२ इञ्च र उचाइ ३० इञ्च छ । दोस्रो चौडाइ ३६ इञ्च र उचाइ ७ इञ्च छ ।

७. शिखर नारायणको जात्रा गर्दा रथमा राख्ने सुनको मोलम्वा भएको शेषनागको फणाले छाताको रूप लिएको नारायण मूर्ति बाहिर असुरक्षित हुने भएकोले पुजारीको जिम्मामा रहेको छ ।

शिखर नारायणका विशेष पर्वहरु

१. आश्विन कृष्ण चौथीको पर्व खट पूजा ।

२. ऐ. चौथीदेखि एकादशीसम्म बत्ती बाल्ने ।

३. आ. कृष्ण दशमी पूजा पर्व ।

४. ऐ. एकादशी पूजा पर्व ।

५. ऐ द्वादशी पूजा पर्व ।

६. ऐ. त्रयोदशी पूजा पर्व ।

७. ऐ. चतुर्दशी पूजा पर्व ।

८. ऐ. औंशी पूजा पर्व ।

उपर्युक्त पर्व पूजा हरिशङ्कर जात्राभित्रका प्रति वर्ष सम्पादन गरिने पूजा पर्व हुन् । भाद्र वदि ४ र १२ देखि १५ दिनसम्म नै यो जात्राको पर्व चल्दछ । अर्थात् भाद्र कृष्ण आ. कृ. द्वादशीसम्म ।

९. कार्तिक कृष्ण परेवा-सत्तल पूजा पर्व ।

१०. मार्ग कृष्ण १४ (बाला चतुर्दशी) दान दिने पर्व ।

११. मार्ग कृष्ण औंशी गोरखनाथ पूजा (यसै गुठीबाट हुने) ।

१२. फाल्गुण शुक्ल १४ (चतुर्दशी) चामुण्डा पूजा (यसै गुठीबाट) ।

१३. नारायणको विशेष पूजा, फाल्गुण शुक्ल पूर्णिमा ।

१४. वैशाख संक्रान्ति (चून पोल्ने खर्च) सांगु बनाउने खर्च । तीन, तीन वर्षमा गर्नु पर्ने ।

१५. वैशाख शुक्ल ८ (अष्टमी) मा चामुण्डा पूजा पर्व ।

१६. (धाराको कुलो मर्मत गर्ने खर्चको दरबन्दी)

खानगी

पुजारी खानगी सख्वा चामल मुरी ६।११।२

शिखर नारायण फर्पिङ साविक जग्गाको लगत

संवत् १९९५ सालमा देवानी पैल्हाको फैसला बमोजिम लगत कसिएको शेष नारायणलाई रोजिन्दा फूलमाला २ चढाउने गुठी नारायण छाप भन्ने पाखो वारी मुरी अठार पाथी पन्ध्र रोपनी ४।। चार रोपनी एघार आना— ४– ११–

छाप वारी पाखो पाटी मर्मत गर्ने जगेडा गुठी छ मुरीको रोपनी— १-८-

ने. सं. ८२६ (वि. सं. १७६५) को तामापत्र बमोजिम र १९०६ साल, १९४२ साल तथा १९८२ सालको लगत बमोजिम १९९७ सालमा लगत खडा भएको जम्मा जग्गा रोपनी तेत्तीस एक आना एक पैसा एक दाम- ३३-१-१-१

२६-०१-१

जग्गाको आम्दानी १९९७ सालको लगत बमोजिम जिन्सी नगदी

असामी- धान- फ. चा.- गहुँ- नगदी

३०।१२।२।८ - १२। ।१ - ।२।२ - ५।३२।१

पाखो वारी तोरीको तेल आउने जम्मा रोपनी २१-१२- ऐ. को आउने तेल कुरूवा २१। । । को पाथी पाँच माना तीन र पाँच मुठी- -।५।३।५।

जम्मा जग्गा रोपनी साठी रोपनी वाह्र आना एक पैसा एक दाम-

६०-१२-१-१

तामापत्र बमोजिमको जग्गामध्ये बेपत्ता भएको खोजी लगत कस्नु पर्ने जग्गा बीस रोपनी- २०-०-०

तामापत्रमा नभएको १९०६ सालमा लगत कसिएको जम्मा जग्गा चार रोपनी आठ आना- ४-८-०

८५-०-१-१

खर्चको तेरिज

खर्च हुने:-

म. चामल मुरी- ६।५।६।४

धान मुरी- १६।१८।७।६

तेल- ।५।२।६।।

बाँकी- -

स. चामल मुरी- २।१४।२।६

धान मुरी- १०।१३।२।६

गहुँ- ।२।२

तेल- ।.।.।८।।.

नगदी- ५।३२।१.

बाँकी जिन्सीको बजार भाउले हुने नगदी–

स. चामल २।१४।२।६ के मोरु. १ को ।३ (तीन पाथीले) जम्मा–	१८।१०।३
धान १०।१३।२।६ के मोरु. १। को पाथी ।५ ले जम्मा–	४२।६७ १
गहुँ ।२।२ के रु. १। को ।४। १ ले मोरु.–	।७२
तेल ।।।८।। (साढे आठ मुठी के कुरुवा १ को साठी पैसाका दरले	।२५।१

शिखर नारायणका पर्व पूजा र नित्यपूजा समेतको खर्चको हिसाब गरी १६६७ सालमा उपर्युक्त दरबन्दी कायम भएको छ।

पूजापर्व चलाई बचत हुन आएको रकम पनि पुजारीले खान पाउने तामापत्रको दरबन्दी भएको र त्यसलाई समर्थन गर्ने १६४२ सालमा सनद भएको देखिनाले १।– रु. को शेष कसर वापत गुठी अड्डामा बुझाई पुजारीले चलाउने छूट गुठी भएको प्रमाणबाट देखिन्छ।

पाद टिप्पणी

१) तत्रान्तरे भङ्गारेश्वरी भटारिका वने विहरति गोपालो वभूवः। ततः पश्चात माला खातः गोग्रामस्या आगमेन, नेप नाम गोलकस्य। वहुल्ली नाम कपिलो गावी गोपाल वंशावली पृ. १७ क। ......तदनु गोपाल राजा निर्जित्य महिष पाल नाम् यथाक्रमेनः राज्य पदम्भुंजीतः।। ऐ. ऐ. पृ. १७ ख।

२) ली नेपाल, भाग २, पृ. ४८ तथा क्रोनोलजी डा. काशीप्रसाद जायसवाल, पृ. १०५–१०६।

३) अथ सूर्यवंश प्रभावात् नेपाले किरात राजा निर्जित्य लिच्छवी वंस्स प्रवतते। तस्य पुत्र श्रीणिमित्यकाल वर्ष ५० गोपाल वंशावली, पृ. १६ ख।

४) ... सतेत्रय महिषपाल राजा। तत पश्चात गोपाल महिषपाल निर्जित्य किरात राजा प्रवर्ततः। गोपाल वंशावली, पृ. १७ ख।

५) मूल सर्वास्तिवाद विनय, टोकियो एडिसन उद्धरण नेपालको ऐतिहासिक रूपरेखा, पृ. ७१।

६) प्राचीन भारतका इतिहास, विद्यालङ्कार, डा. मनराल र रमेशचन्द्र मजुमदारहरू।

७) अस्माभिर्भवत्सहायादि कर्म पुरितुष्टैः शत द्वायन्नुपुत्रे भगवन्नारायण स्वामिनो भवद्भिरेव कारण पूजादि प्रवर्तनार्थम्प्रपादित- दश शतानि

–केवलपुरको अभिलेखको १४, १५, १६ पंक्ति, लिच्छविकालका अभिलेख पृ. ४१४, धनवज्र ।

श्र हरिदत्त भूपति कुन्नारायण...– लिच्छविकालका अभिलेख, पृ. ४१७ को उद्धरण ।

८) फेरि नैऋत्य भागमा श्री नृसिंह नारायण शिखरी लक्ष्मी सहित विराजभयाका कन पूजामान गरी देवालय बनाई प्रख्यात गराया। भाद्र शुक्ल १४ का दिनमा नरकतीर्थमा स्नान दान गराया। यस स्थानलाई फर्पिङ भन्दछन् । यति चार नारायणकन हरिदत्त वर्मा राजाबाट स्थान स्थानमा जाइ शास्त्र विचार गरी ईश्वरकन प्रख्यात गरी स्वयम्भू ठहराई भक्तिभाव गऱ्या ।

भाषा वंशावली, भाग १, पृ ५५, सं नयननाथ ।

९) .....दक्षिणभागको फर्पिङ शिखरमा लक्ष्मी सहित नृसिंह नारायणको उही रीतले देवालय बनाई पूजा गरी प्रति वर्ष भाद्र शुक्ल चतुर्दशीका दिन त्यहाँको चक्रतीर्थमा स्नान गर्ने मेला चलाए। नेपाल देशको इतिहास

–प्राचीन नेपाल, सं. १३, पृ. १३, पुरातत्व विभाग ।

१०) फर्पिङको गणदेवका पालाको अभिलेख– लिच्छविकालका अभिलेख, पृ. १८२, सं. ४२, धनवज्र । अंशुवर्माको अभिलेख, ऐ. ऐ. १६८, सं. ८८, धनवज्र ।

नेपाली संकृति/६

११) हरिशंकर जात्राबारे, प्रज्ञा त्रैमासिक पत्रिका, अङ्क ६३, पृ. १ देखि हेर्नोस ।

१२) स्वस्ति । सम्वत् ८७४ भाद्रपद कृष्ण दशमी प्र. एकादशी बृहस्पतिबार थ्व कुन्हु श्री ३ नरसिंह भट्टारक प्रीतिन श्री श्री जय राजा प्रकाश मल्ल ...हँसी दुता जुलो ।।शुभम्।। शेष नारायण नाग फँणाको अभिलेख (फर्पिङ)

१३) परिभ्रम्य रसा सार्वामत्वैव भगवन् विभूः गोपीदीच नदी पुण्या वाग्मती सुर पूजिता । तयोश्व संगमे पुण्ये गोपाल तीर्थ मुत्तमम् ।।११।। तत्र

ददर्श विष्णु स्तां काम धेनु सुरार्च्चिताम्...इत स्तत स्तदा भूमौ स्त्रवन्तीं क्षीर मादरात् ।...भाद्र कृष्ण चतुर्दश्यां प्रस्तव्य क्षीर मत्रसा ।। रदर्श चागतं विष्णु स्नात्वा च त्यदितं तदा १५।...मां गां पालय भो विष्णो सिद्ध कामो भविष्यति तत्रैव दृश्यतां लिङ्ग मूर्ति चैवाक्यो शिवं। खनित्वाच मृदं विष्णो लोकेसित फलप्रदं। प्रतीच्या समन स्थानं तवतत्र भविष्यति २०।। गोपालेश्वर उवाच। तुष्टोऽहं ते हरे भक्ताय यतज्जले विशेषतः। ...गच्छ गोपाल मद वाक्या प्रतिच्यां चैव दिश्यतः। ऋक्षवत पर्वताधस्त्वं तत्रतिष्ट हरे। चिरम्।३५ हिमवत्खण्ड, अ. १०६, ग्रन्थ माला प्र. /

१४) हरिशङ्कर जात्रा- ले. मुलचन्द्र कोइराला- प्रज्ञात्रैमासिक, अङ्क ६३, पृ. १-१२

१५) परिशिष्ट २ को अभिलेख /

१६) यी भगीरथ भैया कायस्थ परिवारका प्रसिद्ध मन्त्री थिए /

परिशीष्ट नं १

फरपिङ शिखर नारायणको भगीरथ भैयाको
कोछुटोलको धाराको अभिलेख,

१, स्वस्ति।। श्रेयोऽस्तु सम्वत् ७६७ चेत्र मासे।। श्री श्रीज
२, य श्री निवास मल्लदेव प्रभु ठाकुलस, मन्त्री भगीर
३, थ भैया न थम चिता यास्यं फणपीं देशया ध्वाका
४, दक्यं ह्लोङा धरिपोलन इ षा मदु ध्वाका नथि
५, लस लोह वनचिङा श्री शिखर नारायणया
६, लोह ध्वाका दयका हन हिति ह्लोङा जुरो।। ध्व
७, हितियात थवने चोंगुलि हितिने गुलिनं स्ववो
८, स छिवो छिवो लाख वोति वियमाल जुरो को
९, छु को त्वार मदयक भ्रावगाहा ङोले मदो जु
१०, रो।। धर छार वनेमाल काले देश समोहन
११, वनेमार जुरो लस ध्वाकास दय दसं निदा

१२; न याय माल थ्वगुलि स साहान छोय मदो
१३, सिसाले मदो जुरो ।। थ्वते भाषा सुनान जुरस
१४, नों थ्व चोस्यं तयाथ्य यायमार चोस्य तयाथ्य
१५, मया तसा श्री श्री ठाकुलस गुणाहगार ला
१६, क जुरो ।। थ्वज्यास चितायाक यँलया नरहरि
१७, मारो मानसिं मारो हाकुदेव भारो न्हवन
१८, भारो तुलसी राम भारो ग्वविन्द भारो वि
१९, श्वसिंह भारो विश्वहरि सुज्ज थ्वते जुरो शु
२०, भ ।।

(मेडिया भल नेपाल भाग ४ पृ. १७२, डा रेग्मी)

परिशिष्ट नं. २

पाटनका मंत्री भगीरथ भैयाले श्री शिखर नारायणलाई गरुड बनाई चढाउँदाको अभिलेख

१, स्वस्ति ।। श्रेयोऽस्तु ।। सम्वत् ७९९ कार्तिक कृष्ण नवमी मघानक्षत्र ब्रह्मयोग सो.
२, मवार थ्व कुन्हु श्री मणिग्लाधिपति महाराजा धिराज श्री श्री जय श्री नि
३, वासमल्ल देव ठाकुलस मन्त्री भागीरथ भैयान श्री मत् शिखनाराय
४, ण प्रीतिन थ्व गरुड स्थापना याङ्न दुन्ता जुरो ।। थ्व गरुड सुनान जुद्धनो
५, इचेल थिचेल याङ सन्ने भदो जुरो ।। सुनान इचेल थिचेल याङ सन्नि
६, स पंच महा पातक लाक जुरो // थ्वया चिन्तायाक प-खाल षुतव
७, दुछे अमाते नरहरि भारो जुरो // शुभमस्तु सर्वदा //

अनुवाद

कल्याण होस / ने. सं ७९९ (वि. सं. १७३५) कार्तिक कृष्ण नवमी सोमबार मघा नक्षत्र ब्रह्मयोग यस दिन श्री माणिग्लका अधिपति महाराजा धिराज श्री श्री निवास मल्लदेव ठाकुरका मंत्री भागिरथ भैयाले श्री ३ शिखर नारायण प्रसन्न पार्न यी गरुडको स्थापना गरिएको हो / कसैले गरुडलाई थिचोमिचो गर्नु हुन्न कसैले थिचो मिचो गरे भने पञ्च महापातक लागोस /

नोट- यी भगीरथ भैया कायस्थ परिवारका प्रसिद्ध मंत्री थिए /

यस कुरालाई हेरचाह गर्नै यखालंखु तव दुछेका अमात्य नरहरि भारो || सँधै शुभ होस ||

परिशिष्ट नं. ३

श्री शिखर नारायण फर्पिङ्का मन्दिरमा
रहेको पाटनका राजा श्री राज्य प्रकाश मल्लको
नित्य पूजाको लागि जगा गुठी राखेको अभिलेख |

१, स्वस्ति || श्री शिखर नारायणाय नमः || श्रुति युद्धरते जगती सवते धरणीधर
२, ते रमणीय गते दितिज क्षपम तनुते ननुते खल वाहु जनाशकृत... ते | द
३, श मौलिक खण्डन मावरते वलदेव मुदा करुणामयतेति बितण्डमतं मथते
४, भवत नरसिंह देया नद तस्तु नमः || प्रणमज्जन गंगल दायकता भुवने सपने
५, हिब्रने वितता भवता नरसिंह नृकेशरिता दुरित भव पापचये निरता | हरितो
६, हरितो भवता भवता नुसरन्ति जनादिति जावनता...
७, भयते... यतो सुखै भुजो बनिताः || विधु मुनि वतु सखेऽदे हि नैपाल
८, ... सुर गुरुयुत पूर्व्वाषाढ क... ...
९, प्रीतियोगे व्यतरन व्यनिपाशः श्रीनृसिंह प्रसादे || श्री मद्‌भूप जगज्जयात्म जः
१०, निभा ग्वीरः सतामणी धीर श्री वसुधाधिपते कुमुदिनी यस्य प्रसूद्धर्मधीः
११, श्रीमच्छ्री करुणामयस्य करुणा पात्र सदा भक्ति मान् शास्ती सील्लालितायु
१२; रांवनि म... राज्य प्रकाशोमुदा || श्री श्री शिखर नारायण प्रमुदचामृत वै
१३, व | पुरय ममतु मनोरथ शरणं त्वमसि मुदैक || ॐ अद्य श्वेत वराह
१४, कल्ये त्यादि || श्रेयोऽस्तु || सम्वत्सरे ८७१ श्रावम मासे शुक्लपक्षे || त्र
१५, योदश्यां तिथौ || पूर्व्वा षाढा नक्षत्रे प्रीतियोगे || वृहस्पति वासरे || थ्व
१६, कुन्हु श्री माणीग्लाधि पति महाराजाधिराज श्री श्री जय राज्य प्रका-
१७, शमल्लदेव सन श्री ३ शिख नारायण प्रीतिन त्तरहरिपुर नाम छे द-

१८, यकं नित्य पूजा यात, सेह्लोयात वुदुन्ताया भाषा थ्वते // भाषा
१९, न्हु घादोल वाटिका कर्ष शतछि १०० थ्वते वुया वर्ष प्रति बत्सनन
२०, के ग्वड चेक खान धूप, दीप, नैवेद्य, निश्लाव यात बजिकुडनसि २
२१, धेर... मधितानसि २ थ्वते दयकं, श्री ३ शिख नारायणास्के नित्य पूजा
२२, याय माल जुलो // भूयः वालतोयुव चागाल बाटिक कर्षङ
२३, ५० थ्वतेवुया वर्ष प्रति वरसानन नरहरिप्ररछे यात सेल्होया
२४' त दि जुरो // थ्वतेया साक्षी द्विजवर श्री नीलकण्ठा नन्दोपाध्या शर्मा
२५, शुभ //

(मेडि भल नेपाल भाग ४ को पृ. ३०१ मा यो प्रकाशित छ)

समाप्त

Acc. 29586
21967

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

कुलचन्द्र कोइराला : संक्षिप्त परिचय

जन्म : वि. सं. १९८५, जेष्ठ ९ गते

स्वर्गारोहण : २०५०, जेठ १४ गत

कुलचन्द्र कोइराला साहित्य र संस्कृतिका विशिष्ट अध्येताका साथै उहाँ यी दुवै क्षेत्रमा समान प्रतिस्पर्धामा कलम चलाउनुहुन्थ्यो। कथा, कविता, लेख, निबन्ध आदि साहित्यका विविध विधामा बाँचुन्जेल उहाँ निरन्तर सिर्जनारत रहनुभयो । यसरी नै संस्कृतिका फाँटमा जीवनको अन्तिम अवस्थासम्म साधनारत रहनुभयो । संस्कृति एवं साहित्यिक विषयमा लेखिएका उहाँका थुप्रै कृतिहरू अझै अप्रकाशित छन् ।

साहित्य संस्कृतिको अध्ययन लेखनसँगै उहाँ राजनैतिक क्षेत्र र समाजसेवामा पनि उत्तिकै सम्बद्ध हुनुहुन्थ्यो। "पूर्व २ नं. को क्रान्तिको इतिहास" ले यस सन्दर्भमा स्पष्ट पार्छ।

बहुमुखी प्रतिभासम्पन्न स्वर्गीय कोइरालाको व्यक्तित्व र कृतित्व नेपाली साहित्य र संस्कृतिका क्षेत्रमा सधैं स्मरणीय छ। प्रखर लेखनशक्ति गहनभन्दा गहन विषयवस्तुमा पनि सरल, सहज र त्यतिकै आकर्षक प्रस्तुति-उहाँको लेखन सिर्जनाको विशेषता हो। हरेक सांस्कृतिक लेखहरूमा पाइने मौलिक चिन्तन उहाँको महत्वपूर्ण पक्ष हो ।

लेखन सिर्जनासँग उहाँ धेरै पहिलेदेखि संलग्न रहे पनि उहाँका कृतिहरूले प्रकाशनको अवसर भने पछिल्लो जीवनमा मात्र पाए। यसले गर्दा उहाँ आफ्ना समकालीनहरूभन्दा अलिकति ओझेलमा परेको सत्य भने हामी नकार्न सक्तैनौं। उहाँका कृतिहरू :

प्रकाशित :

संस्कृति र इतिहासतर्फ

१. इन्द्रजात्रा
२. नेपालको सांस्कृतिक परम्परा र राजमुकुट
३. पूर्व २ नं को क्रान्तिको इतिहास
४. कोइरालाहरू कहाँबाट आए ?
५. वैष्णव-सम्प्रदाय र नारायण मन्दिर- प्रस्तुत

साहित्यतर्फ

१. मेघदूत (तत्सम छायानुवाद)
२. भृकुटी (खण्ड-काव्य)
३. एक पैसा (कथा-संग्रह)
४. बाजे पुराण (हास्यव्यंग्य निबन्ध)
५. कुलचन्द्र कोइरालाका कविताहरू
६. यात्रा लामाबगरको (यात्रा-निबन्ध)
७. नबिर्सने क्षणहरू (संस्मरण-संग्रह)

प्रकाशोन्मुख

१. नेपालका आराध्यदेव पशुपतिनाथ- प्रेसमा
२. शाक्त सम्प्रदाय र शाक्तपीठ (आदि)

कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान २०५०

बानेश्वर, काठमाडौं